सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ कात्तिक २०८१, शुक्रबार (18 Oct 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १८४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अबौँ बक्यौता नतिर्ने उद्योगको लाइन काट्ने दिन नजिकिँदै गर्दा कुलमानलाई नै हटाउने प्रपञ्च

१८ घण्टासम्मको लोडसेडिङ अन्त्य गरे। ३४ अर्ब ६१ करोड सञ्चित नोक्सानीमा रहेको प्राधिकरणलाई ४७ अर्ब ४१ करोड सञ्चित नाफामा ल्याए। अबौँ बक्यौता उठाउन पहल गरे। तर, शासकलाई यही मन परेन।



● **कपिल आचार्य**,
सञ्चालक समिति सदस्य, प्राधिकरण

केही दिनअघि मन्त्रालयले प्राधिकरणसँग १५ विषयको चार-पाँच वर्षकै विवरण मागेको छ। त्यसमा अधिकांश विषय मन्त्रालयलाई नियमित रूपमै जानकारी गराइएको हुन्छ। तर, कतिपय माग्नै नपर्ने विषयको पनि विवरण मागिएको छ। त्यस्ता विषय मागेर नेतृत्वलाई 'डिमोरलाइज' गर्न खोजेको देखिन्छ। त्यसभित्रका केही विषयमा टेकेर सरकारले प्राधिकरण वा नेतृत्वमाथि कुनै निश्चित कदम उठाउन सक्ने देखिन्छ।



● **विमल वाग्ले**, पूर्वसचिव एवं तत्कालीन सार्वजनिक संस्थान निर्देशन बोर्डका अध्यक्ष

प्राधिकरण र सरकारका नेतृत्वकर्ताबिच फरक मत हुन सक्छ। व्यक्तिगत रिस पनि हुन सक्छ। तर, त्यस बहानामा संस्था बिगार्ने काम गर्न हुँदैन। व्यक्तिगत लडाइँ हो भने बाहिरै हुनुपर्छ, संस्थाभित्र संस्थागत रूपमा काम गर्नुपर्छ। प्राधिकरण सरकारको एकलौटी संस्थान हो। अन्य संस्थानको तुलनामा प्राधिकरणको कार्यसम्पादन पनि राम्रो छ। यस्तो संस्थानलाई अझ राम्रोसँग अघि बढाउन सरकार नै बढी जिम्मेवार हुनुपर्छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले ६ साउनमा दिएको अल्टिमेटमअनुसार ८ कात्तिकसम्म पनि डेडिकेटेड फिडर र ट्रंकलाइनको प्रिमियम महसुलको बक्यौता नतिर्ने उद्योगको लाइन काट्ने सूचना जारी गरिसकेको छ। तर, उद्योगीको पक्षमा उभिँदै आएको सरकार ८ कात्तिकअघि नै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउन बाध्य पार्ने वा हटाउने प्रपञ्चमा लागेको छ।

आठ वर्ष अघिसम्म नागरिकले दैनिक १८ घण्टासम्म खेपिरहेको लोडसेडिङ कुलमानकै नेतृत्वमा २५ कात्तिक ०७३ (तिहारको

» पृष्ठ २ मा क्रमशः

■ बाढीपहिरोले ऊर्जा क्षेत्र क्षतिग्रस्त, निर्णय लिनुपर्ने सञ्चालक समितिको बैठकै बसेन, सरकार भने कुलमानतिर



बाढीले क्षतिग्रस्त माथिल्लो तामाकोशी बाँधस्थल क्षेत्र

सञ्चालनमा रहेकामध्ये सबैभन्दा ठुलो परियोजना ४५६ मेगावाटको माथिल्लो तामकोशी असोज दोस्रो साताको बाढीपहिरोले बन्द छ। यसबाट दैनिक चार करोड आम्दानी गुमेको छ। भारततर्फ गरिने निर्यात बन्द भएको छ। हिउँदमा परियोजना सञ्चालनमा ल्याउन नसके भारतबाट आयात बढाउनुपर्ने हुन्छ भने गार्हस्थ्य ग्राहकमै लोडसेडिङको समेत जोखिम हुनेछ। तर, यो गम्भीर अवस्थालाई पनि सरकारले पूरै बेवास्ता गरेको छ। कुलमान १५ असोजमै यो परियोजनास्थलमा पुगेका थिए। त्यस्तै, काबेली करिडोरको १३२ केभी ५०, ५१ र ५२ नम्बरको टावर बाढीले बगाएको छ। करिडोरमा रहेका २०० मेगावाट हाराहारीका परियोजना बन्द छन्। खिम्ती-लामोसाँघु प्रसारणलाइनको पनि दुई नम्बर टावर तामाकोशीको बाढीले बगाएको छ। अहिले प्रणालीबाट ६०० मेगावाट विद्युत् 'आउट' भएको छ। विद्युत् निर्यात कटौती गरिएको छ। पछिल्लो विपत्मा प्राधिकरणलाई मात्रै झन्डै साढे चार अर्बको नोक्सान भएको प्रारम्भिक अनुमान छ। क्षतिग्रस्त परियोजनाको पुनर्निर्माण गर्न सञ्चालक समितिबाटै नीतिगत निर्णय गर्नुपर्छ। आपत्कालीन टेन्डरका लागि बोर्डबाटै निर्णय गर्नुपर्छ। तर, यस्तो वेला पनि ऊर्जामन्त्री दीपक खड्काकै समन्वयको अभावमा प्राधिकरण सञ्चालक समितिको बैठक बस्न सकेको छैन।

प्राधिकरणमा कुलमानले के-के गरे ?



- ३४ अर्ब ६१ करोड सञ्चित नोक्सानीमा रहेको प्राधिकरणलाई ४७ अर्ब ४१ करोड सञ्चित नाफामा पुऱ्याए
- नागरिकले १८ घण्टासम्म खेपिरहेको लोडसेडिङ अन्त्य गरे
- व्यावसायिक विद्युत् निर्यात सुरु गरे
- बंगलादेशमा ४० मेगावाट बिक्री गर्ने ऐतिहासिक सम्झौता गरे
- विद्युत्को पहुँच ५८ बाट ९९% पुऱ्याए
- आठ वर्षमा आधा चुहावट घटाए, प्रतिवर्ष १२ अर्ब थप आम्दानी गराए
- काठमाडौंमा भूमिगत वितरण लाइन, डाटा सेन्टर सञ्चालनमा ल्याए
- तीन रुण आयोजना बनाए
- वार्षिक एक खर्बभन्दा बढी आम्दानी
- प्रसारणलाइन निर्माणमा पनि फड्को
- ४५६ मेगावाटको माथिल्लो तामाकोशी सञ्चालनमा
- कार्यसम्पादनमा ९९ प्रतिशत अंक

■ देशका अधिकांश संस्थान सधैँ घाटामा र भद्रगोल छन्, तिनको नेतृत्वलाई न स्पष्टीकरण सोधिन्छ, न सुधारको पहल गरिन्छ

● **दुग्ध विकास संस्थान**

दुई अर्ब १८ करोडको सम्पत्ति रहेको डिडिसीको सञ्चित नोक्सानी र ऋणको दायित्व भने दुई अर्ब ५५ करोड छ। किसानलाई दुधको ८० करोड तिर्न बाँकी छ। तर, सरकारले न सुधारमा चासो दिएको छ, न नेतृत्वलाई स्पष्टीकरण सोधेको छ।

● **उदयपुर सिमेन्ट**

उधारो धेरै हुँदा नयाँ कोइला खरिद गर्न नसकेर उदयपुर सिमेन्ट उद्योग लामो समयदेखि ठप्प छ। चालू आवमा नौ दिन उद्योग चलेको रेकर्डमा उल्लेख भए पनि उत्पादन छैन। दैनिक आठ सय टन उत्पादन क्षमताको उद्योगमा सरकारले डेढ वर्षदेखि महाप्रबन्धकसमेत नियुक्त गर्न सकेको छैन।

● **हेटौँडा सिमेन्ट**

हेटौँडा सिमेन्ट पछिल्ला पाँच वर्षदेखि कहिलेकाहीं मात्रै चल्ने र अधिकांश समय बन्द हुने गरेको छ। ८ असोजबाट पूर्ण रूपमा बन्द छ। ०७५/७६ देखि नियमित घाटा व्यहोरिरहेको उद्योग सुधारमा सरकारको चासो नै छैन।

● **कृषि सामग्री कम्पनी लि.**

कम्पनीले किसानको आवश्यकता अनुसार रासायनिक मल कहिल्यै आपूर्ति गर्न सक्दैन। त्यसको सुधारका लागि सरकारसँग कुनै योजना छैन।

● **नेपाल वायुसेवा निगम**

राष्ट्रिय ध्वजावाहक नेवानि ऋणले थिलथिलो छ। चारवटा जहाज खरिद गर्न लिएको ३४ अर्ब ऋणको दायित्व बढेर ०८१ असारसम्म ४८ अर्ब २७ करोड पुगेको छ। जहाज पनि अधिकांश समय ग्राउन्डेड हुन्छन्। यसको सुधारमा सरकारलाई वास्ता छैन।

● **रेल्वे कम्पनी**

०२६ मा स्थापित रेल्वे कम्पनी बन्द हुने र खुल्ने क्रम जारी छ। ०७९/८० सम्ममा पाँच अर्ब ५९ करोड सञ्चित नोक्सानी छ। सरकारमा रहने दलले सधैँ भर्ती केन्द्र बनाउँछन्, सुधार गर्दैनन्।

● **नेपाल औषधि लि.**

१२० प्रकारका उत्पादन क्षमता रहेको लिमिटेडले १४ प्रकारका औषधि मात्रै उत्पादन गर्दै छ। ०७९/८० मा आम्दानीभन्दा तीन गुणा बढी खर्च गऱ्यो। सञ्चित नोक्सानी पनि दुई अर्ब १३ करोड नाघेको छ। तर, सरकारलाई सुधारको वास्ता छैन।

● **जडीबुटी कम्पनी**

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड ०७७/७८ सम्म ३१ करोड ५८ लाख सञ्चित नाफामा थियो। तर, ०७८/७९ देखि नोक्सानी सुरु भएको छ। त्यसको व्यवस्थापन सुधार्न चासो छैन।

बाढीपहिरोको २० दिनपछि बल्ल राहतका लागि विपत् व्यवस्थापन परिषद्मा सिफारिस

प्रधानमन्त्रीको अध्यक्षतामा आज बस्ने विपत् जोखिम व्यवस्थापन परिषद्बाट विपत् संकटग्रस्त २० जिल्लाका ७१ पालिकालाई ४३ करोड राहतको निर्णय गर्ने तयारी

■ कुन पालिकालाई कति राहत सिफारिस ?

अति प्रभावित ┣ १ करोड

१. रोशी गापा, काभ्रे
२. तेमाल गापा, काभ्रे
३. पनौती नपा, काभ्रे
४. नमोबुद्ध नपा, काभ्रे
५. बेथानचोक गापा, काभ्रे
६. महाँकाल गापा, ललितपुर
७. कोन्ज्योसोम गापा, ललितपुर
८. गोदावरी नपा, ललितपुर
९. बागमती गापा, ललितपुर

मध्यम प्रभावित ┣ ७५ लाख

१. फिदिम नपा, पाँचथर
२. धुनीबेँसी नपा, धादिङ,
३. मण्डनदेउपुर नपा, काभ्रे
४. भुम्लु गापा, काभ्रे
५. चौँरीदेउराली गापा, काभ्रे
६. खानीखोला गापा, काभ्रे
७. महाभारत गापा, काभ्रे
८. भोटेकोशी गापा, सिन्धुपाल्चोक
९. गोलन्जोर गापा, सिन्धुली
१०. सुनकोशी गापा, सिन्धुली
११. बेलका नपा, उदयपुर
१२. इन्द्रसरोवर गापा, मकवानपुर

प्रभावित ┣ ५० लाख

संकटग्रस्त घोषित ७१ मध्ये बाँकी ५० पालिकालाई ५० लाखका दरले राहत दिइने
(सूची पृष्ठ २)

विपत्मा ज्यान गुमाएकाका परिवारलाई निःशुल्क स्वास्थ्य बिमाका लागि सिफारिस

विपत् व्यवस्थापन कार्यकारी समितिको बैठकले यो वर्ष मनसुनको अवधिमा बाढीपहिरोसहित विपत्मा ज्यान गुमाएकाका परिवारलाई निःशुल्क स्वास्थ्य बिमा उपलब्ध गराउन सिफारिस गरेको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



सिंहदरबारमा गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बिहीबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २७औँ बैठक



● **वसन्त अधिकारी**, सहसचिव, विपत् व्यवस्थापन प्राधिकरण

सरकारबाट बाढीपहिरोपीडितलाई उपलब्ध हुने रकम प्रारम्भिक राहत हो। यो रकम पीडितको आधारभूत आवश्यकता पूरा गर्न खर्च हुनेछ। त्यसबाहेक अन्य कार्यमा पनि खर्च गरिनेछ।

टेकराज थामी/नयाँ पत्रिका

सरकारले बाढीपहिरोको २० दिनपछि प्रभावित स्थानीय तहलाई राहत दिन प्रक्रिया अगाडि बढाएको छ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २७औँ बैठकले विपत् संकटग्रस्त घोषित २० जिल्लाका ७१ पालिकालाई ५० लाखदेखि एक करोडसम्म राहत रकम उपलब्ध गराउन विपत् जोखिम राष्ट्रिय परिषद्मा सिफारिस गर्ने निर्णय गरेको हो। कार्यकारी समितिको निर्णय आज शुक्रबार प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बस्ने राष्ट्रिय परिषद्मा पेस हुनेछ। राष्ट्रिय परिषद्को निर्णयपछि प्राधिकरणमार्फत पालिकालाई रकम निकासा हुनेछ।

पुनर्निर्माण अनुदान कार्यविधि मन्त्रिपरिषद्मा अड्कियो

भूकम्प र बाढीपहिरोपीडितका आवास पुनर्निर्माणमा अनुदान समान बनाउन अर्थ मन्त्रालयले दिएन स्वीकृति
(समाचार पृष्ठ ३)

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव वसन्त अधिकारीका अनुसार सरकारले यसअघि घोषणा गरेका विपत् संकटग्रस्त ७१ मध्ये नौ पालिकाले एक करोड, १२ ले ७५ लाख र ५० ले ५० लाखका दरले राहत पाउनेछन्। संघ सरकारको विपत् व्यवस्थापन कोषबाट निकासा हुने यो रकमै जिल्ला विपत् व्यवस्थापन समितिमार्फत स्थानीय तहमा जानेछ। 'सरकारबाट उपलब्ध हुने रकम प्रारम्भिक राहत हो। यो रकम पीडितको आधारभूत आवश्यकता पूरा गर्न खर्च हुनेछ। त्यसबाहेक अन्य कार्यमा पनि खर्च गरिनेछ,' अधिकारीले भने।

बाढीपहिरोमा आवास गुमाएका परिवारलाई अस्थायी आवास निर्माण गर्न पनि यो रकम खर्च सकिने प्राधिकरणले जनाएको छ। सरकारले

» पृष्ठ २ मा क्रमशः

'प्रभाव'मा परेर गौशाला धर्मशाला खाली गराउनबाट पछि हटे पर्यटनमन्त्री पाण्डे

नयाँ पत्रिका

सम्भावना बोकेको भनिएका पर्यटनमन्त्री बद्री पाण्डे 'प्रभाव'मा परेका छन्। आफ्नै अध्यक्षतामा बसेको पशुपति क्षेत्र विकास कोषले गरेको गौशालास्थित धर्मशाला काठमाडौं महानगरपालिकालाई सञ्चालन गर्न दिने निर्णयबाट उनी दुई साता नबित्दै पछि हटेका छन्। उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न भन्दै मन्त्री पाण्डेले बिहीबार कोषलाई पत्राचार गरेका छन्।



बद्री पाण्डे, पर्यटनमन्त्री

मारवाडी सेवा समितिको प्रभाव र राजनीतिक दबाबमा मन्त्री पाण्डेले यस्तो निर्देशन दिएको स्रोतको भनाइ छ। गत २० असोजमा उनकै अध्यक्षतामा बसेको कोषको बैठकले मारवाडी सेवा समितिसँगको लिज सम्झौता रद्द गरी महानगरपालिकालाई सञ्चालन गर्न दिने निर्णय गरेको थियो। त्यसको दुई दिनपछि महानगरपालिकासँग समझदारी भएको थियो।

तर, सरकारले नै असहयोग गरेपछि महानगरपालिकाले धर्मशाला र गौशाला खाली गराउन सकेको छैन। सरकारले प्रहरी खटाएर धर्मशाला खाली गराउनबाट

» पृष्ठ २ मा क्रमशः

निर्णय तत्काल कार्यान्वयन नगर्न भन्दै मन्त्री पाण्डेले गरे कोषलाई पत्राचार



गत २० असोजमा पर्यटनमन्त्री बद्री पाण्डेकै अध्यक्षतामा बसेको पशुपति क्षेत्र विकास कोषको बैठकले मारवाडी सेवा समितिसँगको लिज सम्झौता रद्द गरी महानगरपालिकालाई सञ्चालन गर्न दिने निर्णय गरेको थियो। उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न भन्दै मन्त्री पाण्डेले बिहीबार कोषलाई पत्राचार गरेका छन्। मन्त्री पाण्डेले महानगरसँगको समझदारी तत्काल कार्यान्वयन नगर्न पत्राचार गर्दै आगामी आइतबार कोषको सञ्चालक समिति बैठक बोलाएका छन्। पर्यटन मन्त्रालयबाट 'तत्काल कार्यान्वयन नगराउनू' भनेर पत्र आएपछि त्यसबारे महानगरपालिकालाई समेत कोषले जानकारी गराएको छ। उनले शान्तिसुरक्षाको कारण देखाएर पत्राचार गरे पनि मारवाडी सेवा समितिको प्रभावमा परेर निर्णय कार्यान्वयन गर्नबाट पछि हटेको स्रोतको भनाइ छ।

स्वास्थ्य बिमामा खेलाँची किन ?



अग्रलेख

● प्रेमराज सिलवाल

विश्वका सबैजसो मुलुकमा स्वास्थ्य सेवालाई अत्यन्त संवेदनशील मानिने गरिन्छ, तर नेपालमा खेलाँची गर्ने गरिन्छ
(लेख पृष्ठ ४)

हमास नेता सिनवार मारिएको इजरायलले गऱ्यो पुष्टि



सिनवारलाई पक्रन इजरायलले ठुलो गुप्तचर स्रोत खर्च गरे पनि अन्तमा उनी गस्तीमा हिँड्ने नियमित सेनाबाट मारिएका छन्
(विस्तृत पृष्ठ ५)

आर्थिक वृद्धिदर संकुचनमा



निर्माण, विद्युत् र सूचना प्रविधिको वृद्धिदर ऋणात्मक। कृषि र पर्यटनको योगदानमा वृद्धि
(विस्तृत पृष्ठ ६)

■ दलहरूलाई निर्वाचन आयोगको बाध्यकारी निर्देशन

पुरुष प्रमुख या उपप्रमुख रहेका स्थानमा महिला उम्मेदवार अनिवार्य

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

न्यून महिला उम्मेदवारी दिएर आलोचना खेप्दै आएका दलहरूलाई निर्वाचन आयोगले उपनिर्वाचनमा अनिवार्य महिला उम्मेदवार बनाउन बाध्यकारी निर्देशन दिएको छ। आगामी १६ मंसिरमा हुन लागेको स्थानीय तह उपनिर्वाचनमा आयोगले उम्मेदवारी मनोनयन गर्दा पालिकाका प्रमुख (प्रमुख/उपप्रमुख) एक पदमा पुरुष रहेका स्थानमा महिलालाई अनिवार्य उम्मेदवार बनाउन निर्देशन दिएको हो।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले आयोगले महिला सहभागितालाई सुनिश्चित गर्न यस्तो निर्देशन दिएको बताए। निर्वाचन ऐनको दफा १७ को उपदफा ४(१) मा उम्मेदवारको मनोनयनपत्र पेस गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने

» पृष्ठ २ मा क्रमशः



महिलाको सिट सुरक्षित होस् र सहभागिता पनि बढोस् भन्ने उद्देश्य हो

● **दिनेश थपलिया**, प्रमुख निर्वाचन आयुक्त



दुवै प्रमुख पदमा पुरुष रहनु सरासर कानुनको उल्लंघन हो। संविधानमा महिला सहभागिता सुनिश्चित रहने, तर व्यवहारमा नरहने भएपछि आयोगले हिम्मत गरेर दलहरूको सन्दर्भमा यो निर्णय गरेको हो। स्वतन्त्र उम्मेदवार जो पनि रहन सक्ने भए। हाम्रो व्याख्या दलहरूले उपनिर्वाचनमा पनि सहभागिता सुनिश्चित गरेनन् भने कहिले हुन्छ भन्ने हो। महिलाको सिट पनि सुरक्षित होस् र सहभागिता पनि बढोस् भन्ने हाम्रो उद्देश्य हो। आयोग आफ्नो निर्णयबाट दायाँबायाँ हुँदैन। पुरुष प्रमुख या उपप्रमुख रहेका स्थानमा पुरुषकै उम्मेदवारी परे खारेज हुन्छ।

बाढीपहिरोको...

पृष्ठ १ बाट क्रमशः

अस्थायी आवासका लागि दुई किस्तामा ५० हजार अनुदान दिँदै आएको छ। स्थानीय तहले लाभग्राही छनोट गरेपछि मात्र जिल्लाबाट रकम निकासा हुनेछ। त्यसबाहेक यो रकम सडकमा थुप्रिएका गेग्रन हटाउन, विच्छेद भएका सञ्चार जडान गर्न, स्वास्थ्यचौकी र विद्यालय सेवा सञ्चाल गर्न खर्च हुनेछ।

क्षतिको विस्तृत मूल्यांकन गर्न प्राधिकरणलाई निर्देशन

कार्यकारी समितिले मध्यअसोजको बाढीपहिरोबाट भएको क्षतिको विस्तृत मूल्यांकन गर्न विपत् व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिएको छ। प्राधिकरणका सहसचिव अर्जुन बम नेतृत्वको समितिले बाढीपहिरोबाट ११ हजार घरपरिवार विस्थापित भएको र ४६ अर्ब चार करोडको क्षतिको प्रारम्भिक प्रतिवेदन समितिलाई बुझाइसकेको छ। तर, क्षतिग्रस्त निजी आवास र सरकारी तथा सार्वजनिक भवन, संरचना पुनर्निर्माणका लागि विस्तृत मूल्यांकन गर्न बाँकी छ। 'दीर्घकालका लागि पुनर्निर्माण र पुनर्स्थापनापना गर्न विपत्का कारण भएको सम्पूर्ण क्षतिको विस्तृत क्षति आकलन यथाशीघ्र गर्ने,' समितिको निर्णयमा उल्लेख छ।

प्राधिकरणको प्रतिवेदनपश्चात् सरकारले पुनर्निर्माण र पुनर्स्थापनाको कार्य अघि बढाउनेछ। समितिको बैठकले पुनर्निर्माण र पुनर्स्थापनाका लागि क्षेत्रगत निकायले आवश्यक व्यवस्था मिलाउन भनेको छ भने आवश्यक बजेट व्यवस्थापनका विपत् राष्ट्रिय परिषद् मार्फत नेपाल सरकारलाई अनुरोध गरिएको छ।

१०-१३ असोजको वर्षापछिको बाढीपहिरोमा २४९ को ज्यान गइसकेको छ। १८ बेपत्ता छन् भने १७८ गम्भीर घाइते भएका छन्। घटनामा पाँच हजार ९१६ निजी घर पूर्ण रूपमा ध्वस्त भएका छन् भने १२ हजार ४७७ घरमा आंशिक क्षति पुगेको छ। घटनाका कारण १० हजार ८०७ परिवार पूर्ण रूपमा विस्थापित भएका छन्। १८ हजार ४०३ परिवार प्रभावित बनेका छन्। प्राधिकरणका अनुसार बाढीपहिरोबाट हालसम्म ४६ अर्ब चार करोडको क्षति भएको छ।



प्रभावित ५० लाख

१. सन्दकपुर गापा, इलाम
२. चम्पादेवी गापा, ओखलढुंगा
३. सुनकोशी गापा, ओखलढुंगा
४. मानेभञ्ज्याङ, ओखलढुंगा
५. पाँचखाल नपा, काभ्रे
६. हलेँसी नपा, खोटाङ
७. खोटेहाङ गापा, खोटाङ
८. जन्तेढुंगा गापा, खोटाङ
९. इच्छाकामना नपा, चितवन
१०. माडी नपा, चितवन
११. भरतपुर मनपा, चितवन
१२. बिगु गापा, दोलखा
१३. शैलुङ गापा, दोलखा
१४. गौरीशंकर गापा, दोलखा
१६. हरिहरपुर गापा, सिन्धुली
१७. फिकल गापा, सिन्धुली
१८. बलेफी गापा, सिन्धुपाल्चोक
१९. जुगल गापा, सिन्धुपाल्चोक
२०. बाह्रबिसे नपा,सिन्धुपाल्चोक
२१. पाँचपोखरी गापा, सिन्धुपाल्चोक
२२. बैयाया गापा, मकवानपुर
२३. भीमफेदी गापा, मकवानपुर
२४. बेनीघाट गापा, धादिङ
२५. नेत्रावती डवजोङ, गापा धादिङ
२६. खनियावास गापा, धादिङ
२७. गजुरी गापा, धादिङ
२८. गोकुलगंगा गापा, रामेछाप
२९. खाँडादेवी गापा, रामेछाप
३०. दोरम्बा गापा, रामेछाप
३१. रामेछाप गापा, रामेछाप
३२. मन्थली नपा, रामेछाप
३३. उमाकुण्ड गापा, रामेछाप
३४. सुनापति गापा, रामेछाप
३५. लिखु तामाकोशी गापा, रामेछाप
३६. गढीमाई नपा, रौतहट
३७. दुर्गाभवती गापा, रौतहट
३८. परोहा नपा, रौतहट
३९. राजदेवी नपा, रौतहट
४०. राजपुर नपा, रौतहट
४१. गौला नपा, महोत्तरी
४२. बर्दीबास नपा, महोत्तरी
४३. बलार नपा, सर्लाही
४४. बागमती गापा, सर्लाही
४५. लहान नपा,सिराहा
४६. बलान बिहुल गापा, सप्तरी
४७. सोलुदुधकुण्ड गापा, सोलु
४८. खुम्बु पसाल्हमु गापा,सोलु
४९. माप्य दुधकोशी गापा, सोलु
५०. फाल्गुनन्द गापा, पाँचथर

'प्रभाव'मा...

पृष्ठ १ बाट क्रमशः

रोक्दै आएको छ। ०६० देखि लिजमा लिएर धर्मशाला चलाउँदै आएको मारवाडी सेवा समितिले भने त्यसमा मोहियानी हकसमेत दाबी गर्न थालेको छ।

मन्त्री पाण्डेले महानगरसँगको समझदारी तत्काल कार्यान्वयन नगर्न पत्रचार गर्दै आगामी आइतबार कोषको सञ्चालक समिति बैठक बोलाएका छन्। पर्यटन मन्त्रालयबाट 'तत्काल कार्यान्वयन नगराउनू' भनेर पत्र आएपछि त्यसबारे महानगरपालिकालाई समेत कोषले जानकारी गराएको छ। उनले शान्तिसुरक्षाको कारण देखाएर पत्राचार गरे पनि मारवाडी सेवा समितिको प्रभावमा परेर निर्णय कार्यान्वयन गर्नबाट पछि हटेको स्रोतको भनाइ छ।

कोषले १७ साउन ०८० मै मारवाडी सेवा समितिसँगको लिज सम्झौता रद्द गर्ने निर्णय गरेकोमा गत १६ असोजमा जिल्ला अदालत काठमाडौंले समेत कोषकै पक्षमा फैसला गरिसकेको छ। सो फैसलापछि कोष र महानगरपालिकाबिच मंगलबार धर्मशाला सञ्चालनसम्बन्धी सहमति-पत्रमा हस्ताक्षर भएको थियो। त्यसलगत्तै, महानगरले धर्मशाला खाली गर्न २३ असोजमा नगर प्रहरी खटाएको थियो। दसैँपछि पनि पटक-पटक धर्मशाला खाली गराउने प्रयास सफल हुन सकेको छैन।

समितिका पदाधिकारीले सो धर्मशाला लिजमा लिएको नभई आफूहरू त्यसको मोही भएको भन्दै त्यससम्बन्धी मुद्दामा फैसला नभएसम्म नहटाउन माग गरेका छन्। यद्यपि, महानगरपालिकाले धर्मशालामा आफू सञ्चालक रहेको बोर्ड राखिसकेको छ। समितिले कौडीको भाउमा भाडामा लिएर २१ वर्षदेखि धर्मशाला सञ्चालन गरी सटरहरू भाडामा लगाएको थियो। कोषलाई मासिक ५१ हजार भाडा तिर्ने समितिले त्यहाँका सटर भाडामा लगाएर मासिक लाखौँ कमाउँदै आएको छ। यसबाहेक धर्मशाला पनि होटेल शैलीमा चलाउँदै आएको छ।

कोषले मारवाडी सेवा समितिसँगको लिज सम्झौता रद्द गर्ने निर्णय गरेकोमा त्यसविरुद्ध अदालतमा मुद्दा परेपछि कार्यान्वयन हुन सकेको थिएन। जिल्ला अदालत काठमाडौंका न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले गत १६ असोजमा मारवाडी सेवा समितिको दाबी नपुग्ने फैसला गरिसकेको छ। तर, कार्यान्वयन हुन सकेको छैन। पर्यटनमन्त्री पाण्डे नै व्यवसायीको दबाबमा परेपछि गौशालालाई व्यापारीको कब्जाबाट मुक्त गर्ने कोषको अभियान पनि अन्योलमा परेको छ। धर्मशाला र गौशालालाई गैरनाफामूलक ढंगले थप सामाजिक काममा प्रयोग गर्ने महानगरपालिकाको तयारी थियो।

पुरुष...

पृष्ठ १ बाट क्रमशः

व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। तर, एकजना मात्र उम्मेदवारी दिएमा यो व्यवस्था लागू हुँदैन। दलहरूले सोही व्यवस्था टेकेर उम्मेदवार उठाउने र गठबन्धन गरेर उम्मेदवार उठाउँदा महिला सहभागिता कम हुने गरेको आयोगको निष्कर्ष छ। प्रमुख निर्वाचन आयुक्त थपलियाले पुरुष रहेका स्थानमा पुरुषकै उम्मेदवारी परे खारेज हुने बताए। 'दुवै प्रमुख पदमा पुरुष रहनु सरासर कानुनको उल्लंघन हो। संविधानमा महिला सहभागिता सुनिश्चित रहने, तर व्यवहारमा नरहने भएपछि आयोगले हिम्मत गरेर दलहरूको सन्दर्भमा यो निर्णय गरेको हो। स्वतन्त्र उम्मेदवार जो पनि रहन सक्ने भए। हाम्रो व्याख्या दलहरूले उपनिर्वाचनमा पनि सहभागिता सुनिश्चित गरेनन् भने कहिले हुन्छ भन्ने हो,' उनले भने, 'महिलाको सिट पनि सुरक्षित होस् र सहभागिता पनि बढोस् भन्ने हाम्रो उद्देश्य हो। आयोग आफ्नो निर्णयबाट दायाँबायाँ हुँदैन। पुरुष प्रमुख या उपप्रमुख रहेका स्थानमा पुरुषकै उम्मेदवारी परे खारेज हुन्छ।'

आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाका अनुसार बुधबार बसेको आयोगको बैठकले स्थानीय तह निर्वाचन ऐनको दफा ६७ अनुसार अतिरिक्त निर्देशन दिएको हो। आयोगले विज्ञप्ति जारी गरेर उपनिर्वाचनका लागि दर्ता भएका सबै दललाई निर्देशनसहित उम्मेदवारी मनोनयनमा ऐनको व्यवस्था सम्झाएको छ। 'उम्मेदवारको मनोनयन-पत्र पेस गर्दा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुखमा ०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा उम्मेदवारी दिने राजनीतिक दलले महिला उम्मेदवार रहने गरी मनोनयन-पत्र पेस गर्न निर्देशन दिएको छ,' आयोगको विज्ञप्तिमा भनिएको छ।

स्थानीय तह निर्वाचनसम्बन्धी ऐनको दफा १७ (४) मा मनोनयन पेस गर्दा दलले प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष, जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार हुनुपर्ने सुनिश्चित गरिएको छ। तर, यसअघि महिला उम्मेदवार न्यून भएको भन्दै आयोग र राजनीतिक दलको भूमिकालाई लिएर आलोचना हुने गरेको थियो। ऐनको दफा ६७ मा आदेश जारी गर्ने र निर्देशन दिने व्यवस्थाअनुसार यस्तो निर्देशन दिएको हो। उपनिर्वाचनका लागि २ मंसिरमा उम्मेदवारी मनोनयनको कार्यतालिका छ। उपनिर्वाचनका लागि २५ दल दर्ता भएका छन्।

आयोगका अनुसार जिल्ला समन्वय समिति प्रमुख दुई, नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष तीन र ३० वडाध्यक्ष गरी ३९ पदका लागि निर्वाचन हुन लागेको हो। कार्यतालिकाअनुसार २ मंसिरमा मनोनयन दर्ता, ३ गते उम्मेदवारविरुद्ध उजुरी आह्वान, ५ गते उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन र निर्वाचन चिह्न प्रदान गरिनेछ। निर्वाचन हुन लागेका ३९ स्थानमा ०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा कांग्रेसले २४, एमालेले आठ, माओवादीले पाँच, जसपाले एक र एक स्वतन्त्र उम्मेदवार निर्वाचित बनेका थिए।

मतदाता नामावली अद्यावधिक गर्न नागरिकता त्याग्नेको विवरण माग

आयोगले गैरआवासीय नेपाली नागरिकता लिएका व्यक्तिको साबिकको नागरिकता त्यागको विवरण माग गरेको छ। आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाका अनुसार आयोगको बैठकले आगामी १६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनका लागि मतदाता नामावली अद्यावधिक गर्न गृह मन्त्रालयमार्फत विवरण माग गर्ने निर्णय गरेको हो। गैरआवासीय नेपाली नागरिकता लिएका व्यक्तिले साबिकको नागरिकता त्याग गरेको प्रमाण पेस गर्नुपर्ने व्यवस्थाअनुसार विवरण माग गरी मतदाता नामावली अद्यावधिक गर्न ५ कात्तिकभित्र विवरण माग गरेको हो। 'विवरणका आधारमा मतदाता नामावलीमा रहेको विवरणसँग भिडाई त्यस्तो नागरिकता त्याग गर्ने मतदाताको नाम मतदाता नामावलीबाट हटाई मतदाता नामावली अद्यावधिक गरिनेछ,' सापकोटाले भने।


स्थानीय तहमा महिलाको स्थिति

निर्वाचन आयोगका अनुसार ७५३ पालिकामा १४ हजार ४६५ महिला जनप्रतिनिधि छन्। जसमध्ये नगर, उपमहानगर, महानगर प्रमुखमा १३ र उपप्रमुखमा २२९ महिला छन्। गाउँपालिका अध्यक्षमा १२ र उपाध्यक्षमा ३३५ जना महिला छन्। समग्रमा प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष गरी पालिकाको नेतृत्वदायी भूमिकामा ५६४ महिला छन्। पालिकाअन्तर्गतका ६९ वडामा महिलाको नेतृत्व छ। ६९ वडाध्यक्षका साथै ६ हजार ७१३ महिला सदस्य छन्। दलित महिला सदस्यमा ६ हजार ५९४ जना छन्। खुलाबाट ४१२ सदस्य निर्वाचित छन्। उम्मेदवारी नपरेका कारण विभिन्न पालिकामा १२३ दलित महिला वडासदस्य पद खाली छ। उपनिर्वाचनमा मृत्यु र अन्य कारणले उपप्रमुख एक र उपाध्यक्ष एक पद पनि रिक्त छ। संविधानको धारा १८ मा पिछडिएका महिलालाई माथि ल्याउने गरी समानताको हक सुनिश्चित गरिएको छ। धारा ३८ (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक दिइएको छ। धारा ४२ ले सामाजिक समानताको हकअन्तर्गत महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागी हुने हक दिएको छ।

हुम्लामा पनि डेंगु

हुम्लामा संक्रमित भएका ५४ वर्षीय गौरासिंह बोहरा उपचारका लागि हाल काठमाडौंमा

नयाँ पत्रिका



हुम्लामा पनि डेंगु देखिएको छ। हुम्लाका ५४ वर्षीय गौरासिंह बोहरामा बिहीबार डेंगु संक्रमण पुष्टि भएको हो। यसअघि हुम्लाबाहेक सबै जिल्लामा डेंगु संक्रमण पुष्टि भएको थियो।

हुम्लामा संक्रमण देखिए पनि संक्रमित बोहरा उपचारका लागि हाल काठमाडौंमै छन्। उनको स्वास्थ्य अवस्था सामान्य रहेको छ। बोहरालाई गत १८ असोजमै डेंगु पुष्टि भएको हो। स्वास्थ्य जटिलता देखिएपछि उनी उपचारका लागि काठमाडौं आएका थिए। वीर अस्पतालमा ६ दिनको उपचारपश्चात् उनी डिस्चार्ज भएका छन्। हुम्लामै रहँदा निकै कमजोरी देखिएपछि उपचारका लागि काठमाडौं आएको र डेंगु पुष्टि भएको उनले सुनाए। उनले भने, 'लगातार बान्ता र कमजोरी हुन थालेपछि उपचारका लागि आएको थिएँ। डाक्टरले अब औषधि खान पर्दैन भनेका छन्। तर, कमजोरी उस्तै छ, निको भएपछि फर्किन्छु।'

जिल्ला अस्पताल हुम्लाका चिकित्सक डा. रोशन रावतका अनुसार एक महिनाअघि पनि स्थानीय एकजनामा डेंगु पुष्टि भएको थियो। त्यसबाहेक सिमिकोट वरपर ज्वरोसहितका लक्षण लिएर धेरै बिरामी अस्पताल आए पनि डेंगु नै भने पुष्टि नभएको उनको भनाइ छ।

देशका सबै जिल्लामा डेंगु फैलिए पनि यसपटक अति प्रभावित जिल्ला न्यून छन्। यो तुलनात्मक रूपमा काठमाडौं, कास्की, तनहुँ र पर्वतमा बढी देखिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार काठमाडौंमा प्रभावितको संख्या तीन हजार १०३ पुगेको छ। यस्तै, कास्कीमा दुई हजार ८४७, तनहुँमा दुई हजार १०७, पर्वतमा एक हजार ५६२ जना संक्रमित भएका छन्। यसबाहेक, चितवन, ललितपुर, गोर्खा, बाग्लुङ, भक्तपुर र स्याङ्जामा डेंगु संक्रमण बढिरहेको छ। नेपालमा हालसम्म डेंगु संक्रमितको संख्या १९ हजार नाघिसकेको छ।

अर्बौं बक्यौता...

पृष्ठ १ बाट क्रमशः

लक्ष्मीपूजाको दिन)मा अन्त्य भएको थियो। ०७२/७३ मा आठ अर्ब ८९ करोड घाटामा रहेको प्राधिकरणको त्यसवेलासम्म सञ्चित नोक्सानी ३४ अर्ब ६१ करोड थियो। २९ भदौ ०७३ मा पहिलोपटक कार्यकारी निर्देशकमा कुलमान नियुक्त भएपछि उकालो यात्रा सुरु गरेको प्राधिकरणको ०८१ मा पुग्दा सञ्चित नाफा नै ४७ अर्ब ४१ करोड पुगेको छ। तर, प्राधिकरणको यो सुधार शासकलाई मन परेको छैन। लक्ष्मीपूजाको दिन लोडसेडिङ अन्त्य गरेर उज्यालो नेपाल बनाएका कुलमानलाई आठ वर्षपछि लक्ष्मीपूजाकै पूर्वसन्ध्यामा हटाउने 'षड्यन्त्र' हुँदै छ।

सुरुमा सरकारले एमाले सांसद ऋषिकेश पोखरेल सभापति रहेको लेखा समितिबाट पुनः छानबिन गराएर स्पष्टीकरण लिई कुलमानलाई हटाउने योजना बनाएको थियो। तर, यसअघि नै समितिले छानबिन गरी निर्देशन दिइसकेको विषयमा फेरि छानबिन गर्ने कुरामा एमालेबाहेकमा दलका सांसदले विरोध जनाए। सँगै, सभापति पोखरेल नै सहकारी ठगीमा मुछिएको सार्वजनिक भयो। नैतिक संकटमा परेका पोखरेलले त्यसपछि बैठक नै राख्न सकेका छैनन्।

त्यसको विकल्पमा ऊर्जा मन्त्रालयले विनासन्दर्भ २२ असोजमा प्राधिकरणसँग विभिन्न १५ विषयमा चार-पाँच वर्षयताको विवरण मागेर कुलमानमाथि स्पष्टीकरण सोध्ने मैदान निर्माण गर्न खोजिरहेको छ। जब कि यो वेला बाढीपहिरोले ऊर्जा क्षेत्र नराम्ररी प्रभावित छ। मन्त्रिपरिषद्ले प्राधिकरणको कार्यकारी निर्देशकलाई स्पष्टीकरण सोध्न सक्छ र चित्तबुझ्दो जवाफ नआए पदमुक्त गर्न सक्छ। स्पष्टीकरण सोध्न आवश्यक विवरण जुटाउने तयारीस्वरूप नै मन्त्रालयले चार-पाँच वर्षयताका विवरण मागेको र यसमा ऊर्जामन्त्री दीपक खड्का पनि परिचालित भएको प्राधिकरण सञ्चालक समिति सदस्य कपिल आचार्यको भनाइ छ।

'केही दिनअघि मन्त्रालयले प्राधिकरणसँग १५ विषयको चार-पाँच वर्षकै विवरण मागेको छ। त्यसमा अधिकांश विषय मन्त्रालयलाई नियमित रूपमै जानकारी गराइएको हुन्छ। तर, कतिपय माग्नै नपर्ने विषयको पनि विवरण मागिएको छ। त्यस्ता विषय मागेर नेतृत्वलाई 'डिमोरलाइज' गर्न खोजेको देखिन्छ। त्यसभित्रका केही विषयमा टेकेर सरकारले प्राधिकरण वा प्राधिकरण नेतृत्वमाथि कुनै निश्चित कदम उठाउन सक्ने देखिन्छ,' उनले भने।

तत्कालीन सार्वजनिक संस्थान निर्देशन बोर्डका अध्यक्षसमेत रहेका पूर्वसचिव विमल वाग्ले सरकारले व्यक्तिगत रिस साधेर कुनै पनि संस्था बिगार्न नहुने बताए। तुलनात्मक रूपमा राम्रो काम गरेको संस्थान विद्युत् प्राधिकरणलाई सरकारले हौसला दिनुपर्ने उनको सुझाव छ। 'प्राधिकरण र सरकारका नेतृत्वकर्ताबिच फरक मत हुन सक्छ। व्यक्तिगत रिस पनि हुन सक्छ। तर, त्यस बहानामा संस्था बिगार्ने काम गर्न हुँदैन। व्यक्तिगत लडाइँ हो भने बाहिरै हुनुपर्छ, संस्थाभित्र संस्थागत रूपमा काम गर्नुपर्छ,' वाग्ले भन्छन्, 'प्राधिकरण सरकारको एकलौटी संस्थान हो। अन्य संस्थानको तुलनामा प्राधिकरणको कार्य सम्पादन पनि राम्रो छ। यस्तो संस्थानलाई अझ राम्रोसँग अघि बढाउन सरकार नै बढी जिम्मेवार हुनुपर्छ।'

बक्यौता नतिरेको भन्दै प्राधिकरणले गत असार २५, २६ र २७ मा ६ उद्योगको लाइन काटेको थियो। कानुनअनुसार बक्यौता नतिरेसम्म काटिएको लाइन जोड्न मिल्दैन। तर, ३० असारमा प्रधानमन्त्री नियुक्त भएका केपी ओलीले उद्योगहरूमा लाइन जोड्न ठाडो मौखिक निर्देशन दिएसँगै विद्युत् नियमन आयोगले ६ साउनमा प्राधिकरणलाई लाइन जोड्न लिखित निर्देशन दिएको थियो। ६ उद्योगले दिएको उजुरीका आधारमा टेकेर आयोगले उक्त दिर्नेशन दिएको थियो। त्यसपछि प्राधिकरणले तीन महिनाभित्र (८ कात्तिकसम्म) सबै उद्योगले बक्यौता बुझाउनुपर्ने सर्तमा ८ साउनमा ६ उद्योगमा लाइन जोड्ने निर्णय गरेको थियो। सञ्चालक समिति सदस्य आचार्य र अर्का सदस्य भक्तबहादुर पुनले उक्त निर्णयमा असहमति जनाएपछि मन्त्री खड्काले उनीहरूलाई स्पष्टीकरण सोधेर पदबाटै हटाएका थिए। पछि सर्वोच्चको अन्तरिम आदेशबाट दुवैजना पुनर्बहाली भएर काम गरिरहेका छन्।

अल्टिमेटमको अवधि एक साता मात्र बाँकी छँदा ४९ उद्योगले आठ अर्ब चार करोड नौ लाख बक्यौता बुझाउन बाँकी छ। प्राधिकरणका अनुसार तीन महिनाअघि बक्यौता नबुझाएका ६१ उद्योग थिए। बक्यौता उठाउन प्राधिकरणलाई सहयोग गर्नुपर्ने मन्त्रालय उल्टै स्वायत्त निकाय प्राधिकरणमाथि हस्तक्षेपमा लागेको देखिन्छ। सरकार र प्राधिकरणबिचको कामकारबाहीलाई समन्वय गर्ने ऊर्जा मन्त्रालयले स्वायत्त निकाय प्राधिकरणमाथि हस्तक्षेप गर्न खोजेको आचार्य बताउँछन्।

'कार्यकारी निर्देशकलाई पदबाट हटाउने वा नहटाउने विषय एउटा भयो। अहिले त्यो मात्रै ठुलो विषय भएन। प्राधिकरणकै स्वायत्तता रहन्छ कि रहन्न भन्ने विषयमा पनि शंका पैदा भएको छ,' उनले भने, 'ऊर्जा मन्त्रालय त समन्वयकारी निकाय मात्रै हो। प्राधिकरण सरकारको स्वामित्वको संस्था हो। तर, समन्वयकारी निकायले प्राधिकरणको स्वायत्ततामाथि हस्तक्षेप गर्न खोजेको छ। यस्तो प्रवृत्तिले भविष्यमा प्राधिकरण नै रहन्छ कि रहन्न भन्ने चिन्ता छ। नेपालका सार्वजनिक संस्थान यस्तै प्रवृत्तिले समस्यामा परेका हुन्। अब प्राधिकरणको भविष्य पनि के हुन्छ भनेर बहस गर्न आवश्यक छ।'

मन्त्रालयको सहसचिवले प्राधिकरणको बोर्ड बैठक आह्वान गरेको घटनाले यसलाई पुष्टि गरेको उनको दाबी छ। 'प्राधिकरणको कार्यकारी निर्देशकलाई जानकारी नै नदिई मन्त्रालयको सहसचिवले बैठक आह्वान गर्नु मन्त्रालयले प्राधिकरणका अधिकारीलाई काम गर्न नदिन खोजेको हो,' उनले भने। प्राधिकरण सञ्चालक समितिको बैठक सदस्यसचिवको हैसियतमा प्राधिकरणका कार्यकारी निर्देशकले आह्वान गर्ने कानुनी व्यवस्था भए पनि त्यसको उल्लंघन गर्दै २३ असोजमा मन्त्रालयका सहसचिव शम्भुप्रसाद मरासिनीले बैठक आह्वान गरेका थिए। यद्यपि, बैठक पछि स्थगित गरिएको थियो।

ऊर्जा मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतले कुलमानलाई हटाउने विषयमा आफूलाई कुनै जानकारी नभएको बताए। 'यो विषयमा मलाई कुनै जानकारी छैन। बुझेर मात्रै भन्न सक्छु,' उनले भने।

बाढीपहिरोले ऊर्जा क्षेत्र क्षतिग्रस्त, निर्णय लिनुपर्ने प्राधिकरण सञ्चालक समितिको बैठक बस्नै सकेन

प्राकृतिक विपत्मा ऊर्जा क्षेत्र प्रभावित हुँदासमेत मन्त्री खड्काले प्राधिकरणलाई अप्ठ्यारोमा पार्ने भूमिका खेलिरहेका छन्। ऊर्जामन्त्री नै प्राधिकरण सञ्चालक समिति अध्यक्ष हुन्। उनको समन्वयमा सदस्यसचिव (कार्यकारी निर्देशक)ले समितिको बैठक आह्वान गर्नुपर्छ। तर, मन्त्री खड्काले पहलकदमी नलिँदा डेढ महिनादेखि अर्थात् २१ भदौयता बैठक बस्न सकेको छैन। प्राधिकरण नेतृत्वले प्रभावकारी काम गर्न नसकेको देखाउन मन्त्रीले नियतवश यस्तो गरेको सञ्चालक समिति सदस्य आचार्यको आरोप छ। समितिको बैठक कति समयमा गर्ने भन्ने ठोस नीतिगत व्यवस्था नभए पनि यसअघि हरेक हप्ता बुधबार नियमित हुन्थ्यो।

असोज दोस्रो साताको बाढीपहिरोले सञ्चालनमा रहेकामध्ये सबैभन्दा ठुलो परियोजना ४५६ मेगावाटको माथिल्लो तामकोशी बन्द छ। बाँध क्षेत्रका संरचना क्षतिग्रस्त हुँदा उक्त परियोजना बन्द भएको छ। यसबाट दैनिक चार करोड आम्दानी गुमेको छ। भारततर्फ गरिने निर्यात बन्द भएको छ। हिउँदमा परियोजना सञ्चालनमा ल्याउन नसके भारतबाट आयात बढाउनुपर्ने हुन्छ भने गार्हस्थ्य ग्राहकमै लोडसेडिङको समेत जोखिम हुनेछ। तर, यो गम्भीर अवस्थालाई पनि सरकारले पूरै बेवास्ता गरेको देखिन्छ। कुलमान भने १५ असोजमा यो परियोजनास्थलमा पुगेका थिए।

त्यस्तै, काबेली करिडोरको १३२ केभी ५०, ५१ र ५२ नम्बरको टावर बाढीले बगाएको छ। उक्त करिडोरमा रहेका २०० मेगावाट हाराहारीका परियोजना बन्द अवस्थामा छन्। खिम्ती-लामोसाँघु प्रसारणलाइनको पनि दुई नम्बर टावर तामाकोशी नदीको बाढीले बगाएको छ। अहिले प्रणालीबाट ६०० मेगावाट विद्युत् 'आउट' भएको छ। विद्युत् निर्यात कटौती गरिएको छ। पछिल्लो बाढीले प्राधिकरणलाई मात्रै झन्डै साढे चार अर्ब रुपैयाँको नोक्सानी भएको प्रारम्भिक अनुमान छ। क्षतिग्रस्त परियोजनाको पुनर्निर्माण गर्न सञ्चालक समितिबाटै नीतिगत निर्णय गर्नुपर्छ। नियमित प्रक्रियाबाट काम गर्दा समय लाग्ने भएकाले आपत्कालीन टेन्डरका लागि बोर्डबाटै निर्णय गर्नुपर्छ। तर, यस्तो वेला मन्त्री खड्काकै समन्वयको अभावका कारण प्राधिकरण सञ्चालक समितिको बैठक बस्न सकेको छैन।

सञ्चालक समितिका सदस्यसचिव (कार्यकारी निर्देशक)ले बैठक आह्वान गर्ने अभ्यास मिचेर गत २३ असोजका लागि ऊर्जा मन्त्रालयका सहसचिव शम्भुप्रसाद मरासिनी (प्रशासनतर्फ)ले बैठक बोलाएका थिए। तर, पछि त्यो बैठक स्थगित गरिएको थियो। त्यसपछि बैठक आह्वान गरिएको छैन।

'प्राधिकरण सञ्चालक समितिको निर्णयबाट चल्नुपर्छ। सञ्चालक समितिमा ऊर्जामन्त्री र ऊर्जासचिव हुन्छन्। पछिल्लो समय मन्त्रालयले आफ्नो ढंगले काम गर्न खोजेको देखिन्छ,' सञ्चालक समिति सदस्य आचार्यले भने, 'प्राधिकरणसँग कुनै समन्वय गरेको देखिँदैन।' सञ्चालक समितिको बैठकका विषयमा बुझ्न खोज्दा मन्त्री खड्काको फोन उठेन। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने छिट्टै सञ्चालक समितिको बैठक आह्वान हुने बताए।

पूर्वसचिव वाग्ले विपत्का वेलासमेत प्राधिकरणको बैठक नहुनु दुःखद भएको बताउँछन्। 'प्राधिकरण आफैँ अप्रेटर र आफैँ रेगुलेटर पनि हो। शक्तिशाली स्वायत्त संस्थान पनि हो। किनकि, यसमा मन्त्री आफैँ अध्यक्ष हुन्छन्। सचिव सञ्चालक समितिको सदस्य हुन्छन्। तसर्थ, प्राधिकरण र सरकारको निकटता राम्रो देखिन्छ। तर, अहिले बाढीले ऊर्जासम्बन्धी परियोजनाहरू नै क्षतिग्रस्त भएको वेलासमेत डेढ महिनासम्म बैठक नहुनु दुःखद पक्ष हो,' उनले भने, 'सरकार र प्राधिकरणको नेतृत्व गर्ने व्यक्तिबिच व्यक्तिगत, वैचारिक रूपमा केही मतभिन्नता होलान्। व्यक्तिगत रूपमा मतभिन्नता भयो भन्दैमा संस्था नै सकाउने किसिमको काम गर्न हुँदैन। यो वेला प्राधिकरणले काम गर्न सकेन भने त्यसको एकलौटी दोष सरकारलाई नै जान्छ। किनभने प्राधिकरण सरकारको एकल सेयर स्वामित्व भएको संस्था हो।'

प्राधिकरणमा कुलमानले के-के गरे ?

घाटाको संस्थान नाफामा पुऱ्याए

०७२/७३ मा प्राधिकरण आठ अर्ब ८९ करोड रुपैयाँले घाटामा थियो। त्यसवेलासम्म सञ्चित नोक्सानी ३४ अर्ब ६१ करोड थियो। २९ भदौ ०७३ मा कार्यकारी निर्देशकमा कुलमान घिसिङ नियुक्त भएपछि प्राधिकरणको उकालो यात्रा सुरु भयो। ०७३/७४ मै एक अर्ब ५० करोडले नाफामा गएको प्राधिकरणको सञ्चित नोक्सानी २८ अर्ब ४२ करोडमा सीमित भयो। ०८१ सम्म आउँदा प्राधिकरणको सञ्चित नाफा ४७ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ। गत आवमा प्राधिकरणले कमाएको नाफा सरकारी स्वामित्वका अन्य सार्वजनिक संस्थानको तुलनामा धेरै हो। चारवर्षे पहिलो कार्यकाल पूरा गरेर ०७७ भदौमा प्राधिकरणबाट बाहिरिएका कुलमान २५ साउन ०७८ मा प्राधिकरण नेतृत्वमा दोहोरिएका थिए। पहिलो कार्यकालमा खुला प्रतिस्पर्धाबाट आएका उनलाई दोस्रो कार्यकालका लागि भने मन्त्रिपरिषद्ले उनलाई नियुक्त गरेको हो। उनको यो कार्यकाल ०८२ साउनसम्म छ। बिचको अवधि २१ कात्तिक ०७७ देखि ०७८ साउनसम्म निमित्त र कार्यकारी निर्देशकको जिम्मेवारी हितेन्द्रदेव शाक्यले सम्हालेका थिए।

१८ घण्टासम्मको लोडसेडिङ हटाए

प्राधिकरणको नाफा-घाटाभन्दा दैनिक १८ घण्टासम्म खेप्नुपरेको लोडसेडिङ अन्त्यको सवाल आमनागरिकका लागि प्रमुख चासो थियो। उद्योग नै बन्द गर्नुपरेका उद्योगीलाई नियमित बिजुली पाउनु नै ठुलो उपलब्धि थियो। कुलमानले आमनागरिकदेखि उद्योगीको अपेक्षा सफलतापूर्वक पूरा गरे। २५ कात्तिक ०७३ (तिहारको लक्ष्मीपूजाको दिन)मा गार्हस्थ्य वर्गमा लोडसेडिङ अन्त्य गरियो। ३१ वैशाख ०७५ देखि औद्योगिक क्षेत्रमा पनि लोडसेडिङ हटाउन कुलमानको नेतृत्व सफल भयो।

भारतमा व्यावसायिक रूपमै विद्युत् निर्यात सुरु

नेपालमा भारतबाट विद्युत् आयात सन् १९७१ देखि भएकोमा भारतमा निर्यात भने सन् १९७२ देखि सुरु भएको थियो। तर, दुई देशबिच व्यावसायिक रूपमै विद्युत् आदानप्रदान भने ०७८ कात्तिकयता मात्रै भएको हो। सुरुमा भारतले ३९ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृत दिएकोमा अहिले ९४१ मेगावाट निर्यातका लागि स्वीकृति दिएको छ। भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट किन्ने गरी ०८० जेठमा सम्झौता भइसकेको छ। गत आवबाट त नेपाल खुद विद्युत् निर्यातकर्ता पनि बनेको छ। उक्त वर्ष भारतबाट १६ अर्ब ९३ करोड रुपैयाँको विद्युत् आयात भएकोमा १७ अर्ब ६ करोड रुपैयाँको विद्युत् निर्यात गरेको थियो। आयातभन्दा निर्यात १३ करोडको बढी हो।

बंगलादेशमा ४० मेगावाट बिक्री गर्न ऐतिहासिक सम्झौता

भारत हुँदै बंगलादेशमा पनि विद्युत् निर्यात गर्ने ऐतिहासिक सम्झौता पनि कुलमानकै पालामा भएको छ। पहिलो चरणमा भारतीय प्रसारण लाइन हुँदै नेपालको ४० मेगावाट बिजुली बंगलादेशमा बिक्री गर्न गत १७ असोजमा नेपाल, भारत र बंगलादेशबिच सम्झौता भएको हो। यो दक्षिण एसियाकै पहिलो उपक्षेत्रीय विद्युत् व्यापार हुनेछ। नेपालले पाँच वर्षसम्म हरेक वर्ष १५ जुनदेखि १५ नोभेम्बरसम्म पाँच महिनाको अवधिमा ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्नेछ।

विद्युत्को पहुँच ५८ बाट पुऱ्याए ९९ प्रतिशत

०७२/७३ सम्म नेपालमा विद्युतीकरण (विद्युत् पहुँच) ५८ प्रतिशत मात्रै थियो। विद्युत् पाएका नागरिक पनि लोडसेडिङमा बस्न बाध्य थिए। तर, ०८१ असारसम्म आउँदा विद्युत्को पहुँच ९९ प्रतिशत पुगेको छ। अबको दुई वर्षमा शतप्रतिशतमा पहुँच पुऱ्याउने प्राधिकरणको लक्ष्य छ। हाल सामुदायिकसहित प्राधिकरणका ५९ लाख ३५ हजार ग्राहक छन्। त्यस्तै, ०७३ असारसम्म प्रतिव्यक्ति विद्युत् खपत १३१ युनिट रहेकामा आठ वर्षमा बढेर ४०० युनिट पुगेको छ।

आठ वर्षमा आधा घट्यो चुहावट, प्रतिवर्ष १२ अर्ब थप आम्दानी

कुलमानको नेतृत्वमा प्राधिकरणले प्रसारण र वितरण प्रणालीमार्फत भएको विद्युत् चुहावटलाई आधा घटाएको छ। ०७२/७३ मा प्रणालीबाट २५.७८ प्रतिशत चुहावट हुने गरेकोमा ०८०/८१ मा १२.७३ प्रतिशतमा सीमित भएको छ। चुहावट नियन्त्रणबाट यो अवधिमा प्रतिवर्ष १२ अर्ब थप आम्दानी भएको प्राधिकरणले जनाएको छ।

काठमाडौंमा भूमिगत वितरण लाइन, डाटा सेन्टर सञ्चालनमा

काठमाडौं उपत्यकालाई तार र पोलरहित बनाउने उद्देश्यसहित ०७६ फागुनदेखि भूमिगत वितरण लाइन विस्तार चलिरहेको छ। निर्माण अन्तिम चरणमा पुगेको प्राधिकरणले जनाएको छ। स्मार्ट मिटर जडान गर्ने, ग्रिडलाई स्वचालित गर्नेजस्ता काम पनि सुरु भएको छ। त्यस्तै, प्राधिकरणले विद्युत् वितरण प्रणाली नियन्त्रण सेन्टर र अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक डाटा सेन्टर पनि सञ्चालनमा ल्याएको छ। गत असारदेखि काठमाडौंको स्युचाटारमा सञ्चालनमा आएको सेन्टरमा प्राधिकरणसम्बन्धी सबै तथ्यांक स्टोर हुनेछ।

कुलमानकै पहलमा बने तीन रुग्ण आयोजना

६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए', ३० मेगावाटको चमेलिया र १४ मेगावाटको कुलेखानी ३ लगायत जलविद्युत् आयोजना लामो समयसम्म रुग्ण भएर बसेका थिए। तर, घिसिङले आफ्नो पहिलो कार्यकालमा यी परियोजना निर्माण अघि बढाएर सञ्चालनमा ल्याए।

वार्षिक एक खर्बभन्दा बढी आम्दानी

इक्रा नेपालले गरेको क्रेडिट रेटिङमा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' पाइरहेको छ। यसबाट प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व ढुक्कसँग वहन गर्न सक्ने क्षमतामा देखिएको छ। प्राधिकरण तत्कालका लागि आफ्नो पुँजीको १० प्रतिशत सेयर आमसर्वसाधारणलाई निष्कासन गर्दै छ। त्यसबाट आएको पैसा ठूला जलविद्युत् आयोजनामा लगानी गर्नेतर्फ अघि बढिसकेको छ। प्राधिकरणको कुल सम्पत्ति आठ वर्षअघि दुई खर्ब ११ अर्ब रुपैयाँ रहेकोमा हाल ६ खर्ब ३२ अर्ब पुगेको छ। प्राधिकरणले वर्षमै एक खर्ब आम्दानी गर्न थालेको छ। ०७९/८० मा एक खर्ब आम्दानी गरेकोमा ०८०/८१ मा एक खर्ब १६ अर्बभन्दा माथि पुगेको छ। ०७२/७३ प्राधिकरणको वार्षिक आम्दानी ३२ अर्ब मात्रै थियो।

प्रसारणलाइन निर्माणमा पनि फड्को

प्राधिकरणले पछिल्लो समय प्रसारण लाइन निर्माण पनि फड्को मारेको छ। पहिला नेपालको प्रसारण प्रणालीमा १३२ केभी क्षमताका लाइन थिए। अहिले ४०० केभी र २२० केभीका लाइन पनि बनेका छन्। आठ वर्षअघि दुई हजार दुई सय एमभिए रहेको सबस्टेसन क्षमता बढेर १३ हजार एमभिए पुगेको छ। त्यस्तै, आठ वर्षअघिसम्म विद्युत् वितरणतर्फका वितरण सबस्टेसन ८० वटा रहेकामा अहिले बढेर १९७ पुगेका छन्। सबस्टेसन क्षमता ६४० एमभिएबाट बढेर दुई हजार पाँच सय एमभिए पुगेको छ। त्यस्तै, वितरण लाइनतर्फ आठ वर्षअघि एक लाख २१ हजार सर्किट किलोमिटर रहेकामा अहिले बढेर दुई लाख आठ हजार सर्किट किलोमिटर पुगेको छ।

४५६ मेगावाटको माथिल्लो तामाकोशी सञ्चालनमा

कुलमानकै कार्यकालमा ४५६ मेगावाटको माथिल्लो तामकोशी जलविद्युत् परियोजना सञ्चालनमा आएको छ। सञ्चालनमा रहेकामध्ये यो नै सबैभन्दा ठूलो परियोजना हो। यद्यपि, असोज दोस्रो साता पहिरोले बाँध क्षेत्रका संरचना क्षतिग्रस्त हुँदा हाल उत्पादन स्थगित गरिएको छ। बर्खामा विद्युत् निर्यात गर्न र हिउँदको माग धान्न यो परियोजनाको भूमिका मुख्य हुनेछ।

कार्यसम्पादनमा कुलमानलाई ९९ प्रतिशत अंक

वर्तमान सरकारले कुलमानलाई हटाउन खोजिरहेको छ। तर, ०७९/८० मा उर्जा मन्त्रालयले कार्यसम्पदान मूल्यांकनमा उनलाई ९८.९४ प्रतिशत अंक दिएको थियो। गत आवको भने मूल्यांकन हुने क्रममै छ।

मन्त्रिपरिषद्मै अड्कियो पुनर्निर्माण अनुदान कार्यविधि

भूकम्प र बाढीपहिरोपीडितका आवास पुनर्निर्माणमा अनुदान समान बनाउन अर्थ मन्त्रालयले दिएन स्वीकृति



● **डिजन भट्टराई,** प्रवक्ता, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपत् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि विपत् व्यवस्थापन कार्यकारी समितिबाट पारित भएर मन्त्रिपरिषद्मा पुगेको छ, त्यहाँबाट स्वीकृत होला । अर्थ मन्त्रालयले बझाङ, जाजरकोट र डोटी केन्द्रविन्दु भएर गएको भूकम्पका हकमा ६ लाख, ५ लाख र ४ लाखका दरले अनुदान दिने सहमति जनाएको छ, तर अन्य विपत्का हकमा ५ लाख, ४ लाख र ३ लाखको दरले अनुदान दिन राय दिएपछि सोहीअनुसार प्रक्रिया अगाडि बढेको हो ।



जाजरकोटको नलगाड नगरपालिका- ५ दल्लीमा भूकम्पपीडितका अस्थायी टहरा । एक वर्षअघिको भूकम्पले घर भत्किएपछि विस्थापितहरू अस्थायी टहरामा बसिरहेका छन् । सरकारले अहिलेसम्म पुनर्निर्माणको निर्क्योल गरिसकेको छैन । तस्बिर : रेशमबहादुर खड्का/नयाँ पत्रिका

यम बम/नयाँ पत्रिका

भूकम्प र बाढीपहिरोलगायत विपत्बाट घरबार गुमाएका परिवारलाई पुनर्निर्माणका लागि अनुदान दिन प्रस्ताव गरिएको कार्यविधि मन्त्रिपरिषद्मा अड्किएको छ । १७ कात्तिक ०८० मा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पपछि विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पुनर्निर्माणका लागि अनुदान दिन तयार गरेको ६ महिना कार्यविधि कहिले प्राधिकरण र अर्थमा घुमेको थियो ।

पछिल्लोपटक मध्य असोजमा बाढीपहिरोले ७१ स्थानीय तहमा व्यापक क्षति गरेपछि गृहमन्त्री रमेश लेखक नेतृत्वको विपत् व्यवस्थापन कार्यकारी समितिको बैठकले अगाडि बढाएको कार्यविधि फेरि आधा महिनादेखि मन्त्रिपरिषद्मा अड्किएको छ । 'विपत् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि विपत् व्यवस्थापन कार्यकारी समितिबाट पारित भएर मन्त्रिपरिषद्मा पुगेको छ, त्यहाँबाट स्वीकृत होला,' प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले भने ।

गृहमन्त्रीको अध्यक्षतामा रहने कार्यकारी समितिको १४ असोजको बैठकले भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि क, ख र ग श्रेणीका जिल्लालाई क्रमशः ६ लाख, पाँच लाख र चार लाख अनुदान दिने गरी कार्यविधि अगाडि बढाएको छ । त्यस्तै, बाढीपहिरो, डुबान, सुक्खा पहिरो र हिमपहिरो, आगलागी (वन-डढेलोसमेत), चट्याङ, हावाहुरीसहितका विपत्बाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि भने क, ख र ग श्रेणीका जिल्लालाई क्रमशः पाँच लाख, चार लाख र तीन लाख अनुदान प्रस्ताव गरिएको छ ।

कार्यकारी समितिले भूकम्प र बाढीपहिरोसहित विपत्बाट घरबार गुमाएकालाई आवास निर्माणका लागि समान अनुदान दिने गरी ३ वैशाखमै कार्यविधि स्वीकृत गरेको थियो । तर, अर्थ मन्त्रालयले भने समान अनुदानका लागि स्रोतको अभाव हुने भन्दै अस्वीकृत गरिदिएपछि विपत् व्यवस्थापन प्राधिकरणमा फर्किएको कार्यविधिको मस्यौदा फेरि १४ असोजमा पारित भएको हो । 'अर्थले बझाङ, जाजरकोट र डोटी केन्द्रविन्दु भएर गएको भूकम्पका हकमा ६ लाख, ५ लाख र ४ लाखका दरले अनुदान दिने सहमति जनाएको छ, तर अन्य विपत्का हकमा ५ लाख, ४ लाख र ३ लाखको दरले अनुदान दिन राय दिएपछि सोहीअनुसार प्रक्रिया अगाडि बढेको हो,' प्रवक्ता भट्टराईले भने ।

कुन जिल्लामा कति अनुदान ?

● क श्रेणीका जिल्ला (भौगोलिक विकटता, सडकको पहुँच नपुगेको र निर्माण सामग्रीका सहज उपलब्धता नहुने भएकाले पुनर्निर्माण, प्रबलीकरण महँगो पर्ने) : **६ लाख**

● ख श्रेणीका जिल्ला (भौगोलिक रूपमा सहजता भए पनि सडक पूर्वाधार बलियो नरहेका र निर्माण सामग्रीको लागत सुगमभन्दा धेरै पर्ने जिल्ला) : **५ लाख**

● ग श्रेणीका जिल्ला (विकसित मानिएका र सडक पूर्वाधारको सहज उपलब्धतासँगै निर्माण सामग्रीको लागत कम रहेका जिल्ला) : **४ लाख**

● आवास प्रबलीकरणमा : **५० हजारदेखि एक लाखसम्म**

विपत्बाट क्षति भएका निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि लागू हुनेछ ।

यसअघि मनसुनजन्य विपत् र आगलागीबाट भएको क्षतिपछि निजी आवास पुनर्निर्माणका लागि अनुदान दिन छुट्टाछुट्टै कार्यविधि थिए । ०७२ को भूकम्पपछिको पुनर्निर्माणको काम सकिएसँगै पुनर्निर्माण प्राधिकरण विघटन भएपछि त्यसपछिका भूकम्पपछिको पुनर्निर्माणका लागि अनुदान दिने कानुनी आधार थिएन । तर, अनुदानमा लागत सहभागिता (संघ, प्रदेश र स्थानीय तहको योगदान) तोक्न भने अझै बाँकी छ । लागतको योगदान तोक्न विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली संशोधन गर्नुपर्नेछ । नियमावली संशोधनका लागि रायका लागि कानुन मन्त्रालयमा गएको छ । संघले ५०, प्रदेशले ३० र स्थानीय तहले २० प्रतिशत लागत व्यहोर्ने, तर ठूला विपत्मा भने संघ सरकारकै लगानी बढी रहने गरी संशोधन अगाडि बढाइएको हो ।

■ भूकम्पको एक वर्षपछि बल्ल क्षतिको विस्तृत मूल्यांकन गरिँदै

सरकारले पश्चिम नेपालकेन्द्रित भूकम्पको एक वर्षपछि बल्ल क्षतिको विस्तृत मूल्यांकन गर्ने भएको छ । विपत् व्यवस्थापन कार्यकारी समितिको बिहीबारको बैठकले क्षतिको विस्तृत मूल्यांकन र पुनर्निर्माणको विस्तृत कार्ययोजना तयार गर्न विपत् प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको हो । तर, यो निर्णय शुक्रबार बस्ने विपत् व्यवस्थापन परिषद्को बैठकबाट स्वीकृत भएपछि प्राधिकरणले लागू गर्नेछ । प्रधानमन्त्री केपी ओलीले शुक्रबार अपराह्न ३ बजे परिषद्को बैठक बोलाएका छन् । 'हामी (प्राधिकरणले मूल्यांकन गरेपछि अर्थ मन्त्रालयले स्रोत जुटाउनेछ, त्यसपछि पुनर्निर्माणको काम अघि बढ्छ,' भट्टराईले भने ।

प्राधिकरणले यसअघि गत पुसमै क्षतिको मूल्यांकन गरी १७ जिल्लामा भूकम्पपछिको पुनर्निर्माणका लागि ७२ अर्ब ४५ करोड ८९ लाख बजेट चाहिने प्रतिवेदन तयार पारेको थियो । तीनवटा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणमा ५२ अर्ब १० करोड सात लाख लागत अनुमान गरिएको छ । रुकुम पश्चिम, जाजरकोट, सल्यान, रोल्पा, दैलेख, जुम्ला, कालिकोट, दाङ, प्युठान, रुकुम पूर्व, बझाङ, बाजुरा, बैतडी, अछाम, डडेल्धुरा, दार्चुला र डोटीमा ९५ हजार ७८७ निजी आवास बनाउनुपर्नेछ ।

सरकारी सामुदायिक संरचनाको पुनर्निर्माणमा १३ अर्ब ७७ करोड १० लाख लाग्ने आकलन छ । र, यसको सञ्चालन खर्चमा ६ अर्ब ५८ करोड ७१ लाख अनुमान छ । भूकम्पबाट कक्षाकोठा एक हजार ३८५ कक्षाकोठा पूर्ण क्षतिग्रस्त भएका छन् भने एक हजार ९९५ मा आंशिक क्षति पुगेको छ । त्यसैगरी, स्वास्थ्य संस्थाका २७ र ३५ सरकारी भवन पुनर्निर्माण गर्नुपर्ने देखिन्छ । एक हजार ५३३ गोठमा क्षति पुगेको र ८८ टन खाद्यान्न नष्ट भएको प्राधिकरणको तथ्यांक छ । निजी आवास पुनर्निर्माणका क्रममा पनि पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि पूर्वाधार बनाउन, पुनर्स्थापना गर्न, स्थानीय स्रोत सामग्री प्रयोगबापत थप प्रोत्साहन रकम दिन र संकटासन्न परिवारका लागि सुरक्षित आवास निर्माणका लागि खर्चनुपर्ने देखिन्छ । पूर्ण क्षतिग्रस्त घर पुनर्निर्माणमा पाँच लाख र आंशिक क्षतिमा एक लाखका दरले खर्च लाग्ने अनुमान छ । त्यसैगरी, स्वास्थ्य संस्था पुनर्निर्माणमा निर्माणमा तीन करोड तथा विद्यालय र अन्य सरकारी भवन पुनर्निर्माणमा एक-एक करोडका दरले खर्च लाग्ने आकलन छ ।

प्राधिकरणले निजी आवास पुनर्निर्माण स्थानीय तहको नेतृत्वमा तथा सार्वजनिक पूर्वाधार पुनर्निर्माण विषयगत निकाय र प्रदेश सरकारको समन्वयमा अगाडि बढाउनुपर्ने प्रस्ताव गरेको छ । १७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट १५४ जनाको ज्यान गएको थियो भने त्यसअघि १६ असोजमा बझाङको चैनपुर केन्द्रविन्दु भएर गएको ६.३ म्याग्निच्युडको भूकम्पले एकजनाको ज्यान गएको थियो । २२ कात्तिक ०७९ मा डोटीको पूर्वीचौकी केन्द्रविन्दु भएर गएको ६.६ म्याग्निच्युडको भूकम्पले ६ जनाको मृत्यु भएको थियो ।

'सर्च कमिटी'लाई पूर्णता दिएर आयोग गठन गर्ने तीन दलबिच सहमति

शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीसहित प्रमुख तीन दलका शीर्ष नेता 'सर्च कमिटी'लाई पूर्णता दिएर सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गर्न सहमत भएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा बिहीबार भएको छलफलमा एक-दुई दिनभित्रै सर्च कमिटीलाई पूर्णता दिएर आयोग गठन गर्ने समझदारी भएको माओवादी उपमहासचिव शक्ति बस्नेतले बताए ।

'सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठन गर्नेबारे छलफल भयो । छलफल सकारात्मक भएको छ । एक-दुई दिनभित्र सर्च कमिटीले पूर्णता प्राप्त गर्छ,' बस्नेतले बालुवाटारमा सञ्चारकर्मीसँग भने, 'त्यसलगत्तै आयोग गठन प्रक्रिया औपचारिक रूपमा सुरु हुन्छ र निश्चित समयभित्र आयोग गठनको काम टुंगिनुपर्ने कानुनी व्यवस्था भएकाले त्यो समयसीमाभित्रै आयोग गठन हुन्छ ।'

शीर्ष तहमा भएको समझदारीपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संसद्ले संशोधन गरिसकेको छ । तर, हाल सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग भने गठन भइसकेको छैन । नयाँ ऐनअनुसार आयोगमा पदाधिकारी नियुक्त हुनेछन् ।



■ **शक्ति बस्नेत**
उपमहासचिव, माओवादी

सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठन गर्नेबारे छलफल भयो । छलफल सकारात्मक भएको छ । एक-दुई दिनभित्र सर्च कमिटीले पूर्णता प्राप्त गर्छ । त्यसलगत्तै आयोग गठन प्रक्रिया औपचारिक रूपमा सुरु हुन्छ ।

अधिल्लो सरकारले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा पाँच सदस्यीय दुवै आयोगका पदाधिकारी सिफारिस समिति (सर्च कमिटी) गठन गरे पनि पूर्णता पाएको छैन । राष्ट्रिय मानव अधिकार आयोगले सदस्य नपठाएपछि सिफारिस समितिले पूर्णता पाउन नसकेको हो । गत ३० चैतमा गठित सर्च कमिटीमा मिश्रसहित पूर्वन्यायाधीश जगदीश शर्मा पौडेल, पूर्वसचिव अर्जुन कार्की र इस्टेला तामाङ सदस्य छिन् । कानुनमा मानव अधिकार आयोगको अध्यक्ष वा उसले तोकेको व्यक्ति सदस्य रहने व्यवस्था रहे पनि उसले सदस्य पठाइसकेको छैन । बिहीबारको छलफलमा सर्च कमिटीलाई पूर्णता दिएर आयोग बनाउने विषयमा सकारात्मक छलफल भएको बस्नेतले जानकारी दिए ।

'सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अधिल्लो सरकारको पालामा सर्च कमिटी गठन गरिएको थियो र त्यसले पूर्णता प्राप्त गर्न बाँकी थियो । अहिले सर्च कमिटीलाई तत्काल पूर्णता दिएर आयोग गठनको प्रक्रिया अगाडि बढाउनेबारे छलफल भयो । त्यसमा सबैको सकारात्मक बुझाइ एकरूपता बनेको छ । तत्काल सर्चलाई पूर्णता दिएर आयोग गठनको काम अघि बढाउने समझदारी भएको छ,' उनले भने । छलफलमा प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, गृहमन्त्री रमेश लेखक, माओवादीबाट शक्ति बस्नेत र महान्यायाधिवक्ता रमेश बडाल सहभागी थिए । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्बाट पारित भएसँगै शान्ति प्रक्रियाको एक मात्र बाँकी काममा सहमति जुटसँगै पीडितलाई न्याय दिने कानुनी आधार तयार भएको थियो । ५ मंसिर ०६३ मा बृहत् शान्ति सम्झौता हुँदा ६ महिनाभित्र संक्रमणकालीन न्यायका संयन्त्र बनाउने र तत्कालै पीडकलाई कठघरामा उभ्याई पीडितलाई न्याय दिलाउने उल्लेख गरिएको थियो । त्यसको करिब आठ वर्षमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ०७१ मा मात्रै बनेका थिए । तर, राजनीतिक नेतृत्वबीच संक्रमणकालीन न्यायका विषयमा एकरूपता नहुँदा यी आयोगले पनि प्रभावकारी रूपमा काम गर्न सकेका छैनन् । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ३१ असार ०७९ देखि पदाधिकारीविहीन छन् । दुवै आयोगको म्याद पदाधिकारीविहीन अवस्थामै पाँचौंपटक थप गरिएको छ ।

संक्षेप

जग्गा दानविरुद्ध अख्तियारमा उजुरी, सर्वोच्चमा रिट

काठमाडौं/ प्रधानमन्त्रीको पार्टीले स्वार्थ बाझिने गरी व्यवसायीबाट जग्गा दान लिनु भ्रष्टाचार भएको भन्दै छानबिनको माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । सिन्धुलीका युवराज पौडेलले बिहीबार उजुरी गरेका हुन् । भ्रष्टाचार निवारण ऐनले दान तथा उपहार लिनुलाई समेत भ्रष्टाचार भनेर व्याख्या गरेकाले त्यसमा अनुसन्धानको माग गरिएको छ । प्रधानमन्त्रीले नै यसरी दान लिनु भ्रष्टाचारजन्य काम भएको उजुरीकर्ताको जिकिर छ । जसकारण प्रधानमन्त्री केपी ओलीविरुद्ध छानबिनको माग गरिएको छ । भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका व्यवसायी मीनबहादुर गुरुङसँग एमालेले १० रोपनी १४ आना जग्गा कीर्तिपुर- २ मा दान लिएको थियो । जहाँ गत २५ असोजमा एमालेको पार्टी भवन निर्माणका लागि शिलान्यास गरिएको छ । व्यवसायी गुरुङ आफैंले पार्टी भवन बनाइदिन लागेका हुन् । स्वार्थ बाझिने गरी यसरी प्रधानमन्त्रीले नै दान लिएको भन्दै सर्वत्र आलोचना भइरहेको छ । एमालेकै नेताहरूले समेत पाँच लाख कार्यकर्ताको अपमान भएको भन्दै असन्तुष्टि जनाइरहेका छन् । सर्वोच्च अदालतमा समेत त्यसविरुद्ध रिट परेको छ । सत्य र न्यायको खोजी अभियानका तर्फबाट अधिवक्ता ज्ञानबहादुर बस्नेतलगायतले रिट निवेदन पेस गरेका हुन् । जग्गा लेनदेन कार्यान्वयन नगराउन रिटमा माग गरिएको छ । रिट दर्ता भने भइसकेको छैन ।

एक सातामित्र लिखित जवाफ पेस गर्न बार अध्यक्ष घिमिरेलाई सर्वोच्चको आदेश



काठमाडौं/ नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरुद्ध दर्ता भएको अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले सुनुवाइ अघि बढाएको छ । सर्वोच्चको संयुक्त इजलासले बिहीबार सो मुद्दामा लिखित जवाफ पेस गर्न आदेश दिएको छ । न्यायाधीशहरू कुमार रेग्मी र डा. कुमार चुडालको इजलासले प्रारम्भिक सुनुवाइ गरी सात दिनभित्र आफैं वा प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको हो । सर्वोच्चकै उपरजिस्ट्रार गोविन्दप्रसाद घिमिरेले बार अध्यक्षविरुद्ध अवहेलना मुद्दा दायर गरेका थिए । सो मुद्दा फिर्ता लिन आफूमाथि दबाब परेको घिमिरेले सामाजिक सञ्जालमार्फत जानकारी दिएका थिए । यद्यपि, मुद्दाको सुनुवाइ अघि बढेको छ । सर्वोच्चमा न्यायाधीश नियुक्ति गर्दा तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले लेनदेन गरेको गम्भीर आरोप अध्यक्ष घिमिरेले लगाएका थिए । गत ११ असोजमा बसेको न्यायपरिषद्को बैठकले सर्वोच्चमा दुई न्यायाधीश सिफारिस गरेको थियो । कानुन व्यवसायी कोटाबाट नियुक्त नगरी उच्चका मुख्य न्यायाधीशलाई मात्र सिफारिस गरेपछि आक्रोशित हुँदै अध्यक्ष घिमिरेले हिसाबकिताब मिलानका लागि न्यायधीश नियुक्त गरेको सार्वजनिक रूपमै आरोप लगाएका थिए । सोही अभिव्यक्तिविरुद्ध अवहेलना मुद्दा दर्ता भएको हो । अध्यक्ष घिमिरेले भने प्रधानन्यायाधीशका रूपमा नभई बार न्यायपरिषद्का अध्यक्षका रूपमा आफूले त्यस्तो आरोप लगाएकाले त्यो अदालतको अवहेलनाको विषय नभएको जिकिर गर्दै आएका छन् ।

होटेलबाट ६ जुवाडे पक्राउ

कास्की/ प्रहरीले पोखराको एक होटेलबाट ६ जुवाडेलाई पक्राउ गरेको छ । पोखरा महानगरपालिका- १७ ड्यामसाइडस्थित होटेल स्यान्डी वुलुममा जुवातास खेलिरहेका उनीहरूलाई एक लाख ८८ हजार ४२६ रुपैयाँ र २०७ पत्ती ताससहित पक्राउ गरेको कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले जानकारी दिए । सो होटेलमा जुवातास खेलिरहेको भन्ने गोप्य सूचनापछि वडा प्रहरी कार्यालय पोखरा- ६ बैदामबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा नवीन थापा, भेषबहादुर गुरुङ, शंकर थापा, सावित्री गुरुङ पुन, दुर्गा गुरुङ र आइती गुरुङ छिन् । उनीहरूलाई जिल्ला प्रशासन कार्यालयबाट सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसुर (जुवा खेल्न वा सट्टेबाजी गर्न नहुने)सम्बन्धी मुद्दामा सात दिन म्याद थप गरी आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

बाढीले बगाएको खुर्कोटको पुल जोडियो, भोलिबाट यातायात सञ्चालन हुने

रामेछापमा **दीपक भट्ट**

११ र १२ असोजमा परेको अविरल वर्षापछिको बाढीले बगाएको खुर्कोटको पुल जोडिएको छ । शनिबारबाट पुलमा यातायात सञ्चालन हुने भएको छ । सिन्धुली र रामेछाप जोड्ने खुर्कोटस्थित सुनकोशी नदीमा रहेको मोटरेबल पुलको आधा भाग बगाएपछि पुनः मोडुलर प्यानल ब्रिज राखेर नेपाली सेनाले बुधबार साँझ दुई जिल्लालाई जोडेको हो ।

बाढीले बगाएको खुर्कोटको मोटरेबल पुल तत्काल निर्माण गरी यातायात सहज बनाउने गरी सरकारले पुल बनाउने जिम्मा नेपाली सेनालाई दिएको थियो । सरकारले क्षतिग्रस्त पुल निर्माण गर्ने जिम्मा दिएसँगै सेनाको चौध बाहिनी अड्डा गौचर काठमाडौंको प्राविधिक टोलीले प्राविधिक काम सुरु गरी बुधबार बेलुका एमपिबी (मोडुलर प्यानल ब्रिज) राखेर दुई जिल्ला जोड्न सफल भएको नेपाली सेना चौध बाहिनी अड्डाका कर्नेल नारायण तुम्बाहाम्फेले जानकारी दिए ।

३६० फिट लम्बाइ भएको पुलको आधा भाग १८० मिटर बाढीले बगाएको थियो । सेनाले २२ असोजबाट पुल निर्माणको थालनी गरेको थियो । पुल पुष्पलाल राजमार्गअन्तर्गत



एडिबीको सहयोगमा निर्माण भएको थियो । पुल दुई जिल्लासँग जोडिए पनि अझै डेकिङ युनिट (जडान) काम हुन बाँकी रहेकाले शनिबारसम्म उक्त कार्य सकेर यातायातका साधन सञ्चालन गरिने गरी काम अघि बढेको नेपाली सेनाको चौध बाहिनी अड्डाका मेजर चिरञ्जीवी चौलागाईंले जानकारी दिए । अविरल वर्षासँगै आएको बाढीले बनेपा-बर्दीवास बिपी राजमार्ग र रामेछाप र सिन्धुली जोड्ने खुर्कोट पुलमा समेत क्षति पुऱ्याएपछि रामेछाप, सिन्धुली, दोलखा, ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, भोजपुर, उदयपुर, काभ्रे र सिन्धुपाल्चोकलगायत जिल्लाका नागरिकलाई आवतजावतमा समस्या भएको छ । खुर्कोटको पुल बगाएपछि अहिले वैकल्पिक रुट प्रयोग गरी सवारीसाधन सञ्चालन हुँदै आएका छन् ।

हेटौंडा सिमेन्टबाट १० लाख बराबरको तामाको तार चोरी

मकवानपुर/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगपरिसरबाट करिब १० लाख पर्ने तामाको तार चोरी भएको छ । उद्योग सञ्चालन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले फूलपातीको एक दिनअघि २२ गते राति दुई बजेतिर उद्योगपरिसरबाटै तामाको तार चोरी भएको जानकारी दिए । उनले घटनाबारे जानकारी पाएपछि भोलिपल्टै प्रहरीलाई मौखिक रूपमा जानकारी गराएको बताए । घटना भएको एक साता बितिसक्दासमेत चोरीमा संलग्न कसैलाई पनि प्रहरीले नियन्त्रणमा लिन सकेको छैन । उनले मंगलबार पुनः जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिएको र घटनाबारे प्रहरीले छानबिन थालेको बताए ।

अध्यक्ष भण्डारीका अनुसार ढुंगा क्रसिङ गर्ने स्थानबाट उद्योगसम्म कंक्रिट ओसार्न प्रयोग गरिने तामाको तार चोरी भएको हो । उनले सय मिटरजति तार चोरी भएको जानकारी दिए । 'चोरी भएको तारको मूल्य कति पर्छ भन्ने विषय यकिन छैन,' उनले भने, 'कम्तीमा पनि ८/१० लाख रुपैयाँ पर्ने उद्योगका प्राविधिकले जानकारी दिएका छन् ।' 'उद्योगको सुरक्षाका लागि बज्र सेक्युरिटी कम्पनीलाई जिम्मेवारी दिइएको छ । सेक्युरिटी कम्पनीको कमजोरीका कारण चोरी भएको हो । हामीले उनीहरूलाई पनि यस विषयमा जानकारी गराइसकेका छौं,' उनले भने, सेक्युरिटी कम्पनीका तर्फबाट पनि छानबिन भइरहेको छ ।'

मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले घटनाबारे आफूहरूलाई बुधबार जानकारी आएको र अनुसन्धान थालेको बताए । घटना राति २ बजेतिर भएको सेक्युरिटी गार्डहरूले बताएको उनको भनाइ छ । उद्योग सुरक्षार्थ खटिएका गार्डका अनुसार सात-आठजनाको समूहमा आएका नचिनेका व्यक्तिले चोरी गरेको प्रवक्ता अर्यालले जानकारी दिए । 'मानिसहरू उद्योगपरिसरमा प्रवेश गरेको थाहा पाएपछि होहल्ला गरेर भए पनि मानिसहरू एकजुट गर्नुपर्ने थियो । तर, सेक्युरिटीका मानिसहरू चुपचाप बस्नु शंकास्पद छ,' उनले भने ।

■ इजरायलको आक्रमणले लेबनानमा बढ्दै छ संकट

राष्ट्रसंघीय शान्ति मिसनमा कार्यरत सैनिक बंकरमा

नयाँ पत्रिका

इजरायलले सुरुमा लेबनानको हिजबुल्लाह समूहलक्षित हवाई हमला गरे पनि पछिल्लोपटक संयुक्त राष्ट्रसंघीय शान्ति सैनिकलक्षित हमला थालेको छ । हालसम्म सुरक्षित रहे पनि नेपाली शान्ति सैनिक इजरायल र हिजबुल्लाहको दोहोरो हमलाबाट सिर्जित त्रासदीका कारण बंकरमा छन् । उत्तरी लेबनानमा रहेका करिब १२ सय नेपाली पनि हालसम्म सुरक्षित छन् ।

'लेबनानमा खटिएका हाम्रा सैनिक बंकरभित्र छन् र सुरक्षित छन् । रसदपानीको बन्दोबस्तीका लागि छोटो समय उनीहरू बाहिर निस्के पनि अधिकांश समय बंकरमा बस्नुपरेको छ,' नेपाली सेनाका प्रवक्ता सहायक रथी गौरवकुमार केसीले नयाँ पत्रिकासँग भने ।

लेबनान-इजरायल सीमा क्षेत्रको सबैभन्दा संकटग्रस्त क्षेत्रमा राष्ट्रसंघीय शान्ति मिसन (युनिफिल) अन्तर्गत करिब ८५० जनाको गणस्तरीय फौज कार्यरत छ । यसबाहेक सैन्य पर्यवेक्षक र स्टाफ अधिकृतसमेत जोड्दा हाल ८७७ जना नेपाली सैनिक लेबनानमा कार्यरत छन् । इजरायल र लेबनानको सिमाना (दक्षिणी लेबनान)मा सबैभन्दा जोखिमपूर्ण क्षेत्रमा नेपाली र इन्डोनेसियन सैनिकको गणस्तरीय फौज



● **सहायक रथी गौरवकुमार केसी,** प्रवक्ता, नेपाली सेना

लेबनानमा खटिएका हाम्रा सैनिक बंकरभित्र छन् र सुरक्षित छन् । रसदपानीको बन्दोबस्तीका लागि छोटो समय उनीहरू बाहिर निस्के पनि अधिकांश समय बंकरमा बस्नुपरेको छ । शान्ति स्थापक फौजलाई बाहिर निकाल्ने कुनै योजना छैन भन्ने बुझेका छौं ।

तैनाथ छ । इजरायलले लेबनानको राष्ट्रसंघीय शान्ति सैनिक हिजबुल्लाह समूहका लागि मानव ढाल बनेको भन्दै हटाउनुपर्ने आवाज उठाएको छ । तर, राष्ट्रसंघले भने लेबनानबाट शान्ति स्थापक फौज नहट्ने स्पष्ट पारेको छ र उनीहरूमाथि लक्षित कुनै पनि आक्रमण नगर्न इजरायल र हिजबुल्लाह समूहलाई आह्वान गरेको छ । 'शान्ति स्थापक फौजलाई बाहिर निकाल्ने कुनै योजना छैन भन्ने बुझेका छौं,' केसीले भने, 'त्यसकारण हाम्रा फौज पनि अहिले त्यहाँबाट बाहिर जाने होइन, सुरक्षाका उपाय अपनाएर राष्ट्रसंघको म्यान्डेटअनुसार जिम्मेवारी निर्वाह गर्नेछ ।'

■ लेबनानमा नेपाली सुरक्षित, तर त्रासमा

लेबनानसँगको कूटनीतिक मामिला हेर्ने इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्सालले लेबनानमा रहेका नेपालीसँग आफूहरू सम्पर्कमा रहेको बताए । 'लेबनानमा रहेका नेपालीहरूसँग सम्पर्कमा छौं । अधिकांश महिला हुनुहुन्छ र घरेलु कामदारका रूपमा विभिन्न ठाउँमा छरिएर बस्नुभएको छ । अहिलेसम्म सुरक्षित छौं भन्नुभएको छ,' राजदूत लम्सालले टेलिफोनमा भने ।

बेरुतको सुन्नी मुस्लिम बहुल क्षेत्र र इसाई बहुल क्षेत्रमा अधिकांश नेपाली घरेलु कामदारका रूपमा कार्यरत छन् भने सानो संख्याका नेपाली होटेल र कम्पनीमा कार्यरत छन् । 'हामीलाई उद्धार गर्नुपऱ्यो भनेर कसैले पनि भन्नुभएको छैन । लेबनानमा कम्पनीमा कार्यरत नेपालीमध्ये कतिपय टिकट काटेर स्वदेश फर्किनुभएको सुनेका छौं,' लम्सालले भने, 'हामीले सकभर स्वदेश फर्किनुस् भन्ने सन्देश दिएका छौं ।' उत्तर-पूर्वी बेरुतमा रहेका नेपाली कामदारलाई उनीहरूका मालिक स्वयंले नै उद्धार गरिदिने आश्वासन दिएको जानकारी नेपाली दूतावासलाई पुगेको छ । संकट गहिरिँदै गएमा उत्तरी लेबनानबाट साइप्रस जान सकिने विकल्प रहेको भन्दै घरमालिकले नेपालीलाई अहिले नै छाडेर नजान सल्लाह दिएका छन् । परराष्ट्र मन्त्रालयले इजरायल र लेबनानमा रहेका नेपालीसँग सम्पर्कमा रहन, परिस्थितिलाई नजिकबाट नियाल्न तथा नेपालीले चाहेमा उद्धारका लागि सहजीकरण गरिदिन इजरायल र इजिप्टस्थित नेपाली दूतावासलाई निर्देशन दिइसकेको छ । राजदूत लम्सालका अनुसार बेरुतस्थित विमानस्थल सुचारु छ, यद्यपि उडानको संख्या कम छ । बेरुतबाट सिरिया र जोर्डन भएर विदेशी नागरिक बाहिरिएका छन् ।

इजरायली फौजले दक्षिण लेबनानबाट उत्तरी लेबनानतिर लक्षित आक्रमण गरेका छिटपुट घटनाका कारण नेपालीले असुरक्षित महसुस गरेका छन् । यद्यपि, घरेलु कामदारका रूपमा कार्यरत नेपाली स्वदेश फर्किने मुडमा नभएको रिपोर्ट परराष्ट्र मन्त्रालयले प्राप्त गरेका एक उच्च अधिकारीले बताए । 'लेबनानमा अवैध रूपमा नेपाली घरेलु कामदारका रूपमा गएका छन् । मासिक कम्तीमा ६ देखि सात सय अमेरिकी डलर कमाइ हुने ठाउँबाट बाहिर जाँदा फेरि फर्केर आउन पाइएला कि नपाइएला भन्ने पनि नेपालीलाई रहेछ,' परराष्ट्रका एक अधिकारीले भने, 'सुन्नी मुस्लिम र इसाई धर्मावलम्बीहरू इजरायलको लक्षित आक्रमणको निसानामा नपरेको हुनाले नेपालीहरू फर्किने नै मुडमा पुगेका रहेनछन् ।'

स्वास्थ्य बिमामा खेलाँची किन ?

विश्वका सबैजसो मुलुकमा स्वास्थ्य सेवालाई अत्यन्त संवेदनशील मानिने गरिन्छ, तर नेपालमा खेलाँची गर्ने गरिन्छ



● प्रेमराज सिलवाल

अग्रलेख

न्युजिल्यान्ड, बेलायत, जर्मनी, क्यानडा, अस्ट्रेलिया, फ्रान्सलगायत सबैजसो युरोपेली देशका साथै अमेरिका, जापान र भारतमा समेत स्वास्थ्य बिमासम्बन्धी कार्यक्रम प्रभावकारी ढंगले लागू गरिएका छन् । उन्नाइसौँ शताब्दीबाट सुरु भएको स्वास्थ्य बिमासम्बन्धी कार्यक्रम अहिले विश्वका सबैजसो मुलुकमा कुनै न कुनै ढंगले लागू गरिएका छन् । जीवनमा अनेकौँ कारणबाट स्वास्थ्य समस्या आउने भएकाले विश्वमा स्वास्थ्य बिमाको अभ्यास हुँदै आयो ।

सन् १८५० मा अमेरिकामा दुर्घटनाबाट हुने क्षतिका लागि बिमा दिइएको थियो । स्वास्थ्य उपचारमा बिमा सन् १८९० बाट थालिए पनि बीसौँ शताब्दीपछि मात्रै यसको प्रयोग बढी हुन थाल्यो । जर्मनीमा स्वास्थ्य उपचारका लागि सन् १८८३ बाट बिमाको थालनी भयो । अहिले जर्मनीमा 'सामाजिक स्वास्थ्य बिमा' लागू छ, जसमा पचासी प्रतिशतभन्दा बढी नागरिक समेटिएका छन् । अस्ट्रेलियामा 'मेडिकेयर'का लागि करदाताबाट 'दुई प्रतिशत' र उच्च आय भएका वर्गबाट 'एक प्रतिशत' कर असुल गरी स्वास्थ्य बिमा कोषमा राखिने गरिएको छ । क्यानडाको 'हेल्थ एक्ट'ले स्वास्थ्यलाई सबैको अत्यावश्यक विषय मानेर निःशुल्क गरेको छ । फ्रान्सको स्वास्थ्य मन्त्रालयले औषधि उत्पादक कम्पनीसँग सीधै मोलमोलाइ गरी औषधि खरिद गर्छ र नागरिकलाई सहुलियतमा दिने गर्छ, जहाँ विभिन्न खालका बिमा योजना लागू गरिएका छन् । छिमेकी देश भारतमा राज्यअनुसारका फरक-फरक खालका स्वास्थ्य बिमा लागू भएको पाइन्छ, जसमा केन्द्रीय सरकारले आर्थिक सहयोग दिँदै आएको छ । 'राष्ट्रिय स्वास्थ्य प्राधिकरण'लाई लोकप्रिय भाषामा 'आयुष्मान भारत योजना' पनि भन्ने गरिएको छ । प्रधानमन्त्री मोदीको महत्त्वपूर्ण योजनामध्येमा एउटा स्वास्थ्य बिमा पनि पर्छ । जापानमा 'कामदार स्वास्थ्य बिमा', 'राष्ट्रिय स्वास्थ्य बिमा' र 'वृद्धवृद्धा स्वास्थ्य बिमा' लागू गरिएको छ । राष्ट्रिय बिमा योजनामा संलग्न भएपछि परिवारका सबै सदस्यले बिमा सुविधा पाउँछन् । नेपालमा हाल लागू हुँदै आएको बिमा पनि लगभग यसै किसिमको हो ।

विश्वका धेरै मुलुकमा स्वास्थ्य बिमासम्बन्धी कार्यक्रम प्रभावकारी ढंगले लागू हुँदै आएका छन् । नेपालमा भर्खरै मात्र लागू गरिएकोमा स्वास्थ्य बिमा कार्यक्रमप्रति सरकारी पक्षबाट चरम उपेक्षाभाव देख्न पाइन्छ । नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा र संरक्षण गर्न एवं स्वास्थ्य सेवालाई सहज तथा सरल बनाउन नेपाल सरकारले ०७२ सालदेखि स्वास्थ्य बिमा कार्यक्रम लागू गर्दै आएको छ । जनतालाई आर्थिक सुरक्षण प्रदान गरी स्वास्थ्य सेवा दिने, आर्थिक स्रोतको परिचालन गर्ने र प्रभावकारी तथा उत्तरदायी एवं गुणस्तरीय स्वास्थ्य सेवा दिने उद्देश्यले स्वास्थ्य बिमा बोर्डलाई 'स्वास्थ्य बिमा बोर्ड ऐन, ०७४' अनुसार कार्य गर्ने अधिकार तोकिएको छ । हाल राजधानी काठमाडौंसहित देशका सबै जिल्लामा स्वास्थ्य बिमा लागू भएको छ । ०८१ साल कात्तिकसम्म चार सय ८३ स्वास्थ्य संस्था बोर्डमा आबद्ध छन् । हालसम्म ८१ लाख १४ हजार पाँच सय ९४ नागरिक र दुई लाख ५४ हजार दुई सय २० परिवारले स्वास्थ्य बिमा गराएकोमा ४८ प्रतिशतले स्वास्थ्य बिमामार्फत स्वास्थ्य सेवा लिएका छन् । अहिले पनि बिमा गराएकामध्ये ५२ प्रतिशतले बिमामार्फत कुनै सेवा नलिएपै बिमा शुल्क तिर्दै आएको देखिन्छ । तर, स्वास्थ्य बिमा बोर्डले बिमासम्बन्धी सेवा र सुविधालाई भरपर्दो बनाउन भने सकेको देखिन्न । उल्टो सरकारी पक्षबाटै खेलाँची हुने गरेकाले अनेकौँ सवाल खडा हुने गरेका छन् । हाल बोर्डमा दैनिक ३० हजारसम्म बिमा दाबी हुने भए पनि बोर्डसँग आठ हजारको हाराहारीमा मात्र परीक्षण गर्न सक्ने क्षमता छ । समयमा नै भुक्तानी दिन नसक्नु स्वास्थ्य बिमाको ठुलो चुनौती हो । यसबाट सेवा प्रदायक संस्थामा नकारात्मक भावना वृद्धि भई विश्वसनीयताको संकट पैदा हुन सक्छ । भुक्तानी नभएको भन्दै देशकै ठुलोमध्येको एक काठमाडौंस्थित शिक्षण अस्पतालले ओपिडीबाहेकमा बिमा सेवा बन्द नै गरी बसेको छ । यसले स्वास्थ्य सेवा प्रवाहमा खेलाँची गरिएको प्रस्ट हुन्छ । शिक्षण अस्पतालमा स्वास्थ्य बिमामार्फत उपचार गराउन मुलुकका विभिन्न जिल्लाबाट दैनिक हजारौँ नागरिक आउने गरेका छन् । तर, उनीहरू अहिले बिमा सेवाबाट वञ्चित भइरहेका छन् ।

स्वास्थ्य बिमामा गैरजिम्मेवारीपन र लापरबाहीका कारण नागरिकको मौलिक अधिकार हनन भएको



छ । नेपालको संविधानको धारा १६ (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनी लेखिएको छ । धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक उल्लेख छ, जसको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन भनी लेखिएको छ । उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भनिएको छ । त्यसैगरी उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भनिएको छ । धारा ४२ मा सामाजिक न्यायको हकमा समाजमा रहेका सबैको हक र अधिकारको सुरक्षा गरिने भनिएको छ । अर्थात्, स्वास्थ्य सेवा र सुविधा प्राप्त गर्ने अधिकारबाट कोही पनि वञ्चित हुनुहुँदैन भन्ने संविधानको अक्षर र भावना रहेको छ ।

> एकातिर सरकारका स्वास्थ्यमन्त्री बिमा 'अमाउन्ट' वृद्धि गरेर पाँच लाख पुऱ्याउने कर्णप्रिय भाषण गर्छन्, अर्कातिर देशकै ठुलो स्वास्थ्य सेवा प्रदायक त्रिवि शिक्षण अस्पताल ओपिडीबाहेकमा बिमामा स्वास्थ्य सेवा दिनै बन्द गर्छ । यो स्वास्थ्य बिमामा सरकारी क्षेत्रको हदैसम्मको खेलाँची नभए के हो ?

स्वास्थ्य सेवा नागरिकको मौलिक हक हो । मानव अधिकारको आधारभूत विषय पनि हो । प्रत्येक नागरिकको स्वास्थ्य अधिकारको सुरक्षा गर्न विभिन्न कानुनसमेत तर्जुमा गरिएका छन् । जनस्वास्थ्य सेवा ऐन, ०७५ को दफा ३ को उपदफा (४) मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने कुरा उल्लेख छ । राष्ट्रिय स्वास्थ्य नीति, २०७६ का आधारभूत स्वास्थ्य सेवाले नसमेटिएका उपचारात्मक सेवालाई स्वास्थ्य बिमासँग आबद्ध गर्ने, समाजिक न्यायको सिद्धान्तमा आधारित सुविधा प्रदान गरिने कुरा उल्लेख छ । स्वास्थ्य बिमा ऐन, ०७४ को प्रस्तावनामा नै 'गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्वभुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिताको अभिवृद्धि गरी स्वास्थ्य सेवामा नागरिको सहज एवं पहुँच सुनिश्चित गर्न' भन्ने कुरा उल्लेख भएको भए पनि कार्यान्वयनमा बिमा कार्यक्रमप्रति नै अविश्वास हुने गरी खेलाँची हुँदा समस्या बढ्दै गएका छन् ।

स्वास्थ्य बिमा मानिसको जीवन र बाँच्न पाउने अधिकारसँग जोडिएको अनिवार्य विषय मात्र होइन, नागरिकको आधारभूत मौलिक हक र मानव अधिकारको विषय पनि हो । नेपालमा स्वास्थ्य बिमामा सहभागिता बढ्दै गएको भए पनि सरकारी पक्षमा गम्भीरताको कमी र खेलाँची गर्ने प्रवृत्तिका कारण अनेकौँ खालका चुनौती बढ्दै गएका हुन् । सेवा प्रदायक अस्पतालले सहज ढंगले सेवा नदिने, कतिपय सन्दर्भमा बिमितलाई अपमानित गर्ने, प्रक्रियागत हैरानी दिने, प्राविधिक भाषा बोलेर सेवाग्राहीलाई फर्काउने गरिएका देखिन्छन् । 'सर्भरले काम गरेन', 'सिस्टमले देखाएन', 'सिस्टम डाउन भएको छ', 'रिफर ल्याएको मिति मिलेन' भन्दै बिमितलाई फर्काउने गरिएको छ । सामान्य ओपिडीका चेकजाँचमा बिमा सुविधा दिए पनि 'फलानो-तिलानो' उपचारमा बिमा लागू हुँदैन भन्दै त्यसैमा बिमितलाई चर्को शुल्क लिएर ढाड सेक्ने गरिन्छ । सरल, सुलभ र सहज तरिकाले पाउनुपर्ने स्वास्थ्य बिमाअन्तर्गतका सेवाका क्रममा देखिएका अनेकौँ यस्ता प्रश्नबाट स्वास्थ्य बिमालाई मुक्त गर्नु आवश्यक छ । नेपाल सरकार, स्वास्थ्य बिमा बोर्ड तथा सेवा प्रदायक अस्पताल गम्भीर बन्न नसक्दा बिमित नागरिकमाथि अनेकौँ समस्या थपिएका हुन् ।

विश्वका सबैजसो मुलुकमा स्वास्थ्य सेवालाई अत्यन्त संवेदनशील मानिने गरेको छ, तर नेपालमा खेलाँची गर्ने गरिन्छ । शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवाका क्षेत्रमा उत्कृष्ट मानिएको न्युजिल्यान्डमा स्वास्थ्य बिमालाई सरकारले अलग्गै बजेटसमेत विनियोजित गर्ने गरेको छ । दक्षिण कोरियामा 'नेसनल हेल्थ इन्स्योरेन्स'मार्फत सरकारले स्वास्थ्य बिमा उपलब्ध गराउने गरेको छ । बेलायतमा 'पब्लिक फन्डेड हेल्थ केयर' प्रणाली लागू गरिएकाले त्यहाँ बस्ने सबैले त्यसबाट फाइदा लिन सक्ने बनाइएको छ । अमेरिकामा ७० प्रतिशतभन्दा बढी मानिस स्वास्थ्य बिमामा सामेल भएका छन् । राष्ट्रपतीय निर्वाचनमा पनि 'ओबामा हेल्थ केयर'को खुबै चर्चा हुने गरेको छ । स्विट्जरल्यान्डमा बिमालाई अनिवार्य नै गरिएको छ । यति मात्र होइन, द्वन्द्वग्रस्त भनिएको रुवान्डामा समेत ९० प्रतिशत मानिसलाई स्वास्थ्य बिमासम्बन्धी कार्यक्रममा समेटिएको पाइन्छ । सिँगापुरमा पनि स्वास्थ्य बिमालाई अनिवार्य गरिएको छ, जहाँ अस्पतालमार्फत स्वास्थ्य सेवा लिनुपर्ने र त्यसमा सरकारले बिमामार्फत खर्च व्यहोर्ने प्रबन्ध गरिएको छ । स्वास्थ्य बिमाका लागि भन्दै राज्यले 'लगानी' गर्ने गरेको भए पनि नेपालमा चाहिँ सेवाग्राहीबाट आवश्यक शुल्क लिएर पनि सेवा प्रवाहमा खेलाँची गरिँदै आएको छ । एकातिर सरकारका स्वास्थ्यमन्त्री बिमा 'अमाउन्ट' वृद्धि गरेर पाँच लाख पुऱ्याउने कर्णप्रिय भाषण गर्छन् अर्कातिर देशकै ठुलो स्वास्थ्य सेवा प्रदायक त्रिवि शिक्षण अस्पताल ओपिडीबाहेकमा बिमामा स्वास्थ्य सेवा दिनै बन्द गर्छ । यो स्वास्थ्य बिमामा सरकारी क्षेत्रको हदैसम्मको खेलाँची नभए के हो ? सम्बन्धित निकाय गम्भीर बनी स्वास्थ्य बिमालाई झन्झटरहित, विश्वासिलो र नागरिकमैत्री बनाउन आवश्यक छ ।

(कानुनविद् सिलवाल पिएचडी स्कलर हुन्)

३ प्रश्न

पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक **सुभाषचन्द्र जोशी**सँग



काठमाडौं महानगरको नगरप्रहरी गौशालास्थित धर्मशाला खाली गराउन गइरहेको र मारवाडी सेवा समितिले विरोध प्रदर्शन गरिरहेको अवस्थालाई कसरी हेर्नुभएको छ ?

पशुपति क्षेत्र विकास कोष सञ्चालन परिषद्को निर्णयअनुसार कोषले गौशाला धर्मशाला सञ्चालन, व्यवस्थापन गर्न महानगरसँग सहमति गरेको हो । सम्मानित काठमाडौं जिल्ला अदालतले जुन फैसला गरेको छ, सोअनुसार स्वतः निर्णय लागू हुनुपर्ने हो । तर, त्यसो हुन सकेन । धर्मशाला कोषको अधिकार क्षेत्रभित्र छ भन्ने कुरामा उहाँहरू द्विविधामा पर्नुभयो । यसबारे छलफल गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयबाट पत्र प्राप्त भएको छ, यसमा थप छलफल होला ।

गौशाला धर्मशालाको विषयमा संघ सरकार र स्थानीय सरकारबिच भएको 'टसल' हेर्दा कोषको समन्वय अभाव भएको हो कि जस्तो देखिन्छ नि ?

हामीले अघिल्लो निर्णयमा रहेर महानगरसँग सहकार्यको कदम अगाडि बढाएको हौँ । टसलको कुरालाई लिएर केही भन्न सक्ने अवस्था रहेन ।


पशुपति क्षेत्रमा शान्ति सुरक्षाको समस्या उत्पन्न भएको भन्दै पशुपति विकास कोष सञ्चालक परिषद्को अर्को बैठक नभएसम्म त्यहाँबाट गरिएका कार्य स्थगन गर्न भनेर मन्त्रालयले पत्र पठाएको रहेछ, कोष र महानगरबिच भएको सहमति भंग हुने सम्भावना बढेको हो ?

जसको आधारमा रहेर हामीले सहमति गऱ्यौं, सोअनुसार कोषको तर्फबाट सहमति भंग हुने कुरा भएन । अहिलेसम्म हामी महानगरसँग सहकार्यमै छौं । यसको थप पुस्ट्याइँ परिषद्को आइतबारको बैठकले नै गर्ला ।

प्रेरक प्रसंग

गोर्कीको विश्वास

म्याक्सिम गोर्कीका पिता निकै क्रोधी स्वभावका थिए । आपसमा कुराकानी गर्दागर्दै उनी गोर्कीलाई अमानवीय पारामा पिट्ने गर्थे । गोर्की पढ्न चाहन्थे, तर उनका पिता उनलाई जति वेला पनि काममा मात्र जोताउन चाहन्थे । ताकि उनले पढ्नका लागि पैसा खर्च नगरून् ।



गोर्कीले केही समयसम्म बाबुका अत्याचार चुपचाप सहेर बसे तर उनको पढ्ने इच्छा दिनदिनै बढ्दै गइरहेको थियो । साथै, बाबुले पिट्ने डर पनि थियो । यस्तोमा बालक गोर्कीले एउटा उपाय खोजे । उनले एउटा कबाडी पसलमा नोकरी सुरु गरे । कबाडी पसलमा हजारौँ पुस्तक आउँथे, उनी आफ्नो खाली समयमा दुई-चारवटा पुस्तक लिएर पढ्न बस्थे । यसो गर्दा बाबुको पैसा त खर्च भएको थिएन । उल्टै उनले अलिअलि कमाइरहेका पनि थिए । तर, त्यसरी पढ्दा गोर्कीले किताबबाट केही बुझ्न भने सकिरहेका थिएनन् । जसको दृढ निश्चय हुन्छ, ऊ कसरी चुप लागेर बस्न सक्छ ?

गोर्की आफूले नबुझेको कुरा कबाडी या पसलमा आउने-जाने ग्राहकलाई सोध्थे । बिस्तार-बिस्तारै उनलाई अक्षर फेरि शब्द र अन्त्यमा अर्थको ज्ञान प्राप्त हुँदै गयो । त्यसरी सिक्दै जाँदा उनी लेख्न सक्ने पनि भए । त्यसपछि उनले आफ्नो विचार एउटा समाचारपत्रमा छाप्नका लागि पठाए । सो समाचारपत्रका सम्पादकले बधाई पत्र पठाएपछि उनी नयाँ उत्साहले लेखन कार्यमा जुटे । यसको परिणाम के निस्कियो थाहा छ ? कबाडी पसलमा नोकरी गर्ने तिनै बालकले पछि गएर 'आमा' नामको एउटा पुस्तक लेखे, जुन संसारकै सर्वश्रेष्ठ उपन्यासमध्ये एक हो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सेवा प्रवाहमा रमाऊ, उद्घाटनमा होइन !

मन्त्री भएपछि उद्घाटन नगरे के गर्ने ? मन्त्रीको काम नीति तथा योजना बनाउनेभन्दा पनि सेमिनारमा जाने, उद्घाटन गर्ने, विदेश भ्रमणमा जानेजस्तो भएको छ । मेलम्ची खानेपानी आयोजना सुरु भएको ३० वर्ष भयो, यस अवधिमा नौपटक त उद्घाटन नै भइसक्यो । अझ कतिपटक उद्घाटन हुने हो हेर्न बाँकी नै छ । वर्षभरि मेलम्चीको खानेपानी बन्द रह्यो । वर्षा कम भएपछि आउन थालेको भनिएको छ । तर, मेलम्चीको पानी काठमाडौं वितरण सुरु गरेको चार वर्ष बित्न लाग्दा पनि सरकारले उपत्यकामा निरन्तर पानी पठाउने योजना बनाउन सकेको छैन । जलस्रोतको दोस्रो धनी देशका जनता चर्को मूल्यमा पानी किनेर खान बाध्य छन्, त्यो पनि गुणस्तरहीन । कमिसन आउने भएकाले स्थानीय निकायले पनि सोचविचारै नगरी 'डिप बोरिङ' गर्न दिएका छन् । उद्घाटन, सेमिनार गरेर मात्र तलबभत्ता नपचाऊ केही जनहितका काम पनि गर ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

पशुपतिमा आँखा नलगाऊ

पशुपति गौशालास्थित धर्मशालामा परोपकारको आवरणमुनि मारवाडी सेवा समितिले व्यवसाय गरेकोमा कुनै शंका छैन । अझ डरलाग्दो त के भने समिति सो जमिनमा आफ्नो मोहीयानी हकको भएको दाबी गर्दै छ । परोपकारका नाममा बेथितीलाई प्रश्रय दिनुहुँदैन । पशुपतिनाथको जमिनमा आँखा लगाउनेको भलो हुँदैन, हेक्का रहोस् ।

● **कमल क्षेत्री**
बखुन्डोल, ललितपुर

सरकारले कर्तव्य बिर्सेको हो ?

संघीय सरकारले स्थानीय सरकारसँग भिड्ने होइन, आवश्यक परेको ठाउँमा सहयोग दिने हो । पशुपति धर्मशालाको प्रकरणमा सरकारले पशुपति विकास कोष र काठमाडौं महानगरलाई सहयोग गर्नुपर्नेमा सरकार किन यसविरुद्ध लागेको छ ? के सरकारले आफ्नो कर्तव्य बिर्सेको हो ?

● **रमिला पाठक**
थानकोट, काठमाडौं

नोबेल पुरस्कार, उपनिवेशवादलाई मान्यता

अर्थशास्त्रमा नोबेल पुरस्कार कहिल्यै पनि उपनिवेशवाद, साम्राज्यवाद वा पुँजीवाद र पश्चिमा संस्थाको सर्वोच्चतालाई चुनौती दिने खोजलाई दिइँदैन



देश/विदेश

● जोस्टिन हौज


'संस्थाले आर्थिक विकासलाई कसरी आकार दिन्छ' भन्ने खोजका लागि ड्यारोन एसिमोग्लु, साइमन जोन्सन र जेम्स रोबिन्सनलाई सन् २०२४ को अर्थशास्त्रतर्फको नोबेल मेमोरियल पुरस्कार प्रदान गरियो । कतिपयले यी विद्वान्लाई नोबेल पुरस्कार दिने निर्णय धेरै पहिले नै हुनुपर्थ्यो भनेर टिप्पणी गरेका छन् । यी विद्वान्त्रयले संयुक्त रूपमा लेखेको शोधपत्र अर्थशास्त्रमा सबैभन्दा धेरै उद्धृत हुने शोधपत्रमध्ये एक भएको छ । एसिमोग्लु र रोबिन्सनको पछिल्लो पुस्तक 'ह्वाई नेसन्स फेल'लाई पनि एकदमै प्रभावशाली पुस्तकका रूपमा लिइन्छ ।

यी विद्वान्को कामले 'सामाजिक संस्था र आर्थिक विकासबिचको सम्बन्ध'मा महत्त्वपूर्ण बहस छेडेको छ । यो बहसका लागि पुरस्कार पाएकाले यी विद्वान् बधाईका योग्य छन् । तथापि, यी विद्वान्ले पर्याप्त आलोचनाको पनि सामना गर्दै आएका छन् । संस्थाको विभाजनलाई 'समावेशी' एवं 'दोहानकारी' दुई प्रकारमा केन्द्रित गर्दै यी देशको आर्थिक विकाससँग सम्बन्धित छन् भन्ने विश्लेषण आलोचनाको प्रमुख विषय बनेको छ । यी अध्येताका अनुसार समावेशी संस्थामा सम्पत्ति अधिकारको रक्षा गर्ने, लोकतन्त्रलाई समर्थन गर्ने र भ्रष्टाचार कम गर्ने संस्था पर्छन्, जसले आर्थिक वृद्धिलाई प्रोत्साहन गर्छ । यसविपरीत दोहनकारी संस्थाले शक्तिको केन्द्रीकरण गर्छ, राजनीतिक स्वतन्त्रतालाई बन्देज लगाउँछ, सम्पत्तिलाई सीमित अभिजात वर्गमा केन्द्रित गर्छ र विकासमा बाधा पुऱ्याउँछ । समावेशी संस्थाको स्थापनाले आर्थिक समृद्धिमा दिगो सकारात्मक प्रभाव पारेको र अहिले उच्च आय भएका पश्चिमी मुलुकमा त्यस्ता संस्था देखिएको पुरस्कार विजेताको तर्क छ । यो विश्लेषणको प्रमुख आलोचना भनेकै आर्थिक विकासका लागि निश्चित संस्था आवश्यक छन् भन्ने दाबी हो । युनिभर्सिटी अफ लन्डनका अर्थशास्त्रका प्राध्यापक मुस्ताक खानले एसिमोग्लु, जोन्सन र रोबिन्सनको कामको आलोचना गरेका छन् । उनका अनुसार पुरस्कार विजेताको विश्लेषणले मुख्यतया आजका धनी राष्ट्रका अर्थात् पश्चिमजनित संस्था सूचकांकमा उच्च स्थानमा रहेको देखाउँछ । तर, यी राष्ट्रले पहिले समावेशी संस्था स्थापना गरेका कारणले आर्थिक समुन्नति हासिल गरेका हुन् भन्ने प्रमाणित हुँदैन । सिंगापुर, दक्षिण कोरिया र ताइबानजस्ता मुलुकले यस्ता संस्थाविना नै तीव्र आर्थिक वृद्धि साक्षात्कार गरेका छन् । चीनलाई पछिल्लो उदाहरणमा लिन सकिन्छ ।

चीनको विकासको क्रममा भ्रष्टाचार कति व्यापक थियो भनेर युएन आडका चर्चित पुस्तकले प्रकाश पार्छन् । नोबेल पुरस्कारको घोषणापछि आडले विजेतात्रयको सिद्धान्तले चीनको विकास मात्र नभई पश्चिमको वृद्धिलाई पनि व्याख्या गर्न असफल भएको टिप्पणी गरेकी छन् । उनी अमेरिकाको विकासको क्रममा पनि त्यहाँका संस्थाहरू भ्रष्टाचारले ग्रस्त थिए भन्छिन् ।

उपनिवेशवादको क्रूरतालाई अनदेखा गर्ने विश्लेषण : एसिमोग्लु, जोन्सन र रोबिन्सनले जोड दिएका केही समावेशी संस्थालाई पछ्याउँदा राष्ट्रहरूको अहित हुँदैन, तर यी विद्वान्को विश्लेषणले पश्चिमा संस्थाको प्रभुत्वलाई नै मलजल गर्छ, अझ साम्राज्यवाद र उपनिवेशवादको औचित्यलाई नै पुष्टि गर्छ । उपनिवेशवादको क्रूरतालाई बेवास्ता गरेकोमा यी विद्वान्को कामको आलोचना गरिएको छ । यसलाई ठिकसँग बुझ्न हामीले यी विद्वान्को विधिलाई थप मिहिनसँग जाँच्नुपर्छ ।

विजेतात्रयले अमेरिका, क्यानडा र अस्ट्रेलियाजस्ता उपनिवेशकारी राज्यका मानिसले बस्ती बसालेका उपनिवेश अर्थात् 'सेटलर कोलोनी'को दीर्घकालीन विकासलाई तर्कको मूल आधार बनाएका छन् । विजेताका अनुसार सेटलर कोलोनी उपनिवेशमा



तस्बिर : बम्बल डी/सटरस्टक

युरोपेलीले समावेशी संस्था स्थापना गरेका थिए भने अफ्रिका, एसिया, ल्याटिन अमेरिकालगायत गैरआवादी उपनिवेशमा दोहनकारी संस्था कायम थिए । सेटलर कोलोनीले समयक्रमसँगै गैरसेटलर उपनिवेशलाई पछाडि पारेका छन्, अर्थात् युरोपेली संस्था विकासका लागि अधिक अनुकूल छन् । औपनिवेशिकता नै यी विद्वान्को विश्लेषणको मुख्य तत्त्व हो । र, उदेकलाग्दो के भने यी विद्वान्ले औपनिवेशिकताका कारण चुकाउनुपरेको मूल्यलाई पूर्ण रूपमा उपेक्षा गरेका छन् ।

समावेशी संस्था रहेको भनिएका छन्, ती मुलुकमा वर्षौं चलेको हिंसा र आदिवासी जनसंख्याको नरसंहारलाई ती मुलुकको विकासको प्रक्रियाकै हिस्सा मान्नुपर्ने होइन र ? पुरस्कार प्राप्त गरेपछि एसिमोग्लुले औपनिवेशिकताबारे सोधिएको प्रश्नलाई खारेज गर्दै 'औपनिवेशिकता राम्रो वा नराम्रो हो भनेर प्रश्न सोध्नुको सट्टा हामीले विभिन्न औपनिवेशिक रणनीतिले निम्त्याएका विभिन्न संस्थागत ढाँचालाई हेर्नुपर्छ' भनेका थिए । यो जवाफले केहीलाई हैरान पार्न सक्छ, तर अर्थशास्त्र विधासँग परिचित व्यक्तिहरू यो जवाफलाई अनौठो मान्दैनन् ।

मूलधारको अर्थशास्त्रमा गुणात्मकता वा भावनात्मक मूल्यविनाको आर्थिक विश्लेषणलाई सम्मानको सूचक मानिन्छ । यसले अर्थशास्त्र विधाभित्रको एउटा महत्त्वपूर्ण मुद्दा अर्थात् अर्थशास्त्र विधा समाज विज्ञानका अन्य विधाबाट टाढिएको अवस्थालाई बिम्बित गर्छ । अर्थशास्त्रको नोबेल पुरस्कार मूल पाँच नोबेल पुरस्कारको हिस्सा होइन र यो नै समस्याको मुख्य जरो हो । विगतका विजेता पनि प्रायः साँघुरो भौगोलिक र संस्थागत क्षेत्रका छन्, तिनले मूलतः प्रतिष्ठित अमेरिकी विश्वविद्यालयलाई नै प्रतिनिधित्व गर्छन् ।

हालैको एक अध्ययनले अर्थशास्त्रमा पुरस्कारको संस्थागत तथा भौगोलिक एकाग्रता अन्य क्षेत्रको तुलनामा बढी रहेको देखाउँछ । लगभग सबै प्रमुख पुरस्कार विजेताले आफ्नो पेसागत जीवनका दौरानमा अमेरिकाका शीर्ष १० विश्वविद्यालयमा कुनै न कुनै किसिमले जोडिएका छन् । यो वर्षको नोबेल पुरस्कार पनि यसबाट अपवाद छैन । हरेक वर्ष अर्थशास्त्रको नोबेल पुरस्कार 'एक्स भेरियबलमा हुने परिवर्तनले वाई भेरियबलमा के प्रभाव पार्छ' भनेर गरिएको खोजीका लागि दिइने गरिन्छ । र, यो पुरस्कार कहिल्यै उपनिवेशवाद, साम्राज्यवाद वा पुँजीवाद र पश्चिमा संस्थाको सर्वोच्चतालाई चुनौती दिने खोजलाई दिइँदैन ।

(हौज क्याम्ब्रिज विश्वविद्यालयका विकास अध्ययनका उप-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

दान दिने पात्रको 'आचरण'को कुनै अर्थ हुँदैन ?

इमानदार र सादगीको प्रतीक मानिएका मनमोहन अधिकारी र मदन भण्डारी अहिले जीवित हुन्थे भने उनीहरूले पनि एक विवादास्पद व्यापारीबाट पार्टी भवन निर्माणका लागि जमिन स्विकार्थे होलान् ? उनीहरूले दाताको गह्रुँगो प्रस्ताव मात्र हेर्थे होलान् कि उसको पृष्ठभूमि र छवि पनि निहाल्थे होलान् ? सायद, दाताले दिने सहयोग नितान्त शुद्ध मन र आचरणले कमाएको धन हो कि कैफियत गरी कमाएको धन भनेर पनि पक्कै हेर्थे होलान् । एमाले निर्माण गर्ने मनमोहन र मदन भण्डारीको अभीष्ट के थियो ? नाजायज धन थुपार्ने, अवैध धन कमाउने, आचरण खराब नै भए पनि त्यो दातालाई महान् पुकार्दै उसको सहयोग स्विकार्ने ? वा एउटा समुन्नत देश र इमानदार नागरिक बनाउने थियो ? एमाले नेतृत्वले आमजनता र पार्टी कार्यकर्तालाई जवाफ दिनैपर्छ । नेतृत्वको निर्णयलाई विनासोचविचार स्वीकार गर्ने उनीपछिका नेताले पनि यसको जवाफ दिनुपर्छ ।

गलतलाई गलत भन्न सक्ने के एमालेमा अब बिन्दा पाण्डे मात्र बाँकी हुन् ? अष्टलक्ष्मी शाक्य, प्रदीप ज्ञवाली, योगेश भट्टराईहरूलाई ओलीविरुद्ध बोले आफूहरूलाई भीम रावल र घनश्याम भुसाल हुनुपर्ने डरले चुप गराएको हो ? यो प्रकरणमा बोल्नु नै पर्ने व्यक्ति मदन भण्डारीकी पत्नी विद्या भण्डारी हुन् । जनता विद्या भण्डारीको मुखबाट ओलीको यो निर्णय सही हो कि गलत सुन्न चाहन्छन् । कांग्रेसलाई पार्टी भवन निर्माण गर्न जमिन दिने दाता मैयादेवी श्रेष्ठ र यी मीनबहादुर गुरुङबिच आकाश-जमिनको अन्तर छ । तर, ओली र उनका अनुचरको नजरमा मीनबहादुर दानवीर, भगवान्सरह भएका छन् ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हमास नेता सिनवार मारिएको इजरायलले गऱ्यो पुष्टि

सिनवारलाई पक्रन इजरायलले ठुलो गुप्तचर स्रोत खर्च गरे पनि अन्तमा उनी गस्तीमा हिँड्ने नियमित सेनाबाट मारिएका छन्

गत वर्ष अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणका प्रमुख योजनाकार हमास नेता याह्या सिनवार इजरायली स्थल सेनासँगको अप्रत्याशित भिडन्तमा मारिएका इजरायली सेनाले पुष्टि गरेको छ। इजरायल डिफेन्स फोर्सेस (आईडिएफ)का अनुसार तिनको स्थल सैनिकको नियमित गस्ती टोलीले शंस्कापद अवस्थाका तीन प्यालेस्टिनी लडाकुविरुद्ध कारबाही गर्दा सिनवार मारिएको जानकारी दिएको छ। तीन लडाकुमध्ये एक सिनवार भएको शंका लागेपछि त्यसलाई पुष्टि गर्न शव परीक्षण गरिएको थियो। डिएनए परीक्षणका लागि शव इजरायल लगिएको थियो। आईडिएफका प्रवक्ताले घटनालगत्तै मृतकमध्ये एकजना सिनवार हुने सम्भावना 'अत्यन्त उच्च' भएको दाबी गरेका थिए।

इजरायली अधिकारीले शवमध्ये एक सिनवार भएको पुष्टि गर्न शवहरूको डिएनए परीक्षणका अतिरिक्त शवको औँठाछाप र दाँतको रेकर्ड पनि हेरेको यस विषयमा परिचित व्यक्तिलाई उद्धृत गर्दै इजरायली मिडियाले बताएका छन्। सिएनएनको एक समाचारअनुसार इजरायली सरकारले सिनवारको सम्भावित मृत्यु पुष्टि गर्न शवहरूको डिएनए परीक्षण भइरहँदा त्यसको जानकारी अमेरिकी अधिकारीलाई पनि गराएका थिए। विगतमा हत्याको आरोपमा दुई दशकभन्दा लामो समय इजरायली जेलमा रहँदा इजरायलले सिनवारको बायोमेट्रिक संकलन गरेको राखेको थियो। तिनै तथ्यले शव उनैको भएको पुष्टि गरेको आइडिएफले जानकारी दियो।

इजरायली सरकारको लगानी रहेको र सेनाले सञ्चालन गर्दै आएको 'कान रेडियो'ले पनि हमास नेता कुनै विशेष गुप्तचर अभियानमा नभएर 'संयोगले' सामान्य भिडन्तमा मारिएको बतायो। रेडियोका अनुसार सिनवार मारिएका स्थान नजिक धेरै नगद र नक्कली आइडी पनि फेला परेका थिए। बिहीबार रातिदेखि नै घटना भएको भनिएको स्थानमा छरिएका शवका तस्बिर र भिडियो इजरायली मिडियामा प्रसारित हुन थालिसकेका थिए। भिडियोमा खाकी पहिरनमा रहेको सिनवारजस्तो देखिने शव भत्किएको भवनको भग्नावशेषमा लडिरहेको देखिन्छ। समाचार सस्थाले भिडियो फुटेज तथा तस्बिर कहिले र कहाँ लिइएको हो भन्ने स्पष्ट गरेका थिएनन्।



> इजरायली अधिकारीले तीन शवमध्ये एक सिनवार भएको पुष्टि गर्न शवहरूको डिएनए परीक्षणका अतिरिक्त शवको औँठाछाप र दाँतको रेकर्ड पनि हेरेको इजरायली मिडियाले उल्लेख गरेका छन्। दुई दशक लामो कारावासमा रहँदा इजरायलले सिनवारको बायोमेट्रिक संकलन गरेर राखेको थियो

इजरायली टेलिभिजन 'च्यानल १२' का अनुसार एउटा तोपसहित नियमित गस्तिमा हिँडेको पैदल सैनिकको बटालियनले एक भवनतर्फ दगुरिरहेको मान्छे देखेपछि कारबाही गरेको थियो। कारबाहीका क्रममा लडाकू भागेका भवनमा तोपको गोला हानिएको थियो।

त्यसपछि तीनजनाकै शवहरू भग्नावशेषमुनि गाडिएको अवस्थामा भेटिएको। सिनवार मृत्युलाई इजरायली सेना र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको ठुलो सफलताका रुपमा हेरिएकोछ, जसले एक वर्षदेखि सिनवारलाई इजरायलको मुख्य शत्रु घोषणा गर्दै आएका थिए। आखिर, नेतन्याहु सरकारले अक्टोबर ७ को हमास आक्रमणपछि सुरु गरेको जवाफी कारबाहीको सन्दर्भमा लिएका दुई प्रमुख लक्ष्यमध्ये हमास (सिनवार)को विनाशलाई बन्धकको रिहाइभन्दा उच्च प्राथमिकतामा राखेझैं देखिदैं आएको थियो।

सिनवारको योजनामा भएको अक्टोबर ७ को आक्रमणको जवाफमा इजरायलले गाजा क्षेत्रमा गरेको व्यापक आक्रमणमा ठुलो धनजन क्षति भईसकेको छ। गाजाको स्वास्थ्य अधिकारीका अनुसार इजरायली कारबाहीमा ४१ हजारभन्दा बढि प्यालेस्टिनी मारिइसकेका छन् भने ९० हजार गाजावासीले तिनको घर गुमाए छन्। निरन्तरको आक्रमणको कारण झन्डै २३ लाख गाजाबासी भोकमरीको संघारमा छन्।

इजरायलले एक वर्षदेखि सिनवारको पक्राउ वा हत्याका लागि कुनै पनि स्रोत प्रयोग गर्न बाँकी छाडेको थिएन। सिनवारको खोजीमा इजरायली सेनाको विशेष कमान्डोले उन्नत प्रविधि प्रयोग गरिरहेको थियो। उक्त खोज अभियानलाई सघाउन इजरायली गुप्तचर अधिकारीको एउटा कार्यदल, इजरायल डिफेन्स फोर्सेस(आइडिएफ)को विशेषतः अप्रेसन एकाइ, सैन्य इन्जिनियर र गुप्तचर सम्मिलित थिए। तिनको कारबाहीलाई 'सबाक' भनिने इजरायली सुरक्षा एजेन्सीले समन्वय गरिरहेको थियो। तथापि, त्यस अभियानले आफ्नो निसानाको भेउसमेत पाउन सकेन।

उसो त इजरायलले स्थापनाकालदेखि नै नेतालक्षित हत्या अभियानलाई आफ्नो मुख्य रणनीति बनाउँदै आएको छ। यसैले दोस्रो विश्वयुद्धपछि इजरायलले अन्य कुनै पश्चिमी देशले भन्दा धेरै नेतालक्षित हत्या गरिसकेको छ। 'कम्ब्याट इन्जिनियरिङ कोर्प'को विशेष शाखा 'यायालोम'सँग पश्चिमी सेनाका उसका समकक्षीभन्दा धेरै सुरुङ युद्धको अनुभव छ। सुरुङको खोजीका लागि इजरायलले अमेरिका निर्मित जमिनमुनिको सुरुङ पत्ता लगाउने अति उन्नत उपकरण प्रयोग गरिरहेको छ। इजरायलको सञ्चार गुप्तचर एकाइ आठ हजार २०० विद्युतीय युद्धमा विश्वकै अग्रणी संस्था हो। यसले दशकौंदेखि हमासको सञ्चार कुराकानीमा पहुँच पाउँदै आएको छ। इजरायलले सिनवारलाई पक्रन ठुलो गुप्तचर स्रोत खर्च गरे पनि अन्तमा उनी गस्तीमा हिँड्ने नियमित सेनाले मारिएका छन्।

सिनवारको खोजमा संलग्न कार्यदलको अनुमानमा उनले लामो समयदेखि विद्युतीय सञ्चार माध्यमको प्रयोग गर्न छाडिदिएका थिए। आखिर, सिनवारले इजरायली जेलमा हुँदा इजरायली भाषा(हिब्रु) मात्र होइन, तिनको क्षमता र संस्कृति पनि अध्ययन गरेका थिए। तथापि, सिनवार अहिले पनि बाह्य विश्वसँग सम्पर्कमा नरहेका भने होइनन्। कायरो र दोहामा भएका युद्धविरामसम्बन्धी लामा-लामा वार्ता सिनवारका अडानसम्बन्धी सन्देश हासिल गर्नकै लागि रोकिने गरेका थिए। सिनवार गत जुलाईमा इरानको राजधानी तेहरानमा इजरायली आक्रमणमा इस्माइल हानिय मारिएपछि हमासका सर्वोच्च नेता पनि हुन्।

सन् १९८९ मा उनलाई दुई इजरायली सैनिक र चार प्यालेस्टिनीको अपहरण गरी हत्या गरेको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको थियो। उनले २२ वर्ष जेल जीवन बिताए र त्यस क्रममा सम्मानित जेल नेताका रूपमा उदाए। उनी सन् २०११ मा इजरायली सिपाही गिलाड सालितलाई कैदी आदानप्रदानका क्रममा रिहा भएका एक हजारमध्ये एक थिए। गाजा फर्किएपछि उनले विवाह गरे र उनका छोराछोरी भए।

सिनवार सन् २०१७ मा अन्य हमास सदस्यको गोप्य मतदानबाट गाजा क्षेत्रका लागि हमासको प्रमुख निर्वाचित भएका थिए। उनी कैयौंपटक इजरायली हत्या प्रयासबाट बच्दै आएका थिए। हमासका अन्य केही वरिष्ठ नेताविपरीत सिनवार प्यालेस्टिनी राज्यको निर्माणको एक मात्र मार्ग सशस्त्र संघर्ष भन्ने विश्वासबाट कहिल्यै डगमगएनन्। इजरायली सेनाका अनुसार सिनवार यसअघि जनवरीमा पनि पक्राउ पर्नबाट थोरैले मात्र बचेका थिए। खान युनिस क्षेत्रमुनि उनले प्रयोग गरिरहेको बंकर उनले छाडेको केही दिनपछि नै इजरायली सेना पुगेको थियो। सेनाले उनका कपडा र १० लाख सेकेल(इजरायली मुद्रा) नोटसहित उनको उपस्थितिको डिएनए प्रमाण फेला परेको थियो।

- एजेन्सीको सहयोगमा

इतिहासमा आज



सन् १८६७ : लामो बहसपछि तत्कालीन अमेरिकी विदेशमन्त्री विलियम सेवार्ड अलास्का खरिद गर्न उनले गरेको सम्झौता अमेरिकी संसद्बाट अनुमोदन गराउन सफल भए। योसँगै ७२ लाख डलरमा किनिएको सो विशाल भूमि औपचारिक रूपमा रुसबाट अमेरिकाको स्वामित्वमा आयो। त्यतिखेर यो खरिद यति लोकप्रिय थियो, यसलाई विदेशमन्त्री सेवार्डको मूर्खता र करदाताको रकमको बर्बादीको संज्ञा दिइएको थियो। त्यसैले यस सम्झौताको पक्षमा संसद्लाई मनाउन सेवार्डलाई लामो समय लागेको थियो।

सन् १९१८ : चेकोस्लोभाकियाले अस्ट्रिया-हंगेरी साम्राज्यबाट अलग भएको घोषण गऱ्यो।

सन् १९२२ : ब्रिटिस ब्रोडकास्टिङ कम्पनी (बिबिसी) आजकै दिन स्थापना भएको थियो। पाँच वर्षपछि संस्थाको नाम हालको 'ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन'मा बदलियो।

सन् १९३१ : चर्चित अमेरिकी आविष्कारक थोमस अल्बा एडिसनको न्युजर्सीमा निधन भयो।

सन् १९६७ : सोभियत अन्तरिक्षयान 'भेनेरा चतुर्थ' बुध ग्रहको वायुमण्डलमा प्रवेश गरेसँगै यान अर्को ग्रहको वायुमण्डल प्रवेश गर्ने पहिलो मानव निर्मित यान बन्यो।

सन् १९८९ : पूर्वी जर्मनीका राष्ट्रपति एरिक होनेकरले राजीनामा दिए। होनेकरको राजीनामाको एक महिनाभित्रै पूर्वी जर्मनीको कम्युनिस्ट शासन ढल्यो।

सन् २००७ : आठ वर्ष लामो निर्वासनपछि दुईपटककी प्रधानमन्त्री (सन् १९८८-९० र सन् १९९३-९६) बेनजिर भुट्टो पाकिस्तान फर्किइन्। फर्किएको केही घण्टापछि कराचीमा भएको आत्मघाती विस्फोटमा उनी संयोगले बाँच्न सफल भएकी थिइन्। तर, सोही वर्ष अर्को आक्रमणमा पहिलेजस्तो बच्न सफल भइनन्।

सन् १००९ : फातिमी खलिफा अल-हकिम बि-मर अल्लाले जिसस क्राइस्टको अस्तु राखिएको विश्वास गरिने जेरुसेलमस्थित 'चर्च अफ सेपल्कर' जगसम्म खनेर नष्ट गरिदिए।

उत्तर कोरियाले बमले उडायो दक्षिणतर्फ जाने सडक र रेलमार्ग

प्योङयाङ / उत्तर कोरियाली सरकारले देशलाई दक्षिण कोरियासँग जोड्ने सडक र रेलमार्गका केही भाग बम विस्फोट गरी नष्ट गरेको छ। देशका सरकारी मिडियाले 'शत्रु राज्य'सँगका सबै सम्पर्क टुटाउन उक्त कदम चालिएको स्पष्टीकरण दिएको छ। उत्तर कोरियाको राष्ट्रिय सेनाले उत्तर र दक्षिण कोरियालाई जोड्ने अन्तर-कोरियाली सीमा सडक तथा रेलमार्गको पूर्वी तथा पश्चिमी खण्डको करिब ६० मिटर हिस्सा नष्ट गरेको उत्तर कोरियाली समाचार एजेन्सी 'कोरियन सेन्ट्रल न्युज एजेन्सी(केसिएनए)'ले जनाएको छ। पछिल्लो कदम सरकारको उत्तर र दक्षिणलाई 'पूर्ण रूपमा अलग्याउने चरणबद्ध अभियानको हिस्सा' भएको केसिएनएले जनाएको छ।

'यो प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (उत्तर कोरिया)को संविधानले औंल्याएको एक अपरिहार्य र वैध मार्ग हो, जुन दस्ताबेजले गणतन्त्र कोरिया(दक्षिण कोरिया)लाई शत्रु राज्यको रूपमा स्पष्ट परिभाषित गरेको छ। शत्रु पक्षको गम्भीर राजनीतिक र सैन्य उत्तेजनाका कारण परिस्थिति युद्धको संघारमा पुगेको अहिलेको चिन्ताजनक सुरक्षा परिस्थितिमा यो कदम अनिवार्य भएको थियो,' केसिएनएले समाचारमा भनेको छ। केसिएनएले उत्तर कोरियाको रक्षा मन्त्रालयका प्रवक्तालाई उद्धृत गर्दै प्योङयाङले दुई कोरियाबिचको सीमा 'स्थायी रूपमा सुदृढ' बनाउन थप उपाय चालिने बताएको छ। गत साता बसेको उत्तर कोरियाको विधायिकी निकाय 'सर्वोच्च जनसभा'ले देशको संविधान पुनर्लेखन गर्दै दक्षिण कोरियालाई 'शत्रु राज्य' उल्लेख गरेको थियो। यही वर्षको सुरुमा, अर्थात् जनवरीमा देशको 'रबर स्ट्याम्प' संसद्लाई सम्बोधन गर्ने क्रममा उत्तर कोरियाली नेता किम जोङ उनले दक्षिण कोरियासँग पुनः एकीकरणको सम्भावना अन्त्य भएको बताउँदै, सो देशलाई 'शत्रु देश'को रूपमा परिभाषित गर्न संविधान परिमार्जन गर्नुपर्ने बताएका थिए। 'हामी युद्ध चाहँदैनौं, तर फेरि डराउँदै युद्ध पन्छाउने पक्षमा पनि छैनौं,' किमलाई उद्धृत गर्दै त्यतिवेला केसिएनले भनेको थियो। उता दक्षिण कोरियाली सेनाको 'जोइन्ट चिफ्स अफ स्टाफ'ले मंगलबार उत्तर कोरियाली सेनाले अहिले प्रयोगमा नरहेको दुई कोरियालाई जोड्ने सडकको उत्तरी हिस्सा नष्ट गरेको पुष्टि गऱ्यो।



सन् १९५०-५३ बिच भीषण गृहयुद्धपछि दुई कोरियामा विभाजित मुलुकले युद्धविराम मात्र गरेका छन्। युद्ध अन्त्य गर्नेसम्बन्धी कुनै स्थायी शान्ति-सम्झौता नभएकाले दुई मुलुक अझै पनि प्राविधिक रूपमा युद्धमै छन्। गत वर्ष दुई देशको सीमा क्षेत्रमा सैन्य झडपको जोखिम कम गर्ने उद्देश्यले सन् २०१८ मा भएको एक सैन्य सम्झौता भंग भएयता तनाव उच्च बिन्दुमा पुगेको छ। उत्तर कोरियाको विदेश मन्त्रालयले गत हप्ता दक्षिण कोरियाले राजधानी प्योङयाङमाथि प्रोपागान्डाकारी सामग्री बोकेका ड्रोन पठाएको आरोप लगाउँदै 'बदला' लिने धम्की दिएको थियो। दक्षिण कोरियाली सेनाको 'जोइन्ट चिफ्स अफ स्टाफ'ले आफ्नो छिमेकीको उक्त आरोप पुष्टि गर्न नसकिने भन्दै 'संयमता अपनाउन र लापरबाही नगर्न' आग्रह गरेको थियो।

मस्क र बेलायती प्रधानमन्त्रीबिच विवादको अन्तर्य

गलत सूचनाको विस्तारमा मस्कका भ्रामक ट्विटले आगोमा घिउ थप्ने काम गरेको छ



● सय्यद जुबैर अहमद



> केहीअघि मस्कले सामाजिक सञ्जाल एक्समा एक आधारहीन समाचार सेयर गरे, जहाँ बेलायतले फकल्यान्ड टापुमा दंगाकारीका लागि नजरबन्द शिविर निर्माण गरेको उल्लेख थियो। यद्यपि चौतर्फी विरोध र प्रतिक्रियापछि उनले उक्त ट्विट डिलिट गरे।

भन्डै एक वर्षअघि टेक अर्बपति एलोन मस्क एक सम्मेलनमा बेलायतका स्टार अतिथि थिए। तत्कालीन प्रधानमन्त्री ऋषि सुनकले विश्वको सबैभन्दा धनी व्यक्तिको मन जित्ने प्रयासमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। तर, एक वर्षपछि बेलायतमा धेरै परिवर्तन भएका छन्। जुलाईमा सत्तामा आएको लेबर सरकारले अक्टोबर १४ मा लन्डनमा आयोजित मेगा इन्भेस्टमेन्ट समिटमा मस्कलाई आमन्त्रण गरेको थिएन।

टेस्ला र एक्सका मालिकले स्पष्ट रूपमा बेवास्तालाई मन पराएनन् र पूर्ण शक्तिका साथ युके सरकारको विरोध गरे र पाहुनाहरूलाई बेलायत नजान आग्रह गरे। 'सामाजिक सञ्जालमा गरिएका पोस्टका आधारमा मानिसलाई कैद गर्नका लागि उनीहरूले दोषी बालदुराचारी रिहा गरिरहेका वेला कोही पनि बेलायत जानुपर्छ भन्ने मलाई लाग्दैन,' आफूलाई आमन्त्रित नगरिएको थाहा पाएपछि आक्रोशित बनेका मस्कले भने।

यो सत्य हो कि बेलायती जेलमा भिडभाड कम गर्ने सरकारी योजनाअन्तर्गत हालै धेरै कैदी रिहा भएका छन्। तर, यौन अपराधी वा बाल यौन दुर्व्यवहार गर्नेहरूलाई छाडिएको भन्ने कुनै प्रमाण छैन। मस्कको ट्विटले विवाद उत्पन्न गरेको छ र गलत सूचना फैलाउने चिन्ता बढाएको छ। बेलायती मिडियाले प्रविधिसम्बन्धी अर्बपति मस्कलाई युकेका बारेमा 'विकृत सूचना फैलाउने' हालै गरिएका कार्यको स्मरणसमेत गराएको छ। केही हप्ताअघि मस्कले सामाजिक सञ्जालमा एक आधारहीन रिपोर्ट सेयर गरे, जहाँ बेलायतले फकल्यान्ड टापुमा दंगाकारीका लागि नजरबन्द शिविर निर्माण गरेको दाबी उल्लेख थियो। यद्यपि चौतर्फी विरोध र प्रतिक्रियापछि उनले तुरुन्तै ट्विट डिलिट गरे। प्रधानमन्त्री केयर स्टारमरले न्युयोर्कमा आयोजित संयुक्त राष्ट्र महासभा (युएनजिए) को आफ्नो हालैको भ्रमणका क्रममा मस्कको पछिल्लो उत्तेजक टिप्पणीलाई सम्बोधन गरे। लगानीकर्ताले कार्यक्रममा भाग लिन चासो व्यक्त गरेको र बेलायत सरकारसँगको बैठकको प्रशंसा गरेको आफूले पाएको प्रधानमन्त्रीले दाबी गरे।

शिखर सम्मेलन (सन् २०२१ पछिको तेस्रो संस्करण)ले लेबर सरकारका लागि उच्च प्राथमिकतामा रहेको आर्थिक वृद्धिलाई अगाडि बढाउन महत्त्वपूर्ण लगानी आकर्षित गर्ने लक्ष्य राखेको छ। एक सरकारी विज्ञप्तिअनुसार गत वर्षको बैठकले लगभग ३० अर्ब युरो लगानीको प्रतिज्ञा गरेको थियो। यो वर्ष चान्सलर (अर्थमन्त्री) राचेल रिभ्स र व्यापारमन्त्री जोनाथन रेनोल्ड्स बेलायतको क्षमता प्रदर्शन गर्न स्टारमरसँग सामेल भए। सरकारले प्रविधि, हरित ऊर्जा र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता क्षेत्रमा करिब ६० अर्ब पाउन्डको लगानी प्रतिबद्धता सुरक्षित गर्ने आशा राखेको छ। तर, मुख्य समस्या मस्कप्रति सरकारको बेवास्ता हो। यसले खुलापनप्रति बेलायतको साँचो प्रतिबद्धता र लेबर सरकारको आलोचना गर्ने प्रभावशाली व्यवसायी नेतासँग संलग्न हुन इच्छुक छ कि छैन भन्ने बहसलाई प्रज्ज्वलित गरेको छ। सरकारले विश्वव्यापी व्यापारिक साझेदारसँग सम्बन्ध पुनर्स्थापित गर्न र नवीनतालाई प्रवर्द्धन गर्न खोज्दा मस्कका समर्थक र विपक्षी कन्जर्भेटिभ पार्टीले स्टारमरका आफ्ना भनाइ व्यावहारमा लागू हुने कुरामा प्रश्न उठाएका छन्। टेक अर्बपतिको भडकाउपूर्ण टिप्पणीका बाबजुद उनलाई बेवास्ता गर्ने लेबर सरकारको निर्णयले बदला र क्षुद्रतालाई प्रकट गर्छ। मस्क सामान्य मानिस होइनन्। आधुनिक व्यवसाय, प्रविधि र समाजमा उनको प्रभाव निर्विवाद छ। म उनलाई इजरायली इतिहासकार र विचारक युवल नोआह हरारीको दर्जामा मूल्यांकन गर्छु। दुवैजना हाम्रो समयका दूरदर्शी तर फरक दृष्टिकोण भएका व्यक्तित्व हुन्। म भन्न चाहन्छु कि हरारीले आत्मनिरीक्षण र सामाजिक विकासलाई प्रोत्साहित गर्दै समग्र अवस्थामा ध्यान केन्द्रित गर्दा मस्क भने सक्रिय रूपमा ग्राउन्ड ब्रेकिङ टेक्नोलोजीमार्फत भविष्यलाई आकार दिन्छन्। यसमा कुनै शंका छैन कि दुवै मानव क्षमताको हाम्रो बुझाइलाई प्रेरणा र चुनौती दिन्छन्।

जुलाईमा लेबर पार्टी सत्तामा आएदेखि मस्क र स्टारमरबिचको सम्बन्ध निकै चिसो भएको छ। धेरैले विश्वास गर्छन् कि अगस्टमा सत्तामा आएपछि लेबर सरकारले कसरी राष्ट्रव्यापी दंगालाई सम्हाल्यो भन्नेबारे अमेरिकी अर्बपति मस्कको अप्रिय टिप्पणीप्रति स्टारमर रिसाएका छन्। र, यो धेरै हदसम्म सत्य पनि हो। साउथपोर्टमा तीन बालबालिकाको ज्यान लिने गरी भएको छुरा हमलापछि मस्कले उत्तेजक एजेन्टको भूमिका निर्वाह गरे, किनभने उनले स्टारमर र उनको नयाँ सरकारविरुद्ध आलोचनाको बाढी निकाल्नु थियो। आफ्नो एउटा ट्विटमा मस्कले बेलायतमा 'गृहयुद्ध' हुने अशुभ भविष्यवाणी गरेका छन्। एक्समा मस्कका १९३ मिलियन फलोअर छन्, जसको मतलब उनले उक्त प्लेटफर्ममा जे भन्यो, त्यो सेकेन्डभरमा विश्वभर फैलिन्छ। यसमा कुनै शंका छैन कि गलत सूचना र अति दक्षिणपन्थी र चरमपन्थीका कारण हिंसा र दंगा देशभर फैलिएको छ। त्यसमाथि मस्कको भ्रामक ट्विटहरूले आगोमा घिउ थप्यो। लेबर सांसदको प्रतिक्रिया द्रुत र कडा थियो। पार्टीभित्रका प्रमुख व्यक्तित्वले मस्कले जानाजानी गलत सूचना फैलाएको र ब्रिटिस समाजमा विभाजन छर्न खोजेको आरोप लगाए। एक लेबर सांसदले मस्कको हस्तक्षेपलाई 'घोर गैरजिम्मेवार'को रूपमा वर्णन गर्दै उनका टिप्पणी विद्यमान सामाजिक विभाजनमा उत्प्रेरक भएको आरोप लगाए।

स्टारमरको कार्यालयले पनि मस्कको 'गृहयुद्ध अपरिहार्य छ' भन्ने टिप्पणीको निन्दा गऱ्यो। त्यस्तो टिप्पणीको कुनै औचित्य नभएको भन्दै कार्यालयले मस्कका टिप्पणीलाई खारेज गरिदियो। तर, धेरै दक्षिणपन्थी वृत्तमा अभिव्यक्ति स्वतन्त्रताको रक्षकको रूपमा देखिएका मस्कलाई मौन राख्न वा मुख थुन्न सजिलो छैन। तर, मस्क स्टारमरमाथि पुनः खनिए। दंगाको क्रममा बेलायती पुलिसलाई गोरा प्रदर्शनकारीमाथि कठोर भएको आरोप लगाए उनले उत्तेजक ट्विटको शृंखलालाई निरन्तरता दिए।

'हामी मस्जिद र मुस्लिम समुदायमा भएका आक्रमण सहने छैनौं' भन्दै एक्समा स्टारमरले गरेको टिप्पणीमा मस्कले जवाफ दिए, 'के तपाईं सबै समुदायमा हुने आक्रमणबारे चिन्तित हुनुपर्दैन ?' अर्को पोस्टमा उनले बेलायतले अनलाइन सामग्री सेन्सर गरिरहेको दाबी गरे र सोधे, 'यो बेलायत हो कि सोभियत संघ ?' एक हिसाबले भन्नुपर्दा मस्क र स्टारमरबिचको ट्विट युद्ध नै भयो, जहाँ मस्क निकै खरो रूपमा उपस्थित भए।

मस्क र बेलायत सरकारबिचको द्वन्द्व कुनै पृथक् घटना होइन। इतिहासभरि प्रभावशाली उद्योगपति र व्यवसायीले सरकारहरूलाई चुनौती दिएका छन्, जसका कारण बारम्बार तनाव चर्किएको छ। टोनी ब्लेयरको प्रधानमन्त्रीकालमा भारतीय मूलका ब्रिटिस उद्योगपति हिन्दुजा भाइहरू 'हिन्दुजा अफेयर'मा फसेका थिए। उनीहरूमाथि रक्षा सम्झौता सुरक्षित गर्न भारतीय अधिकारीलाई घुस दिएको आरोप लागेको थियो। ब्लेयर सरकारले हिन्दुजाहरूलाई ब्रिटिस राहदानी अनुचित रूपमा प्रदान गरेको आरोपको सामना गऱ्यो। तर, एउटा अनुसन्धानले उनीहरूलाई सफाइ दियो। यद्यपि, घोटालाले ब्लेयर सरकारका मन्त्री पिटर मन्डेलसनलाई राजीनामा दिन बाध्य पाऱ्यो। उक्त घटनाले व्यापार, राजनीति र राष्ट्रिय हितबिचको जटिल सम्बन्धलाई रेखांकित गरेको थियो।

मिडिया सम्राट् रुपर्ट मर्डोकको मार्गरेट थ्याचर सरकारसँग द्वन्द्व सुरु भयो, जतिवेला उनी द टाइम्स र द सन्डे टाइम्स अखबारसँग आबद्ध भए। मर्डोकको मिडिया साम्राज्य अस्पष्ट व्यापारिक कारोबारका लागि अनुसन्धान गरिएको थियो, जसले अन्ततः उनलाई द टाइम्स बेच्न उत्प्रेरित गऱ्यो। यो एक व्यापक रूपमा ज्ञात तथ्य हो कि अर्बपति लगानीकर्ता जर्ज सोरोस लामो समयदेखि प्रधानमन्त्री भिक्टर ओर्बनको नेतृत्वमा रहेको हंगेरीको राष्ट्रवादी सरकारको पक्षको आलोचक बनेका छन्। सोरोसको ओपन सोसाइटी फाउन्डेसन (ओएसएफ) ले लोकतान्त्रिक मूल्य र मानव अधिकारलाई बढावा दियो, जसलाई ओर्बानले आफ्नो शासनका लागि खतराको रूपमा देखे। अध्यागमनलाई बढावा दिएको र हंगेरी संस्कृतिलाई कमजोर बनाएको आरोप लगाउँदै उनको सरकारले सोरोसविरुद्ध अभियान चलायो।

(अहमद लन्डनस्थित वरिष्ठ भारतीय पत्रकार हुन्, उनसँग पश्चिमी मिडियाको तीन दशकको अनुभव छ)
- एनडिटिभीबाट

आर्थिक वृद्धिदर संकुचनमा

निर्माण, विद्युत् र सूचना प्रविधिको वृद्धिदर ऋणात्मक

पवन तिमिल्सिना/नयाँ पत्रिका

आर्थिक वर्ष ०८०/८१ को अन्तिम त्रैमास (वैशाख-असार)मा आर्थिक वृद्धिदर २.१ प्रतिशत पुग्ने सरकारी अनुमान छ। यो राष्ट्रिय तथ्यांक कार्यालयको अनुमान हो। अघिल्लो त्रैमास (माघ-चैत)मा ३.१ प्रतिशत रहेको वृद्धिदर अन्तिम त्रैमासमा संकुचित बन्ने भएको हो। त्यस्त, दोस्रो त्रैमास (कात्तिक-पुस)मा वृद्धिदर ४.६ प्रतिशत पुगेको थियो। यसरी हेर्दा गत आर्थिक वर्षको दोस्रो त्रैमासयता आर्थिक वृद्धिदर निरन्तर खुम्चँदै गइरहेको देखिन्छ।

गत आवमा सार्वजनिक वित्त असन्तुलित बनेपछि त्यसको असर आर्थिक वृद्धिदरमा देखिएको तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी हेमराज रेग्मीले बताए। उनले भने, 'वित्तमा अन्तिम महिनाहरूमा सरकारले खर्च गर्ने प्रवृत्ति थियो। सरकारले खर्च गर्दा निर्माण क्षेत्रले भुक्तानी पाउँथे। पैसा बजारमा आउँथ्यो। यसले अर्थतन्त्रलाई नै चलायमान बनाउन मद्दत पुग्थ्यो। तर, सरकारले राजस्व उठाउन नसकेपछि खर्च पनि गर्न सकेन। त्यसको परिणाम वृद्धिदरमा देखापरेको हो।'

सरकारी निकायबाट कामको भुक्तानी रोकिएकाले निर्माण क्षेत्रको वृद्धिदर ऋणात्मक देखिएको छ। कार्यालयका अनुसार आव ०८०/८१ को माघदेखि चैतसम्मको निर्माण क्षेत्रको वृद्धिदर ६.६ प्रतिशत ऋणात्मक देखिएको थियो। तर, वैशाखदेखि असारसम्मको वृद्धिदर थप ऋणात्मक हुँदै १३.४ प्रतिशत पुगेको छ।

दोस्रो ऋणात्मक वृद्धिदर जलविद्युत् क्षेत्रमा देखिएको छ। विद्युत् र ग्यास शीर्षकमा पर्ने यो क्षेत्र ३.५ प्रतिशतले ऋणात्मक बनेको छ। यो अवधिमा नयाँ जलविद्युत् उत्पादन नदेखिएकाले ऋणात्मक देखिएको रेग्मीको भनाइ छ। माघदेखि चैतसम्मको यो क्षेत्रको वृद्धिदर ४७.४ प्रतिशत थियो। सूचना तथा प्रविधि क्षेत्र पनि १.६ प्रतिशतले ऋणात्मक छ।

■ कृषि र पर्यटनको योगदानमा वृद्धि



वैशाखदेखि असारसम्मको वृद्धिदरमा कृषि र पर्यटनको बढी योगदान रहेको कार्यालयको विश्लेषण छ। कार्यालयले एक विज्ञप्तिमा भनेको छ, 'कृषि उत्पादनमा भएको वृद्धि तथा पर्यटन आगमनमा भएको वृद्धिसँगै होटेल क्षेत्रको कुल मूल्य अभिवृद्धिमा भएको बढोत्तरी प्रमुख कारक रहेका छन्। यसका अतिरिक्त व्यापार क्षेत्रमा भएको वृद्धि, यातायातमा भएको वृद्धि, सार्वजनिक प्रशासनका क्षेत्रमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो।'

कार्यालयका अनुसार १५ वटा औद्योगिक क्षेत्रहरूको कुल मूल्य अभिवृद्धि वृद्धिदर धनात्मक छ। जसमध्ये आवास तथा भोजन सेवासँग सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै वृद्धिदर १२.३ प्रतिशत छ। यातायात तथा गोदाम क्षेत्र १०.९ प्रतिशत वृद्धिदरसहित दोस्रो धेरै वृद्धि हुने औद्योगिक क्षेत्र छ। सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रले १०.८ प्रतिशत वृद्धिदर कायम गरेको छ।

त्यसैगरी, निक्षेप तथा कर्जामा भएको वृद्धिसँगै वित्तीय तथा बिमा क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर ६.२ प्रतिशत र प्रशासनिक सहयोगी सेवा क्षेत्रको वृद्धिदर ५.८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर ३.२ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। हिउँदे बाली, तरकारी तथा पशुजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको वृद्धिदरमा सकारात्मक प्रभाव पारेको हो। अर्कोतर्फ, अर्थतन्त्रको दोस्रो ठुलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्रको यो त्रैमासिकमा दुई प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। व्यापारजन्य वस्तुहरूको स्वदेशी उत्पादन र कृषि उत्पादनमा भएको सामान्य वृद्धिले गर्दा व्यापार क्षेत्रको वृद्धि धनात्मक दिशाउन्मुख भएको कार्यालयले जनाएको छ। यद्यपि, व्यापारजन्य वस्तुको आयातमा भएको सामान्य गिरावटले गर्दा व्यापार क्षेत्रको वृद्धि अपेक्षित रूपमा हुन नसकेको अनुमान छ। यो त्रैमासिकमा औद्योगिक वस्तु उत्पादन क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर झिनो अंकले धनात्मक १.१ प्रतिशत रहेको उल्लेख छ।

■ आव ०८०/८१ को त्रैमासिक आर्थिक वृद्धिदरको तथ्यांक

क्षेत्र	पहिलो त्रैमास	दोस्रो त्रैमास	तेस्रो त्रैमास	चौथो त्रैमास
कृषि, वन तथा मत्स्य	२.३	३.४	३.१	३.२
खानी तथा उत्खनन	१०.५	१.५	-५.३	३.३
वस्तु उत्पादन	०.६	-४.२	-३.६	१.१
विद्युत् तथा ग्यास	२३.५	२६.१	४७.४	-३.५
खानेपानी तथा सरसफाइ	३.९	३.१	२.४	१.७
निर्माण	१२.६	२	-६.६	-१३.४
थोक तथा खुद्रा व्यापार	-०.४	१.४	-२.४	२
यातायात तथा भण्डारण	३.१	१६.७	१७.५	१०.९
आवास तथा खाद्य सेवा	१५.८	३६.४	२३.७	१२.३
सूचना तथा प्रविधि	६.९	७.९	६.४	-१.६
वित्तीय तथा बिमा क्षेत्र	१०.१	८.२	७	६.२
घरजग्गा	३	३	३	३
विज्ञान तथा प्राविधिक	५.४	४.१	३.९	३.३
प्रशासनिक सहयोगी सेवा क्षेत्र	६	२.१	२.३	५.८
सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्र	२.९	२.८	१.६	१०.८
शिक्षा	२.१	२.५	३.४	२.९
मानव स्वास्थ्य तथा सामाजिक कार्य	५.९	५.४	७	३.८
अन्य सेवा	०.६	६.४	५.३	४.४
समग्रमा	४.५	४.६	३.१	२.१

स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय

सरकारी खर्च घट्दा वृद्धिदर खुम्चियो



● **हेमराज रेग्मी**, उपप्रमुख, तथ्यांक अधिकारी

समीक्षा अवधिमा नयाँ जलविद्युत् आयोजना आएनन्। त्यसैले पनि विद्युत् क्षेत्र ऋणात्मक देखियो। निर्माण क्षेत्रको त पहिलेदेखि नै समस्या हो। विगतमा अन्तिम त्रैमासमा सरकारी खर्च बढ्ने गरेकोमा पछिल्ला दुई आर्थिक वर्षका अन्तिम त्रैमासहरूमा सरकारी खर्च बढ्न छाडेका छन्। राजस्व पनि संकुचनमा गएकाले खर्च घटेको हो। सरकारी खर्च घट्नेबित्तिकै यसले सबै क्षेत्रलाई असर पार्ने गरेको छ।

पहिलो त्रैमासको पुँजीगत खर्च पाँच वर्षयताकै उच्च

अघिल्लो वर्षको तुलनामा खर्चसँगै बढ्यो राजस्व, कुल खर्च साढे १७ प्रतिशत, राजस्व दुई खर्ब ४८ अर्ब उठ्यो

कृष्ण रिजाल/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो तीन महिनामा पाँच वर्षयताकै सबैभन्दा बढी पुँजीगत खर्च भएको छ। अर्थतन्त्रमा निर्माण क्षेत्रको वृद्धिदर निरन्तर ऋणात्मक भइरहेका वेला वर्षको पहिलो तीन महिनामा भएको खर्च वृद्धिले यस क्षेत्रमा उत्साह बढाएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले चालू आर्थिक वर्षको पहिलो तीन महिनामा ८ प्रतिशत पुँजीगत खर्च गरेको छ। असोज मसान्तसम्म सरकारले २९ अर्ब ३७ करोड पुँजीगत खर्च गरेको हो। यो कुल विनियोजित पुँजीगत बजेटको ८.३४ प्रतिशतबराबर हुन आउँछ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.४४ प्रतिशत बिन्दुले बढी हो।

अघिल्लो आर्थिक वर्ष ०८०/८१ को पहिलो त्रैमासमा सरकारले विनियोजित पुँजीगत बजेटको ५.९ प्रतिशत अर्थात् १७ अर्ब ८३ करोड पुँजीगत खर्च गरेको थियो। त्यसअघि आव ०७९/८० को पहिलो त्रैमासमा सरकारले विनियोजित पुँजीगत बजेटको ५.१७ प्रतिशत अर्थात् १९ अर्ब ८८ करोड पुँजीगत खर्च गरेको थियो।

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पुँजीगत खर्च वृद्धिलाई प्राथमिकतामा राखेको बताउँदै आएका छन्। आर्थिक गतिविधि बढ्न थाल्दा पुँजीगत खर्चले समेत गति लिन थालेको हो। हालै गएको बाढीपहिरोबाट भएको क्षतिको पुनर्निर्माण तथा पुनर्स्थापनालाई अविलम्ब अघि बढाएन सके पुँजीगत खर्च अझ बढ्न सक्ने जानकारहरू बताउँछन्। यस अवधिमा सरकारको कुल प्राप्ति दुई खर्ब ५३ अर्ब एक करोड रुपैयाँ भएको देखिएको छ। यसमा ऋण जोडिएको छैन। त्यस्तै, कुल खर्च तीन खर्ब २९ अर्ब २० करोड भएको महालेखाको तथ्यांक छ।



अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई भन्छन्-

खर्चमा उत्साहप्रद सुधार देखिएको छ। हामीले बजेट कार्यान्वयनको मार्गदर्शन नै बनाएर काम थालेको प्रभाव पनि खर्चमा देखिएको हो। राजस्व पनि पोहोरको भन्दा बढेको छ। तर, बाढीपहिरोले अपेक्षाकृत सुधार हुन सकेन। चाडबाडलाई आयात हुने वस्तु भन्सार नाकामै रोकिए। मार्नौं, मासिक ९० अर्बको राजस्व उठाउने हो भने दैनिक तीन अर्ब राजस्व उठाउनुपर्छ। पाँच दिन मात्रै अवरोध हुँदा पनि १५ अर्ब नोक्सान हुन्छ। अहिले सरकार स्थिर रहने आत्मविश्वास निजी क्षेत्रमा बढेकाले राजस्वमा पोहोरभन्दा केही सुधार भएको हुन सक्छ।

■ चालू खर्च भने २० प्रतिशत

तीन महिनामा चालू खर्च पनि बढेको देखिएको छ। महालेखाका अनुसार असोज मसान्तसम्ममा सरकारले दुई खर्ब २९ अर्ब ८५ करोड रुपैयाँ चालू खर्च गरेको छ। जुन कुल चालू बजेट १८ खर्ब ६० अर्ब ३० करोडको २०.१५ प्रतिशत हो। गत वर्षको पहिलो तीन महिनामा सरकारले विनियोजित चालू बजटेको १८.६९ प्रतिशत अर्थात् दुई खर्ब १३ अर्ब ३९ करोड रुपैयाँ चालू खर्च गरेको थियो। त्यस्तै, वित्तीय व्यवस्थातर्फ ६९ अर्ब ९७ करोड रुपैयाँ खर्च भएको छ। यो विनियोजित वित्तीय बजेटको १९.०५ प्रतिशतबराबर हो।

■ पाँच वर्षयता पहिलो त्रैमासमा भएको पुँजीगत खर्च

आर्थिक वर्ष	पहिलो त्रैमासमा भएको पुँजीगत खर्च	पुँजीगत बजेटको तुलनामा खर्च प्रतिशत
०७७/७८	१५ अर्ब ४ करोड	४.२६ प्रतिशत
०७८/७९	१४ अर्ब ८८ करोड	३.९४ प्रतिशत
०७९/८०	१९ अर्ब ६८ करोड	५.१७ प्रतिशत
०८०/८१	१७ अर्ब ८३ करोड	५.९ प्रतिशत
०८१/८२	२९ अर्ब ३७ करोड	८.३४ प्रतिशत

■ राजस्व संकलन २९ अर्बले बढ्यो

आर्थिक गतिविधि बढ्दै जाँदा राजस्व आय पनि बढ्न थालेको छ। चालू आर्थिक वर्षको पहिलो तीन महिनामा सरकारले दुई खर्ब ४८ अर्ब २६ करोड रुपैयाँ राजस्व संकलन गरेको छ। जुन कुल राजस्व लक्ष्य १४ खर्ब १९ अर्ब ३० करोडको १७.४९ प्रतिशत हो।

सरकारले तीन महिनामा संकलन गरेको राजस्व गत वर्षको सोही अवधिको तुलनामा २९ अर्ब १५ करोडले बढी हो। गत वर्ष असोज मसान्तसम्ममा सरकारले लक्ष्यको १५.४ प्रतिशत अर्थात् दुई खर्ब १९ अर्ब ११ करोड रुपैयाँ राजस्व संकलन गरेको थियो।

मन्थली विमानस्थलमा रोकिएका पर्यटक हेलीमार्फत लुक्ला उड्न थाले

रामेछापमा **दीपक भट्ट**

लुक्लाको मौसम खराब हुँदा उडान प्रभावित भएर रामेछापको मन्थली विमानस्थलमा चार दिनदेखि रोकिएका पर्यटक हेलिकोप्टरमार्फत लुक्ला उड्न थालेका छन्।

खुम्बु क्षेत्रमा जाने विदेशी पर्यटक काठमाडौंबाट मन्थली विमानस्थलसम्म सडकमार्ग हुँदै आउने र हवाईजहाजमार्फत सोलुको लुक्लातर्फ जाने गरेका छन्। केही दिनदेखि लुक्लाको मौसम खराब भएकाले एक हजारभन्दा बढी पर्यटक मन्थलीमा मौसम सुधारको पर्खाइमा बस्दै आएका छन्।

चार दिनदेखि मौसम नखुल्दा रामेछाप-लुक्ला उडानमा समस्या हुँदै आएको छ। उडान प्रभावित हुँदा लुक्लातर्फ जाने पर्यटक आफ्नो भिसा सकिन लागेको भन्दै केही सडकमार्ग हुँदै काठमाडौंतर्फ फर्कन थालेका छन्। भिसा भएका पर्यटक अझै मौसम खुल्ने प्रतीक्षामा विमानस्थलआसपासका होटेल र होमस्टेमा बस्दै आएका छन्।

केही पर्यटक हेलिकोप्टरमार्फत लुक्ला जान थालेका नागरिक उड्डयन कार्यालय रामेछापका उपप्रबन्धक हिरण शाहले जानकारी दिए। उनले भने, 'सोमबारदेखि लुक्लाको मौसम खराबी भएका कारण उडान प्रभावित हुँदै आएको छ। बुधबार केही उडान भएपछि पुनः मौसम खराबीका कारण बन्द भयो। अहिले पनि लुक्लाको मौसम नखुलेका कारण उडान हुन सकेको छैन। हवाईजहाज उडान हुन नसकेपछि केही पर्यटक हेलिकोप्टरमार्फत लुक्ला जान थालेका छन्।' अहिले रामेछाप विमानस्थलमा विभिन्न पाँच कम्पनीका हेलिकोप्टरले पर्यटकलाई सेवा दिँदै आएको उपप्रबन्धक हिरण शाहले बताए।

रामेछाप विमानस्थल हुँदै पर्यटक वसन्त ऋतुको चैतको पहिलो सातादेखि जेठ मसान्तसम्म र शरद् ऋतुको असोज महिनाको पहिलो हप्तादेखि मंसिर महिनाको १५ गतेसम्म सोलुको लुक्ला जाने गरेका छन्। रामेछाप विमानस्थलबाट तारा एयर, समिट एयर र सीता एयरले पर्यटकलाई सेवा दिँदै आएका छन्। लुक्लाको मौसम खुल्दा रामेछाप विमानस्थलबाट नियमित उडान हुँदै आएको थियो।

बाढीपहिरोले पुऱ्याएको क्षतिमध्ये २० प्रतिशतमा मात्रै बिमा दाबी

देशभर ४६ अर्बको क्षति भएको अनुमान, बिमा दाबी नौ अर्ब मात्रै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

असोज दोस्रो साता आएको बाढीपहिरो तथा डुबानबाट भएको क्षतिमा बिमा कम्पनीहरूमा झन्डै नौ अर्बबराबरको दाबी परेको छ। नेपाल बिमा प्राधिकरणले तयार गरेको २९ असोजसम्मको तथ्यांकअनुसार निर्जीवन बिमा कम्पनीहरूमा आठ अर्ब ९८ करोड ३० लाखबराबरका तीन हजार दुई सय ४४ वटा दाबी परेका छन्। यसमा जीवन बिमा कम्पनीहरूमा आएको दाबीको विवरण समावेश गरिएको छैन।

नेपाल बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले बाढीका कारण आउने दाबी अब लगभग यही विन्दुमा हुने बताए। 'घटना भएको निश्चित समयमा दाबीको प्रक्रिया अघि बढाइसक्नुपर्छ। त्योअनुसार अधिकांश दाबी पेस भइरहेको छ। अब छुटपुट मात्रै बाँकी छन्,' उनले भने, 'अब आवश्यक प्रक्रिया पूरा गरेर दाबी भुक्तानीको प्रक्रिया अघि बढाउँछौं।'

तथ्यांकअनुसार सम्पत्ति बिमामा मात्रै ६ अर्ब ६८ करोड ६७ लाखका एक हजार ६ सय २० वटा दाबी आएका छन्। यसैगरी, इन्जिनियरिङ बिमामा एक अर्ब ८४ करोड सात लाखबराबरका दुई सय ५९ वटा दाबी परेका छन्। यसका अलावा निजी मोटर बिमामा २३ करोड ७२ लाखबराबरका आठ सय १६ वटा, सार्वजनिक मोटर बिमामा १६ करोड ९४ लाख रुपैयाँबराबरका तीन सय ४०, सामुद्रिक बिमामा दुई करोड २० लाख रुपैयाँबराबरका २३ वटा, कृषि बाली बिमा एक करोड ११ लाख रुपैयाँबराबरका एक सय २३ वटा, पशुपक्षी बिमामा एक करोड एक लाख रुपैयाँबराबरका ४८ र विविधमा ५४ लाख ८५ हजार रुपैयाँबराबरका १५ वटा दाबी परेका छन्।

तथ्यांकअनुसार कोशी प्रदेशबाट ४० करोड ९६ लाखबराबरका दुई सय १५, मधेश प्रदेशबाट १० करोड ५५ लाख रुपैयाँबराबरका ९३ वटा, बागमती प्रदेशबाट आठ अर्ब ३३ करोड ९१ लाख रुपैयाँबराबरका २८ सय ६९ वटा, गण्डकी प्रदेशबाट चार करोड ५५ लाख रुपैयाँबराबरका २५ वटा, लुम्बिनी प्रदेशबाट आठ करोड २८ लाख रुपैयाँबराबरका ३८ वटा, कर्णाली प्रदेशबाट दुई लाख ५० हजार रुपैयाँबराबरका दुईवटा र सुदूरपश्चिम प्रदेशबाट दुई लाख १० हजारबराबरका दुईवटा दाबी परेका छन्।



यो दाबीकर्ताले दाबी गरेको रकम मात्रै हो। अब कम्पनीहरूले फिल्डमा सर्भेयर (प्राविधिक) नै खटाएर बिमा दाबीयोग्य क्षतिको अन्तिम प्रतिवेदन निकाल्नेछन्। त्यसका आधारमा दाबी रकम स्वीकृत गरिने बिमा कम्पनीले जनाएको छ।

यद्यपि, कम्पनीहरूले अग्रिम दाबी दिन पनि सुरु गरेका छन्। हालसम्म ९७ वटा दाबीमा १७ करोड २८ लाख २८ हजार रुपैयाँ अग्रिम दाबी गरिएको छ। पछिल्लो विपत्बाट ग्राहकलाई परेको असरलाई दृष्टिगत गर्दै अग्रिम दाबी भुक्तानी अघि बढाइएको अध्यक्ष क्षेत्रीले बताए। 'पछिल्लो बाढीपहिरोले बिमितहरू मर्कामा परेका छन्। सर्भेयरको प्रतिवेदनका आधारमा भुक्तानी गर्दा समय लाग्छ। त्यसले बिमितहरू थप मर्कामा पर्न सक्छन्,' उनले भने, 'तसर्थ, बिमितको सहजताका लागि अहिले तत्काल केही रकम अग्रिम रूपमा भुक्तानी दिन्छौं। साथै, दाबी प्रक्रिया पनि द्रुत गतिमा अघि बढाउँछौं। सर्भेयरको अन्तिम रिपोर्ट आएपछि पूरा भुक्तानी गर्नेछौं।'

हालसम्म हिमालयन एभरेस्ट इन्स्योरेन्सले २३ हजार, नेकोले ६६ हजार, शिखरले १७ करोड २४ लाख ७१ हजार, आइजिआई प्रुडेन्सियलले ३८ हजार, सानिमा जिआइसीले दुई लाख १६ हजार र प्रभुले ११ हजार रुपैयाँ अग्रिम दाबी भुक्तानी दिएका छन्। बाढीले देशभर ४६ अर्ब चार करोड रुपैयाँको क्षति पुऱ्याएको सरकारी आँकडा छ। बाढीले पुऱ्याएको क्षतिमा २० प्रतिशतको अनुपातमा मात्रै दाबी पेस भएको देखिन्छ। बिमाको पहुँच व्यापक नभएका कारण क्षतिअनुसार दाबी नपरेको संघका अध्यक्ष क्षेत्री बताउँछन्।

काठमाण्डौं महानगरपालिका
३२ नं. वडा कार्यालय, कोटेश्वर, काठमाण्डौं
ठेगाना थाहा नभएको राकेश विश्वकर्मा (सम्पर्क नं. ९८१०३३२४०४) को नाममा कोठाहरु खाली गर्ने सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सूचना

यस वडाको कोटेश्वर फुलबारीमार्ग स्थित चन्द्र कुमारी श्रेष्ठको नाममा रहेको घरमा तपाईले भाँडामा लिई प्रयोग गर्नुभएको २(दुई) वटा सटर बन्द गरी विगत तिन महिनादेखि भाडा समेत नदिई हालसम्म पनि सम्पर्कमा नआउनुभएकोले उक्त सटरहरु खाली गराई पाउँ भनी निवेदन दिनुभएको हुँदा यस कार्यालयबाट तपाई बहालमा बसेको घर/दैलोमा मिति २०८१/०६/०८ मा ३ दिने र मिति २०८१/०६/१५ मा ७ (सात) दिने सूचना टाँस गर्दा समेत उपस्थित नहुनुभएकोले तपाईले भाडामा लिनुभएको उक्त सटरहरु खाली गर्नुनपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ सहित उपस्थित हुन आउनुहोला, अन्यथा काठमाण्डौं महानगरपालिका घरबहाल निर्देशिका २०७९ को २७(६) बमोजिम यस कार्यालयबाट खाली गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति २०८१/०६/२२

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११११७/७८/८८, फ्याक्स: +९७७-१-४१११११०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८५०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी 388CC मा SMS पठाउनुहोस्
भक्तपुर शाखा, भक्तपुर नगरपालिका
सम्पर्क फोन: +९७७-०१-६६१९८७/८३/८४

NIC ASIA
एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री गम्बिर सिंह लामाको नाति, गज बहादुर तामाङको छोरा, बागमति प्रदेश रामेछाप जिल्ला, दोरम्बा शैलुङ गाउँपालिका वडा नं. २ हाल भक्तपुर - ०४ बस्ने ६१ वर्षको श्री वज्र बहादुर तामाङको मिति २०८१/०४/२८ (ई.सं. १२/०८/२०२४) मा मृत्यु भएकोले स्व. वज्र बहादुर तामाङकी पत्नी हाल भक्तपुर - ०४ बस्ने श्रीमती अनिता कुमारी तामाङले मृतकको एकल नाममा चल्ल बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित चल्ल बैंकको भक्तपुर शाखा, भक्तपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

Nepal Water Supply Corporation
Branch Office, Pokhara

Invitation for Electronic Bid

Date of publication: 2081-07-02

Nepal Water Supply Corporation, Pokhara Branch invites only electronic bid from the qualified eligible bidders for the following supply work under National Competitive Bidding. A complete set of Bidding Documents can be downloaded from PPMO's website : www.bolpatra.gov.np/egp

S.N.	Project Title	Contract Identification No	Cost of Bid Document (NRs)	Bid Security Amount (NRs)	Last Date of Bid Submission	Bid Opening Date	Remarks
1	Procurement of PE Pipe	03/NWSCPKR/GOODS/2081-082	3,000.00	NRS 2,00,000.00	2081-08-03 12:00 PM	2081-08-03 14:00 PM	Goods
		Bank A/C Details	To deposit the cost of bidding document and Bid security amount Name of the Bank: Everest Bank Limited, Pokhara Branch Name of Office : Nepal Water Supply Corporation Office Account no.: 01600105200192				

ग्लोबल आइएमई र एजिलस डायग्नोस्टिकबिच सम्झौता



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकलाई एजिलस डायग्नोस्टिक नेपालमा उपलब्ध प्याथोलोजी टेस्ट शुल्कमा १५ प्रतिशत छुट प्रदान गर्ने समझदारी भएको छ। उक्त समझदारीमा बैंकका प्रमुख बजार व्यवस्थापक दिलीप पोखरेल र एजिलस डायग्नोस्टिकका फाइनान्स प्रमुख दीपक खड्काले हस्ताक्षर गरे।

समझदारीअनुसार बैंकका ग्राहकले एजिलस डायग्नोस्टिकमा उपलब्ध ल्याबसम्बन्धी सेवाबापतको भुक्तानीका लागि बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाइल बैंकिङ एपबाट भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट पाउनेछन्।

ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरू ल्याएर ग्राहकलाई लाभान्वित गर्दै आएको जनाएको छ। ग्लोबल आइएमई बैंक 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२४' अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकका रूपमा सम्मानित बैंक हो। साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरक-फरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ। बैंकले देशभरका तीन सय ५४ शाखा कार्यालय, तीन सय ८४ एटिएम र दुई सय ५५ शाखारहित इकाइमार्फत वित्तीय सेवा दिँदै आइरहेको छ।

ज्योति विकासका ग्राहकलाई कुटी रिसोर्टमा छुट

काठमाडौं/ ज्योति विकास बैंक लिमिटेडले पोखरा लेकसाइडमा रहेको कुटी रिसोर्टमा ग्राहकलाई विभिन्न सेवा तथा सुविधामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ। यस सम्झौताअन्तर्गत बैंकका ग्राहकले उक्त रिसोर्टमा खानामा २०, पेय पदार्थमा १० र रुम चार्जमा १५ प्रतिशतसम्मको छुट पाउनेछन्। थ्री-स्टार स्तरको रिसोर्टमा ग्राहकले एक वर्षसम्म सो छुट पाउने बैंकले जनाएको छ।

सन नेपाल लाइफलाई आइएसओ आइइसी प्रमाणपत्र

काठमाडौं/ सन नेपाल लाइफ इन्स्योरेन्सले आइएसओ आइइसी प्रमाणपत्र प्राप्त गरेको छ। इन्स्योरेन्सले युनाइटेड किङ्डम एक्रेडिटेसन सर्भिस (युकास)बाट मान्यताप्राप्त एमटिभो लिमिटेडमार्फत आइएसओ आइइसी २७००१: २०२२ को प्रमाणपत्र प्राप्त गरेको हो। यो मानकले सूचना सुरक्षण व्यवस्थापन प्रणालीमा कम्पनीले आफ्नो हरेक सूचनाको सुरक्षा प्रणालीको अन्तर्राष्ट्रिय मापदण्डबमोजिम उचित व्यवस्थापन गरेको पुष्टि गर्ने बताइएको छ।

कम्पनीले जोखिममा आधारित जीवन बिमा व्यवसाय प्रणाली तथा संस्थागत सुशासनसम्बन्धी नियामकीय व्यवस्था प्रभावकारी किसिमबाट पालना गर्न यस किसिमको अन्तर्राष्ट्रिय मापदण्डका आधारमा आइएसओ आइइसी २७००१: २०२२ सम्परीक्षण गरेको हो। बिमा व्यवसायमा यसरी अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सम्परीक्षण गरी प्रमाणपत्र प्राप्त गर्ने सन नेपाल लाइफ इन्स्योरेन्स पहिलो जीवन बिमा कम्पनी रहेको बताइएको छ। आइएसओ आइइसी मान्यता प्राप्त गरेसँगै समय-समयमा हुने परीक्षणबाट कम्पनीको सूचना सुरक्षण प्रणालीमा नियमित अनुगमन हुनेछ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

सेवा रेमिट प्रा.लि.को इजाजतपत्र खारेज गर्ने सम्बन्धमा जारी गरिएको सूचना

सूचना प्रकाशित मिति २०८१/०७/०२

यस बैंकबाट विप्रेषण कारोबार गर्न इजाजतपत्र प्राप्त विप्रेषण कम्पनी, **सेवा रेमिट प्रा.लि., कुलेश्वर काठमाडौं**को इजाजतपत्र **नेपाल राष्ट्र बैंक, विप्रेषण विनियमावली, २०७९ (प्रथम संशोधन सहित) को विनियम-१३ को उप-विनियम (१०) खण्ड (ङ)** बमोजिम खारेज हुने देखिएकाले विप्रेषण कारोबारको सिलसिलामा उक्त कम्पनीसँग कुनै व्यक्ति वा संघसंस्थाले लेनदेन (विप्रेषणसँग सम्बन्धित कारोबार मात्र) रकम बाँकी रहेको भए यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस विभागमा लिखित रूपमा जानकारी दिनुहुन नेपाल राष्ट्र बैंक, विप्रेषण विनियमावली, २०७९ (प्रथम संशोधन सहित) को विनियम १३ को उपविनियम (८) बमोजिम यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त हुन नआएमा सेवा रेमिट प्रा.लि.को बैंक जमानत फुकुवा हुने व्यहोरासमेत यसै सूचनाद्वारा सरोकारवाला सबैलाई जानकारी गराइन्छ।

पुनश्चः खारेज हुने उक्त विप्रेषण कम्पनीसँग कुनै व्यक्ति वा संघसंस्थाले लेनदेन रकम तोकिएको अवधिभित्र दावी गरेमा मान्य अवधिको बैंक जमानतले खामेसम्मको रकम मात्र यस बैंकले हिसाबमिलान गरिदिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं।

निफ्राको ऋणपत्र बिक्री प्रबन्धकमा एनआइएमबि एस



काठमाडौं/ नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)ले 'निफ्रा ऊर्जा ऋणपत्र ६% ०८८/८९' निष्कासन गर्ने भएको छ। बैंकले सातवर्षे अवधि तथा वार्षिक ६ प्रतिशत ब्याजदर रहेको उक्त ऋणपत्रको ५० लाख कित्ता निष्कासन गर्न एनआइएमबि एस क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ।

उक्त सम्झौतापत्रमा निष्कासन कम्पनीका तर्फबाट नायब महाप्रबन्धक विनयनाथ न्यौपाने र निष्कासन तथा बिक्री प्रबन्धकका तर्फबाट महाप्रबन्धक सचिन्द्र ढुंगानाले हस्ताक्षर गरेका हुन्।

नेपाल धितोपत्र बोर्डको स्वीकृतिपश्चात् कुल निष्कासन गरिने ऋणपत्रको ६० प्रतिशत ऋणपत्र परिपत्र विधिबाट संस्थाका लागि र ४० प्रतिशत अन्य सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने बताइएको छ।

मञ्जुश्री फाइनान्स र बुद्ध एयरबिच छुट सम्झौता



काठमाडौं/ मञ्जुश्री फाइनान्स र बुद्ध एयरबिच छुटसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार फाइनान्सका ग्राहकले बुद्ध एयरको सम्बन्धित काउन्टरबाट टिकट खरिद गर्दा ८ प्रतिशतसम्म छुट पाउनेछन्।

यससम्बन्धी सम्झौतामा फाइनान्सका प्रमुख व्यापार अधिकृत गणेश खत्री तथा बुद्ध एयरका मार्केटिङ सेल्स डाइरेक्टर रूपेश जोशीले हस्ताक्षर गरेका छन्। छुट प्राप्त गर्न ग्राहकले फाइनान्सको मोबाइल बैंकिङ या डेबिट कार्डमार्फत भुक्तानी गर्नुपर्ने हुन्छ।

२१ अर्ब निक्षेप संकलन गरी १७ अर्ब कर्जा प्रवाह गरेको फाइनान्सले देशभरका विभिन्न २७ वटा शाखामार्फत सेवा दिँदै आइरहेको जनाएको छ।

मोटरसाइकल हरायो

मिति २०८१/६/१० गते अ. दिउँसो १:०० बजेको समयमा का.जि. का.म.न.पा-३, गंगालाल हस्पीटलको अगाडीबाट मेरो निम्न व्यहोरा भएको रातो, कालो रंगको 200 NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।
नाम: हुलास फिन सर्भ लि.
मो.सा.नं.: बा.प्र. ०२-०४५ प १७७७
चेसिस नं.: MD2A36FX5PCC83696
इन्जिन नं.: JLXCPC93915
सम्पर्क नं.: 9841455697

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९९७७/७८/८८, फ्याक्स: +९७७-१-५९९९९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
जनकपुर शाखा, जनकपुर उपमहानगरपालिका
सम्पर्क फोन: +९७७-०४१-५२०५७०/७१
NIC ASIA
एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री जयलाल मुखियाकी छोरी, नथुनी कवारीकी बुहारी, मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ बस्ने ५१ वर्षकी श्रीमति गंगा खातुनको मिति २०७९/११/२३ (ई.सं. ०७/०३/२०२३) मा मृत्यु भएकोले स्व. गंगा खातुनको छोरा मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ बस्ने श्री सुजन हुसैनले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९९७७/७८/८८, फ्याक्स: +९७७-१-५९९९९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
जनकपुर शाखा, जनकपुर उपमहानगरपालिका
सम्पर्क फोन: +९७७-०४१-५२०५७०/७१
NIC ASIA
एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् सीताराम पण्डितको नाति, महादेव पण्डितको छोरा, मधेश प्रदेश, धनूषा जिल्ला, घोडघास गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल मधेश प्रदेश, धनूषा जिल्ला, नगराईन न.पा. वडा नं. ९, बस्ने बर्ष ३७ को श्री विजय कुमार पण्डितको मिति २०८१/०३/२१ (ई.सं. ०५/०७/२०२४) मा मृत्यु भएकोले स्व. विजय कुमार पण्डितको पत्नी मधेश प्रदेश, धनूषा जिल्ला, नगराईन न.पा. वडा नं. ९ बस्ने श्रीमती इन्द्र कला कुमारी पण्डितले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

प्रदेश सरकार
खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८१।०७।०२

यस कार्यालयले तपशिलमा उल्लेखित खरिद कार्यको लागि मिती २०८१।०५।२१ मा राष्ट्रिय दैनिक पत्रिका "नयाँ पत्रिकामा" प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.न.	ठेक्का नं	कामको विवरण	छनौट भएको बोलपत्र दाता	स्वीकृत रकम मू.अ.क. सहित रु.
1.	wssdo/sunsari/hdpe/01-081/082	Supply of HDPE Pipe	Dharan Plastics., Itahari-13, Sunsari	1,08,80,903.34
2.	wssdo/sunsari/hdpe/02-081/082	Supply of HDPE Pipe	Nepal Plastics (P). Ltd., Dharan Sunsari	1,00,03,895.65

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०२

यस **हेलम्बु गाउँपालिकाको** आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्यहरु बोलपत्रको माध्याम बाट गराउन पर्ने भएको हुदाँ तपसिलमा उल्लेख भएका ठेक्काहरुको लागी ईज्जाजत प्राप्त निर्माण व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन २०८१/०८/०२ को दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट Online bidding गर्न सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरियको छ।

तपसिल

SN	Contract No	Description of works	Bid Security Amount (NRs.)	Price of Bid Document	Estimate cost including VAT & PS (NRs.)	Bid Validity Period (Days)
1	HRM/WORKS/NCB/2081/82-04	Helambu Model School Hostel Building Vertical Extension	1,70,000.00	3000	72,40,219.71	120
2	HRM/WORKS/NCB/2081/82-02	Helambu Model School Hostel Building Compound and Landscaping	2,15,000.00	3000	85,72,879.39	120
3	HRM/WORKS/NCB/2081/82-03	Construction of Helambu Great Trail Aama Yangri Section (continue)	5,00,000.00	3000	1,99,98,147.1	120

नोट: बोलपत्र सम्बन्धी अन्य कुराहरू बुझ्न परेमा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दलदले, नवलपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०७/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०५/१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०५/२४ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुन: दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. नवलपरासी जिल्ला, देवचुली न.पा./गा.वि.स. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रही, कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९ साल बैशाख महिना १० गते रोज १ मा दर्ता नं. ९२५८९/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०६९/०२/२८ मा स्थायी लेखा नम्बर (PAN) ६००६०३९५७ अन्तर्गत दर्ता कायम भएको **काबेरी हर्ब्स एग्रोटेक प्रा.लि.**।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने **पुष्पा सेन** (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी)।	२. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **योगमाया पाठक** (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी)।
३. पुर्ण चन्द्र पाठकको नाती, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **लक्ष्मण पाठक** (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी)।	४. रमाकान्त पाठकको बुहारी, केशव पाठकको पत्नि, नवलपरासी, जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **रचना कडेल पाठक** (ना.प्र.नं. ३५१०२५-१२९० चितवन, जारी मिति २०६७/०६/०५, जि.प्र.का. नवलपरासी)।

धितोको विवरण

१. रचना कडेल पाठक (ना.प्र.नं. ३५१०२५-१२९० चितवन, जारी मिति २०६७/०६/०५, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. ८ क हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ७ स्थित कि.नं. ७१६, ७१४, ७१३, ८७५ र ८७६ को क्षेत्रफल क्रमश: ०-४-११-०, ०-४-११-०, ०-४-१०-०, ०-४-१७.२५-० र ०-१-२-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. लक्ष्मण पाठक (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक सिसवार गा.वि.स./न.पा. वडा नं. १ ख हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. २८३ को क्षेत्रफल ०-९-११.२५ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. योगमाया पाठक (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक सिसवार गा.वि.स./न.पा. वडा नं. १ ख हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. २६८३ को क्षेत्रफल ०-४-०-१ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. काबेरी हर्ब्स एग्रोटेक प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
५. काबेरी हर्ब्स एग्रोटेक प्रा.लि. को स्वामित्वमा रहेको सम्पूर्ण स्थिर सम्पत्ति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण।

ऋणीको विवरण

२. प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.पु.) मा मिति २०७८/०४/१७ मा दर्ता नं. ७८/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०७८/०४/१८ मा स्थायी लेखा नम्बर (PAN) १२६२०४०८९ अन्तर्गत दर्ता कायम भएको **पुष्पा राईस मिल**।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने **पुष्पा सेन** (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी)।	२. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **योगमाया पाठक** (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी)।

३. पुर्ण चन्द्र पाठकको नाति, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **लक्ष्मण पाठक** (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी)।

धितोको विवरण

१. पुष्पा सेन (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक माकर गा.वि.स./न.पा. वडा नं. ७ ख हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा.वडा नं. ५ स्थित कि.नं. २४५ र ५३३ को क्षेत्रफल क्रमश: ०-२-० र ०-०-८ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. योगमाया पाठक (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक कावासोती गा.वि.स./न.पा. वडा नं. ५ ख हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५ स्थित कि.नं. ६२१ को क्षेत्रफल ०-०-१० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. पुष्पा राईस मिलको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
४. पुष्पा राईस मिलको स्वामित्वमा रहेको सम्पूर्ण स्थिर सम्पत्ति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०७/१६ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०७/१७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००01 मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : दलदले, नवलपुर
फोन नं. ०७८-५७५०७१
Website : www.siddharthabank.com

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

साफ महिला च्याम्पियनसिप

भुटानविरुद्ध अपराजित रहने नेपालको लक्ष्य

सन् २०१४ देखि ०२२ सम्मको चार भेटमा नेपालले भुटानको पोस्टमा २३ गोल गरेको छ, भुटानले एक गोल पनि फर्काएको छैन

नयाँ पत्रिका

पछिल्लो समय फुटबलमा राम्रो लगानी गरेको भुटानले उपाधि दाबेदार नेपालको महिला टोलीविरुद्ध सातौँ दक्षिण एसियाली महिला फुटबल च्याम्पियनसिप (साफ)मा शुक्रबार प्रतिस्पर्धा गर्दै छ। नेपाल र भुटानबिचको खेल साँझ ५:३० बजे हुनेछ। नेपालले भुटानको राष्ट्रिय टोलीविरुद्ध आफ्नो अपराजित यात्रा कायम राख्ने लक्ष्यका साथ दशरथ रंगशालामा उत्रने योजना बनाएको छ। प्रतियोगिताको छैटौँ संस्करणसम्म नेपालले भुटानसँग हारको सामना गरेको छैन। नेपालले खेलेका चारै खेलमा जित निकालेको छ।

नेपालले भुटानको पोस्टमा समग्रमा चार खेलमा २३ गोल गरेको छ। भुटानले नेपालविरुद्ध गोल गर्न सकेको छैन। नेपालकी कप्तान अन्जिला तुम्बाप्पो सुब्बाले भुटानविरुद्ध अपराजित यात्रालाई निरन्तरता दिने प्रयास हुने बताएकी छिन्।

'अहिलेसम्म भुटानविरुद्ध अपराजित छौँ, यो खेलमा पनि यही नतिजा दोहोऱ्याउने पक्षमा छौँ,' बिहीबार कप्तान अन्जिलाले भनिन्, 'यो मात्र नभएर हाम्रो लक्ष्य यसपटक उपाधि जित्ने हो।' उनले समूह 'बी'को पहिलो खेलमै सानदार जित निकाल्ने जनाइन्। 'पहिलो खेल सानदार बनाउन चाहन्छौँ,' उनले भनिन्, 'यसैबाट हाम्रो तयारी प्रस्ट हुनेछ।'

चार खेलमा २३ गोल

सार्क राष्ट्रका महिला खेलाडीको स्तर वृद्धि गर्ने उद्देश्यले सन् २०१० देखि साफ महिला च्याम्पियनसिप आयोजना गरेको थियो। नेपालले पहिलोपटक भुटानविरुद्ध सन् २०१४ मा प्रतिस्पर्धा गरेको थियो। जसमा नेपालले एकपक्षीय नतिजा निकाली ८-० ले बाजी मारेको थियो। त्यसपछि सन् २०१६ मा नेपालले भुटानमाथि ८-० को जित निकाल्यो। सन् २०१९ मा विराटनगरमा भएको साफमा नेपाल ३-० ले विजयी भयो। छैटौँ संस्करणमा नेपालले दशरथ रंगशालामा भुटानलाई ४-० ले हरायो।

भुटानविरुद्ध चार खेल खेलेकी स्ट्राइकर सावित्रा भण्डारीले सर्वाधिक १० गोल गरेकी छिन्। सन् २०१६ मा उनले दोहोरो ह्याट्रिक गरेकी थिइन्। यसैगरी, भुटानको पोस्टमा सजना रानामगर, कप्तान अनु लामा, दीपा अधिकारी र अनिता बस्नेतले समान दुई गोल गरेका छन्। मेनुका गिरी, शर्मिला थापा, कृष्णा खत्री, मञ्जली योञ्जन र पूर्वकप्तान निरु थापाले समान एक गोल गरे। भुटानविरुद्ध व्यक्तिगत धेरै गोल गरेकी सावित्राले पहिलो खेल गुमाउनेछिन्। उनी आइतबार मात्र नेपाल आइपुग्छिन्। अहिले सावित्रा फ्रेन्च लिगमा व्यस्त छिन्।



एन्फा कम्प्लेक्समा प्रशिक्षण गर्दै नेपाली महिला खेलाडी

भुटानविरुद्ध संयमित भएर खेल्छौँ

अन्जिला तुम्बाप्पो सुब्बा, कप्तान, नेपाल



भुटानले पछिल्लो समय निकै राम्रो खेलिरहेको छ। हामीले विगतका संस्करणमा सहज जित निकालेका थियौँ। यद्यपि, यसपटक भुटानको तयारी राम्रो छ। हामी संयमित भएर खेल्नेछौँ। घरेलु मैदानमा फेरि एकपटक उपाधि जित्ने अवसर मिलेको छ। त्यसैले पनि पहिलो खेल उत्कृष्ट बनाउने योजना छ। नेपालको राम्रो तयारी भएको छ।

सावित्रा नहुँदा रेखालाई अवसर

फ्रेन्च क्लब अभान्टाले सावित्रालाई रिलिज नगरेको अवस्थामा नेपाली टोलीको फिनिसिङ पक्षमा रेखा पौडेलले मौका पाउनेछिन्। युएईको आबुधाबी कन्ट्री क्लबबाट एएफसी च्याम्पियन्स लिग खेलिरहेकी रेखालाई पहिलो सेटमै मौका दिने प्रशिक्षक राजेन्द्र तामाङले योजना बुनेका छन्। राष्ट्रिय महिला लिगको पहिलो चरण (९ खेल)मा सर्वाधिक १८ गोल गरेकी रश्मिकुमारी घिसिङले रेखालाई साथ दिनेछिन्। यसअघि सावित्राको प्रभावशाली प्रदर्शनमा रेखा र रश्मिको प्रदर्शन छायामा पर्ने गरेको थियो। समूह 'बी'बाट सेमिफाइनल दौडमा भुटानले पनि दाबेदारी प्रस्तुत गर्ने लक्ष्य बनाएको छ। भारत, बंगलादेश र नेपालपछि भुटानलाई उपाधि दाबेदार राष्ट्रका रूपमा हेरिएको छ।

तथ्यांकमा नेपाल र भुटानबिचको नतिजा

मिति	नतिजा
सन् २०१४	८-० ले नेपाल विजयी
सन् २०१६	८-० ले नेपाल विजयी
सन् २०१९	३-० ले नेपाल विजयी
सन् २०२२	४-० ले नेपाल विजयी

भुटानविरुद्ध गोल गर्ने खेलाडी

नाम	गोल संख्या
सावित्रा भण्डारी	१०
सजना रानामगर	२
अनु लामा	२
दीपा अधिकारी	२
अनिता बस्नेत	२
मेनुका गिरी	१
शर्मिला थापा	१
कृष्णा खत्री	१
मञ्जली योञ्जन	१
निरु थापा	१

पाकिस्तानलाई हरायो भारतले

सातौँ संस्करणको साफ महिला च्याम्पियनसिप बिहीबारदेखि दशरथ रंगशालामा सुरु भयो। प्रतियोगिताअन्तर्गत समूह 'ए'मा भारतले उद्घाटन खेलमा पाकिस्तानविरुद्ध ५-२ को जित निकालेको छ। भारतलाई सानदार जित दिलाउने क्रममा ग्रेस डामेईले दुई गोल गरिन्। मनीषा, बालादेवी गान्गोम र ज्योति चौहानले समान एक गोल गरेका थिए।

पाकिस्तानविरुद्धको खेलमा भारतका दुई अनुभवी खेलाडीले महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन्। भारतीय राष्ट्रिय टोलीकै सर्वाधिक अनुभवी खेलाडीले बालादेवी ५०औँ अन्तर्राष्ट्रिय गोल पूरा गरिन्। उनले पहिलो हाफमा पोस्टभन्दा २२ यार्ड टाढाबाट उत्कृष्ट फ्रिकिक गोल गरेकी थिइन्। यसै गोलसँगै उनले सो उपलब्धि हात पारिन्।

कप्तान असलता देवीले पाकिस्तानविरुद्ध खेल्दै सय अन्तर्राष्ट्रिय खेल पूरा गर्न सफल भइन्। पाकिस्तानका लागि सुहा हिरानी र कायला मारी सिद्दिकीले समान एक गोल फर्काएका थिए। भारत ३ अंकसहित समूह 'ए'को शीर्ष स्थानमा छ। जितले कठिन समूहमा रहेको भारत सेमिफाइनलनजिक पुगेको छ। यस समूहमा साबिक विजेता बंगलादेश रहेको छ। यस्तै, समूह 'ए'मा साबिक उपविजेता नेपालसँगै माल्दिभ्स, श्रीलंका र भुटान छन्। दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्।

पहिलो हाफमै चार गोल

भारतले पाकिस्तानविरुद्ध पहिलो हाफमा चार गोल गरेको थियो। भारतले पाकिस्तानलाई अन्तिमसम्म दबाबमा राखेको थियो। भारतले खेलको पाँचौँ मिनेटमा १-० को अग्रता लियो। ग्रेसले १८ यार्ड बक्सबाट गोल गर्दै भारतलाई सुरुवाती अग्रता दिलाइन्। खेलको १७औँ मिनेट मनीषाले भारतलाई २-० को अग्रता दिलाइन्। पाकिस्तानी रक्षकको गल्तीमा मनीषाले सहजै गोल गरिन्। ३५औँ मिनेटमा बालादेवीले सीधै फ्रिकिक गोल गर्दा भारत ३-० ले अघि रह्यो। खेलको ४२ औँ मिनेटमा ग्रेसले भारतका लागि चौथो गोल गरिन्। पहिलो हाफको इन्जुरी समयमा पाकिस्तानले पेनाल्टीबाट गोल फर्कायो।

पाकिस्तानकी स्ट्राइकर नदिया खानलाई भारतीय कप्तान असलताले पेनाल्टी बक्सभित्र लडाएपछि नेपाली रेफ्री अञ्जना राईले पाकिस्तानलाई पेनाल्टी अवसर दिइन्। सुहाले टप कर्नरमा गोल गर्दै पाकिस्तानलाई ४-१ को स्थितिमा राखिन्। दोस्रो हाफमा पाकिस्तानले सुधारिएको प्रदर्शन गऱ्यो। पाकिस्तानले ४७औँ मिनेटमै दोस्रो गोल फर्कायो। सिद्दिकीले सिक्स यार्ड बक्सबाट सहजै गोल गरिन्। खेलको ७८औँ मिनेटमा ज्योतिले भारतलाई ५-२ मा पुऱ्याइन्। उनको यो पहिलो अन्तर्राष्ट्रिय गोल हो।

खेल संक्षेप

अभिषेकलाई एसियन तेक्वान्दोमा रजत

काठमाडौँ/ नेपालका अभिषेक बरालले छैटौँ कासाद एसियन तेक्वान्दो च्याम्पियनसिपमा रजत पदक जितेका छन्। इन्डोनेसियाको जकार्तामा सञ्चालन भइरहेको प्रतियोगिताको पुरुष ८० केजीमुनि फाइनलमा बिहीबार अभिषेक आयोजक इन्डोनेसियाका खेलाडीसँग पराजित भएपछि रजतमा सीमित भए। फाइनल यात्रामा उनले इन्डोनेसिया, फिलिपिन्स र पाकिस्तानका खेलाडीलाई हराएको काठमाडौँ जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीले जानकारी दिए। प्रतियोगितामा २६ राष्ट्रको सहभागिता रहेको छ। विश्व तेक्वान्दोको जी-२ वरीयतामा अभिषेकले प्रतिस्पर्धा गरेका हुन्। प्रतियोगितामा अभिषेकसँगै नेपालबाट १० खेलाडी सहभागी छन्। क्योरोगी तथा पुम्से विधामा नेपाली खेलाडीले प्रतिस्पर्धा गर्न बाँकी छ।

महर्जन फुटसलका मुख्य प्रशिक्षक

काठमाडौँ/ नेपाली राष्ट्रिय फुटसल टोलीको मुख्य प्रशिक्षकमा विक्रम महर्जन नियुक्त भएका छन्। एन्फा कम्प्लेक्स सातदोबाटोमा अखिल नेपाल फुटबल संघ (एन्फा)का एन्फा महासचिव किरण राईले महर्जनलाई नियुक्तिपत्र हस्तान्तरण गरेका छन्। सहायक प्रशिक्षकमा सुमितकुमार आले र टिम म्यानेजरमा राज महर्जन नियुक्त भएका छन्। सहायक प्रशिक्षक आले र टिम म्यानेजर महर्जनलाई पनि नियुक्तिपत्र हस्तान्तरण गरिएको छ।

सांग्रिला र लेकसाइडले अंक बाँडे

कास्की/ कास्की जिल्ला क्लबस्तरीय एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिता बिहीबारदेखि पोखरामा सुरु भएको छ। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा भएको प्रतियोगिताको उद्घाटन खेलमा सांग्रिला क्रिकेट क्लब र लेकसाइडले अंक बाँडेका छन्। वर्षाका कारण खेल प्रभावित भएपछि दुई टोलीले अंक बाँडेका हुन्। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा प्रतियोगिता १२ कात्तिकसम्म चल्नेछ। कास्कीका नौवटा क्लबले सहभागिता जनाएको संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए। सहभागी क्लबलाई तीन समूहमा विभाजन गरिएको छ।

बिपी कोइराला मेमोरियल कप हुने

भैरहवा/ बिपी कोइराला मेमोरियल कप टी-२० क्रिकेट प्रतियोगिता शनिबारदेखि भैरहवामा हुने भएको छ। दक्षिण एसियाली भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र आयोजक नेपालसहित पाँच राष्ट्रका प्रथम श्रेणीका खेलाडीले प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन्। नेक्सस क्रिकेट एकेडेमीको आयोजनामा हुने टी-२० क्रिकेटले नेपालको क्रिकेट विकासमा सहयोग पुऱ्याउने एकेडेमीका अध्यक्ष भरतकुमार शाहीले बताए। उनका अनुसार टी-२० प्रतियागिता ३ देखि १० कात्तिकसम्म हुनेछ। चार टेस्ट राष्ट्रबाट अन्तर्राष्ट्रिय क्रिकेटमा प्रतिस्पर्धा गरिरहेका खेलाडीले प्रतिस्पर्धा गर्ने अध्यक्ष शाहीले बताए। पाकिस्तानबाट राष्ट्रिय टोलीबाट खेलिसकेका इमरान नाजिर, बंगलादेशबाट आलोक कपाली र मुनिम साहरियर र भारतबाट आइपिएल खेलेका खेलाडी दीपक पुनियाले भाग लिनेछन्।

प्रतियोगितामा बंगलादेशबाट गुलाज वरियर्स, टाइगर्स इन्टरनेसनल स्पोर्टस् पाकिस्तान, नेक्सस रुपन्देही ११, लाइफ केयर क्रिकेट क्लब भारत, श्रीलंका स्टेट सर्भिसेज क्रिकेट एसोसिएसनको टोली सहभागी हुनेछन्। विजेताले पाँच लाख र उपविजेताले तीन लाख पाउनेछन्। प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई ३५ हजार, उत्कृष्ट बलर र ब्याट्समयानलाई जनही २० हजार रुपैयाँ प्रदान गरिनेछ।

टेस्टमा भारतको तेस्रो कम योगफल



भारतलाई ४६ रनमा अलआउट गरेको न्युजिल्यान्डले लियो पहिलो इनिङ्समा १३४ रनको अग्रता

एजेन्सी

भारतले टेस्ट फर्म्याटमा तेस्रो कम योगफल खडा गरेको छ। न्युजिल्यान्डविरुद्धको पहिलो टेस्टको दोस्रो दिन बिहीबार भारत पहिलो इनिङ्समा ४६ रनमा समेटिएको हो। प्रत्युत्तरमा न्युजिल्यान्डले दिनको खेल समाप्तिसम्म पहिलो इनिङ्समा १३४ रनको अग्रता लिएको छ। न्युजिल्यान्डले तीन विकेटको क्षतिमा १८० रन बनाएको छ।

न्युजिल्यान्डका लागि डेभोन कोन्भेले सर्वाधिक ९१ रनको योगदान दिए। उनले १०५ बलमा ११ चौका र तीन छक्का प्रहार गरे। ओपनर टोम लाथम १५ तथा विल योडले ३३ रन जोडे। क्रिजमा रचिन रविन्द्रा २२ तथा डायल मिचेल १४ रनमा नटआउट रहेका छन्। भारतका लागि कुलदीप यादव, रविचन्द्रन आश्विन र रवीन्द्र जडेजाले समान एक विकेट लिए। टेस्ट खेलमा भारतको कम योगफल अस्ट्रेलियाविरुद्ध हो। सन् २०२० मा एडिलेड मैदानमा भारतले पहिलो इनिङ्समा ३६ रन मात्र बनाएको थियो। यसअघि सन् १९७४ मा लड्स मैदानमा भारतले इंग्ल्यान्डसँगको प्रतिस्पर्धामा ४२ रन जोडेको थियो।

पाँच खेलाडी शून्यमा आउट

न्युजिल्यान्डविरुद्ध फितलो ब्याटिङ प्रदर्शन गरेको भारतका पाँच खेलाडीले रन नै बनाउन सकेनन्। अनुभवी ब्याट्समयान विराट कोहलीले नौ बल सामना गरेका थिए। उनी हेनरीको ओभरमा शून्यमा क्याच आउट भए। सफराज खान, लोकेश राहुल, रवीन्द्र जडेजा र रविचन्द्रन आश्विनले रनको खाता नै खोल्न सकेनन्। आश्विन आउट हुँदा भारत २३.६ ओभरमा ३४-७ को दयनीय अवस्थामा थियो।

टेस्ट खेलमा भारतले एक इनिङ्समा पाँच खेलाडी शून्यमा गुमाएको यो छैटौँ अवसर हो। सन् १९४८ मा अस्ट्रेलियाविरुद्धको तेस्रो इनिङ्समा भारतका पहिलोपटक पाँच खेलाडीले रन नै बनाउन सकेनन्। सन् २०१४ मा इंग्ल्यान्डविरुद्ध पहिलो इनिङ्समा भारतका ६ खेलाडी डक आउट भएका थिए।

घरमै कमजोर भारत

घरेलु मैदानमा भारत पहिलोपटक कम योगफलमा अलआउट भएको छ। न्युजिल्यान्डविरुद्धको पहिलो टेस्टमा बनाएको योगफल अहिलेसम्मकै कम हो। सन् १९८७ मा भारत वेस्ट इन्डिजसँग पहिलो इनिङ्समा ७५ रनमा समेटिएको थियो। न्युजिल्यान्डविरुद्धको खेलमा भारतका लागि विकेटकिपर ब्याट्समयान ऋषभ पन्तले सर्वाधिक २० रन जोडे। उनले ४९ बलमा दुई चौका प्रहार गरे थिए। यशस्वी जैसवालले ६३ बलमा १३ रन बनाए। भारतले चार अतिरिक्त रन पाएको थियो। कप्तान रोहित शर्माले १६ बलमा दुई रन मात्र बनाए।

भारतको टेस्टमा कम योगफल

सन्	विरुद्ध	योगफल	मैदान
२०२०	अस्ट्रेलिया	३६	एडिलेड
१९७४	इंग्ल्यान्ड	४२	लर्डस्
२०२४	न्युजिल्यान्ड	४६	बेंग्लोर
१९४७	अस्ट्रेलिया	५८	ब्रिसबन
१९५२	इंग्ल्यान्ड	५८	म्यानचेस्टर

घरेलु मैदानमा कम योगफल

सन्	विरुद्ध	योगफल	स्थान
२०२४	न्युजिल्यान्ड	४६	बेंग्लोर
१९८७	वेस्ट इन्डिज	७५	नयाँदिल्ली
२००८	द. अफ्रिका	७६	अहमदाबाद
१९७७	इंग्ल्यान्ड	८३	चेन्नई
१९९९	न्युजिल्यान्ड	८३	मोहाली
१९६९	न्युजिल्यान्ड	८९	हैदराबाद

तीनवटै फर्म्याटमा भारतका डकआउट खेलाडी

खेलाडी	संख्या
जाहिर खान	४३
इशान्त शर्मा	४०
विराट कोहली	३८
हरभजन सिंह	३७
अनिल कुम्बले	३५
सचिन तेन्दुलकर	३४
रोहित शर्मा	३३

हेन्रीको पाँच विकेट

भारतलाई पहिलो इनिङ्समा सस्तैमा पेभेलियन पठाउन म्याट हेन्रीले घातक बलिङ गरे। उनले १५ रन खर्चेर पाँच विकेट हात पारे। यस क्रममा उनले १३.२ ओभरमा तीन मेडन गरे। उनी न्युजिल्यान्डका लागि केवल २६ टेस्टमा करिअरकै सय विकेटसमेत पूरा गर्न सफल भए। न्युजिल्यान्डकै रिचर्ड हेडलीले २५ टेस्टमा सय विकेट लिएका थिए। उनी पहिलो स्थानमा छन्। पहिलो इनिङ्समा विलियम ओ रोर्केले १२ ओभरमा २२ रन खर्चेर चार विकेट लिएका थिए।

नेपाली टोलीका मेन्टर बने दासानायके

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी विश्वकप लिग २ का लागि पूर्वमुख्य प्रशिक्षक पुबुदु दासानायकेलाई नेपाली राष्ट्रिय क्रिकेट टोलीका मेन्टरको जिम्मेवारी सुम्पिएको छ। क्यानले नेपाल, स्कटल्यान्ड र अमेरिकाबिचको लिग खेलका लागि दासानायकेलाई मेन्टरको भूमिका दिइएको जनाएको छ। २५ अक्टोबरदेखि ४ नोभेम्बरसम्म अमेरिकामा लिग २ का खेल हुनेछन्।

दासानायकेले नेपाली टोली दुईपटक मुख्य प्रशिक्षकका रूपमा हेरेका थिए। सन् २०११ देखि ०१५ सम्म उनले पहिलोपटक नेपाली टोली हेरेका थिए। उनकै प्रशिक्षणमा नेपालले पहिलोपटक सन् २०१४ मा आइसिसी टी-२० विश्वकपमा स्थान बनाएको थियो। नेपाललाई उनले आइसिसी विश्वकप लिग ४ देखि १ सम्मको यात्रा गराए। सन् २०२१/२२ सम्मको दोस्रोपटक मुख्य प्रशिक्षक बन्दा उनले नेपाललाई खासै सफलता दिलाउन सकेनन्। अहिले उनी क्यानडाका मुख्य प्रशिक्षकका रूपमा छन्।

दक्षिण अफ्रिका विश्वकपको फाइनलमा



एजेन्सी/ दक्षिण अफ्रिका आइसिसी महिला टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको पहिलो सेमिफाइनलमा दक्षिण अफ्रिकाले बिहीबार अस्ट्रेलियालाई आठ विकेटले हरायो। पहिलो ब्याटिङ गरेको अस्ट्रेलियाले २० ओभरमा ५ विकेट गुमाएर १३४ रन बनाएको थियो। दक्षिण अफ्रिकाले १७.२ ओभरमा दुई विकेट गुमाएर १३५ रन बनाउँदै फाइनलको स्थान सुरक्षित गरेको हो।

खर्चिलो क्लब म्यानचेस्टरको निराशाजनक नतिजा



एजेन्सी

इंग्लिस प्रिमियरसिप क्लब म्यानचेस्टर युनाइटेडले सन् २०२४/२५ सिजनका लागि खेलाडी अनुबन्धमा अहिलेसम्म १७२ मिलियन पाउन्ड खर्चेको छ। युनाइटेडले लेनी योरो, सोसुआ, म्याथिज डे, नाउसेर माजओयी तथा मानुएल उगार्टेजस्ता प्रभावशाली खेलाडी अनुबन्ध गरेको छ। प्रशिक्षक एरिक टेन हागले यी पाँच युवा खेलाडीको सहयोगमा इंग्लिस प्रिमियर लिगमा राम्रो नतिजा निकाल्ने योजना बनाएका थिए। तर, प्रशिक्षक एरिक र क्लबको व्यवस्थापकले खेलाडीमाथि खर्चेको रकमअनुसार नतिजा निराशाजनक पाएका छन्।

मुख्य खेलाडी फर्ममा नहुनु तथा इन्जुरीका कारण नै युनाइटेडले लिगमा केवल दुई जित मात्र निकालेको छ। लिगमा युनाइटेड ८ अंकका १४औँ स्थानमा छ। प्रशिक्षक एरिकले सुरुवाती चरणमै तीन हारको सामना गरेका छन्। यस नतिजासँगै युनाइटेडको शीर्ष चारभित्र रहने योजना कमजोर बनेको विश्लेषकहरूले दाबी गरेका छन्।

खेलाडी अनुबन्धमा १७२ मिलियन पाउन्ड खर्चेको म्यानचेस्टर युनाइटेडको लिगमा दुई जित मात्र

रमाइलो पक्ष के छ भने युनाइटेडमा अमेरिकी लगानीकर्ताले सन् २०२८ सम्म क्लबलाई सर्वाधिक बलियो बनाउने लक्ष्य राखेका छन्। चार वर्षपछि युनाइटेड क्लबको स्थापना १५० वर्ष पुग्नेछ। 'हामीहरूको प्रोजेक्ट १५० हो, त्यसवेला हामी च्याम्पियन बन्नेछौँ,' प्रशिक्षक एरिकले भने, 'अहिले दीर्घकालीन योजनाअनुरूप नतिजा निकाल्न सकिरहेका छैनौँ।'

यस सिजनमा भित्रिएका पाँच युवा खेलाडी युनाइटेडका मुख्य आधार हुन्। दुर्भाग्यवश यी खेलाडी फर्ममा छैनन्। अझ उनीहरू अक्सर इन्जुरी भइरहँदा क्लबले ठुलो नोक्सानी बेहोर्नुपरेको छ। 'हामीले १७२ मिलियन पाउन्ड पाँच खेलाडीमाथि खर्चियौँ, अहिलेको ठूलो समस्या नै खेलाडीको इन्जुरी हो,' एरिकले भने, 'खेलाडी पनि फर्ममा छैनन्।'

फर्ममा छैनन् खेलाडी

युवा खेलाडी योरो चोटकै कारण तीन महिना मैदानबाहिर रहने पक्का भएको छ। जिक्रेजले प्रशिक्षणमा पूरा समय दिएका छैनन्। युनाइटेडले यस सिजनमा डे लिग्ट र माजओयीलाई जर्मन क्लब बायर्न म्युनिखबाट भित्र्याएको हो। फर्ममा नरहँदा डे लिग्ट एस्टोन भिल्लाविरुद्धको खेलमा बेन्चमै थिए। माजओयी लगातार इन्जुरी भइरहेका छन्। अर्को साता उनको शल्यक्रिया हुने जनाइएको छ। एस्टोन भिल्लालाई गोलरहित बराबरीमा रोक्नु नै युनाइटेडको बहादुरी प्रदर्शन मानिएको थियो। यस खेलमा पराजित हुँदा प्रशिक्षक एरिकको पदसमेत संकटमा हुन सक्थ्यो। भिल्लाबाट १ अंक खोसेपछि उनको पद केही समयका लागि थपिएको छ। खेलाडी बारम्बार इन्जुरी हुने तथा नतिजा निकाल्न नसक्दा युनाइटेडले अक्टोबरसम्म ३३.१ मिलियन पाउन्ड पारिश्रमिक वितरणमै घाटा बेहोरेको छ। खर्चिलो क्लब बनेको युनाइटेडले टोटनह्याम र लिभरपुलविरुद्ध पनि खराब नतिजा निकाल्यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com